## युगोस्लाभियामा नाटोको आक्रमणको अन्तरकथा !



# मूल्याङ्कन


विचार अन्तर्क्रियामुखी मासिक

पूर्णाङ्क ६६
बैशाख, २०५६

मूल्य रु. २०/-
भारतमा भा.रु. १४/-





### मुख्य मुख्य सवालहरुमा
## कुन पार्टीको घोषणा-पत्र के भन्छ?




**किन भइरहेछ अहिले अमेरिका र युरोपबीच केरा-युद्ध ?**

### क. मनमोहनको दुःखद निधन !

भारतको माओवादी समूह PWG ले एक युवतीलाई मारेकोमा आत्मालोचना गर्‍यो !

**क. निर्मल लामाको बाल्यकालको संस्मरण !**


'मूल्याङ्कन'का प्रश्नहरुमा क. प्रचण्डको जवाफ किन अधूरो ?



# क. मनमोहन

## नेपाली जनता किन उहाँप्रति यति ज्यादा संवेदनशील छ ?

# DUCKHAMS




अन्तरराष्ट्रिय
ISO-9002 को
उच्च गुणस्तरको
लुब्रिकेटिङ्ग आयल







**PRODUCTS OF ALEXANDER DUCKHAMS & CO. ENGLAND**

प्रत्येक इन्जिनीयर, आर्किटेक्ट, कुशल ठेकेदारलाई थाहा हुन्छ, डण्डीको यील्ड स्ट्रेन्थ, डिजाइनको त्यो आधार हो, जसबाट निर्माण किफायती र बलियो बन्छ।
हिमाल स्टील टोरस्टील त्यस्तो शक्तिशाली फलामे डण्डी हो, जुन अन्तराष्ट्रिय प्रविधिबाट अन्तराष्ट्रिय गुणस्तरमा नेपालमै तयार पारिएको छ। यस्को शक्ति सम्पन्न ४२.५ किलो/वर्ग मि.मि. यील्ड स्ट्रेन्थको हामी ग्यारेन्टी दिन्छौं र यसको बढी बण्ड स्ट्रेन्थले तपाईंको निमार्णमा बचत गराउँछ।
तपाईंको सृजनशीलता र हाम्रो हिमाल स्टील
अभिन्न साथी एक अर्काको।

हिमाल स्टील
टोरस्टील
हिमालले सुरक्षित घर बनाउँछ।

# HI-YIELD STRENGTH



ज्योति

हिमाल आयरन एण्ड स्टील (प्रा.) लि.
ज्योति भवन, कान्तिपथ, पो. ब. १३३, काठमाडौं
फोन: २२५२३०, २२५४९०, फ्याक्स: २२६३१४

# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष १७, पूर्णाङ्क ६६
वैशाख / २०५६



**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ

**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र सङ्ग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ
**कार्यकारी सम्पादक**
हरिगोविन्द लुईंटेल
**सह-सम्पादक**
राजेन्द्र महर्जन
**सहायक-सम्पादक**
तुल्सीदास महर्जन
विष्णुदेवी श्रेष्ठ
**सम्पादन सहयोगी**
चन्द्र खार्की

**प्रमुख व्यवस्थापक**
श्याम खड्का
**लेखा व्यवस्थापक**
वीरप्रसाद भुसाल
**विज्ञापन व्यवस्थापक**
गुण श्रेष्ठ
**बजार व्यवस्थापक**
दुर्गा खड्का



अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
का लागि सुवास श्रेष्ठद्वारा
प्रकाशित

**कार्यालय**
"मूल्याकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
ख-२/१९१, पुतलीसडक, काठमाडौं-३२
फोन: ४२२७६९, फ्याक्स: ४२३५४९,
पो. ब. नं. ७०५०, काठमाडौं


क. मनमोहन अधिकारीको
दु:खद निधन !

## नेपाली जनता किन उहाँप्रति यति ज्यादा संवेदनशील छ ?

◆ क. मनमोहन अधिकारीको जिन्दगीका पानाहरू
◆ गोठाटारदेखि शिक्षण अस्पतालसम्म
◆ क. मोहन विक्रम, निर्मल लामा, माधव नेपाल र माणिकलाल श्रेष्ठका आँखामा क. मनमोहन
◆ क. मनोमोहनका केही मननयोग्य उक्तिहरू



# क. मनमोहन अधिकारी

मुख्य मुख्य सवालहरूमा

## कुन पार्टीको घोषणापत्र के भन्छ ?




◆ मुख्य मुख्य पार्टीका घोषणापत्र खोतलेर हेर्दा
◆ कुन पार्टीको घोषणापत्र सबैभन्दा ज्यादा तयारीपूर्ण र दृष्टिसम्पन्न छ ? कसको घोषणापत्र कति हावादारी र चुनावी छ?
◆ के कस्ता प्रवृत्ति देखापर्दैछन् संसदीय प्रजातन्त्रमा र चुनावमा ?

## किन भइरहेछ अहिले अमेरिका र यूरोपबीच केरा युद्ध ?

❑ टूट-फूट बीच नक्सलवादी आन्दोलन

◆ जासूसको आशंकामा क्रान्तिकारी बन्न चाहने एउटी युवतीको ज्यान लिए !

● दलित, मन्दिर प्रवेश र सांस्कृतिक क्रान्ति

## किन नाटोले युगोस्लाभियामा भीषण बम बर्षा गर्दैछ ?

कोसोभो युद्धको अन्तर्कथा


**हाम्रो मूल्यांकन**
के कस्ता प्रवृत्ति देखापर्दैछन् संसदीय प्रजातन्त्रमा र चुनावमा ? ४
**घटना र प्रवृत्ति**
मुख्य मुख्य सवालहरुमा कुन पार्टीको घोषणापत्र के भन्छ ? ११
कोसोभो युद्धको अन्तर्कथा ३८
समाजवादी आन्दोलन, नेपाल : किन र कसरी ? ३४
**आवरण कथा**
क. मनमोहन अधिकारीको दु:खद निधन ! ४
**अचेल**
२०४६ मा कीर्तिपुरमा गोली लागेका घाइतेको वर्तमान कसरी बितीरहेछ ? २२
**विश्व कम्युनिष्ट आन्दोलन**
जासूसको आशंकामा क्रान्तिकारी बन्न चाहने एउटी युवतीको ज्यान लिए ! २८
**जीवनको झाँकी**
क. नागभूषणको जीवनी
टूट-फूट बीच नक्सलवादी आन्दोलन २६
**आँखीझ्याल**
किन भइरहेछ अहिले अमेरिका र यूरोपबीचकेरा युद्ध ?
-केशव आचार्य १७
**उत्पीडित चौतारी**
दलित, मन्दिर प्रवेश र सांस्कृतिक क्रान्ति
- खगेन्द्र सङ्ग्रौला १९
**आत्मकथा**
हामीले काँका चोर्ने प्रोग्राम बनायौं
- क. निर्मल लामाको आत्मकथा २४
**विज्ञान / प्रविधि**
पृथ्वीमा जीवनको उत्पत्ति करीब डेढ अरब वर्ष पहिले भयो !
-तुल्सीदास महर्जन ३६
**दर्शन परिचय**
प्राचीनतम पूर्वेली भौतिकवादी दर्शन: चार्वाक दर्शन ३३
**व्यंग्य**
इटुम्वहालको आर्तनाद
-विमल निभा ३२
**पाठकको कुरो** ४६


आवरणमा : स्व. कमरेड मनमोहन अधिकारी । **फोटो** : उषा तिवारी आवरण सज्जा: सुन्दर बस्नेत, वागबजार फोन: २५२६४५
कलाकारहरु: लक्ष्मण भूजेल, जि.डि. सारु, यति आर्ट, पुतलीसडक । फोन: २४७१८२, मुद्रण: इन्द्रेणी अफसेट प्रेस, वागवजार

आवरण कथा

# नेपाली जनता किन उहाँप्रति यति ज्यादा संवेदनशील छ ?




# क. मनमोहन अधिकारी

पार्टी र परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दछ ।

उहाँको यस दुःखद निधनको सन्दर्भमा यस पटक हामीले उहाँको जीवनी र योगदानको परिचयात्मक र समीक्षात्मक सामग्रीहरू प्रस्तुत गरेका छौं । - मूल्यांकन

## क. मनमोहनका योगदानहरू

स्व. कमरेड मनमोहन अधिकारी नेपालको वैज्ञानिक समाजवादी आन्दोलनको पहिलो पुस्ताका अग्रणीहरूमध्ये एकको नाम हो । नेपालको पहिलो संगठित मजदूर आन्दोलनको थालनी र क.मनमोहनको देशभित्रको राजनीतिक जीवनको थालनी जुम्ल्याहा दाजुभाइ जस्तै हुन् । त्यसको प्रारम्भ फागुन १५, २००३ सालमा एकै पटक भएको थियो, विराटनगरमा, त्यहाँको विराटनगर जूट मिल्सको हडतालबाट । भारतमा वैज्ञानिक समाजवादी विचारधाराबाट आफू प्रभावित भइसकेपछि राणाकालीन सामन्ती एकतन्त्रविरूद्ध देशभित्रै गएर केही गरौं भन्ने भावनाले उहाँले विराटनगर आएर मजदूरहरूबीच संगठन शुरू गर्नु भएको थियो । र, त्यही क्रममा त्यहाँ नेपालको पहिलो संगठित मजदूर हडताल हुन पुगेको थियो । क. मनमोहन त्यसका अग्रणीहरूमध्ये एक हुनुहुन्थ्यो । यही सिलसिलामा उहाँ जेल समेत पर्नु भएको थियो ।

हामीले उहाँको जीवन नियाल्दा देख्छौं - उहाँ २००६ सालतिर पनि राणाहरूको सामन्ती एकतन्त्रविरूद्ध लड्दै हुनुहुन्थ्यो, २०४६ सालमा पनि राजाको सामन्ती एकतन्त्रविरूद्ध उहाँ संघर्षको केन्द्रिय मैदानमा नै हुनुहुन्थ्यो, र २०५६ सालमा पनि उहाँ अझै नेपालमा सामन्तवाद उन्मूलन गर्न नसकिएकोमा चिन्तातुर हुनुहुन्थ्यो ।

**सामन्तवादका विरूद्ध निरन्तर संघर्षरत एक योद्धा क. मनमोहन अधिकारी**



काठमाडौं खुलामञ्चमा राखिएको क मनमोहनको शव



युवा अवस्थामा मनमोहन अधिकारी





क. मनमोहन र श्रीमती साधना (बीचको फोटो)

क. मनमोहनको ← परिवार *मनमोहन साधना काखमा नातिनी सुप्रिया, पछाडि छोरी प्रीति केसी, नातिनी श्रृष्टि, ज्वाई खगेन्द्र केसी, छोरा प्रकाश अधिकारी, बुहारी शान्ति अधिकारी र नातिनी प्रज्ञा*

क. मनमोहनको मुख्य योगदान र महानता यसैमा छ कि उहाँ लगातार आधा शताब्दीभन्दा पनि ज्यादा समयसम्म नेपालको सामन्तवादविरोधी संघर्षमा डटिरहनु भयो, जुटिरहनु भयो ।

उहाँ यसको एक चौथाई समय त जेलमै कैद रहनु भयो ।

यसरी नेपालको सामन्तवादविरोधी आन्दोलनको एक जना अथक र अविस्मरणीय योद्धा हुनुहुन्थ्यो - क. मनमोहन अधिकारी ।

क. मनमोहनको संघर्ष र योगदानको घेरो खालि नेपाल राष्ट्रको सीमाभित्र मात्र सीमित छैन । उहाँले आफ्नो राजनीतिक जीवनको प्रारम्भ भारतीय स्वतन्त्रता संग्रामबाट गर्नु भएको थियो । बनारसमा बी.एस्.सी. पढ्दै गर्दा सन् १९४२ मा उहाँ "भारत छोडो आन्दोलन" मा हाम्फाल्नु भयो र त्यही दौरानमा जेल पर्नु भयो । डेढवर्ष लामो जेल बसाइको क्रममा नै त्यहीं कैदीका रूपमा रहेका भारतीय कम्युनिष्टहरूको संसर्ग र सैद्धान्तिक दीक्षाबाट युवा आन्दोलनाकारी मनमोहन बैज्ञानिक समाजवादबाट प्रभावित क्रान्तिकारी योद्धामा रूपान्तरित हुनुभयो । जेलभित्रै उहाँ भारतीय कम्युनिष्ट पार्टीमा संगठित हुनुभयो । जेलबाट मुक्त भएपछि उहाँ पढाइ-सढाइ छोडेर पूरै भारतीय मजदूर आन्दोलनमा समर्पित हुनुभयो । त्यहीँ कै उत्प्रेरणाबाट उहाँ बिराटनगरको मजदूर आन्दोलनमा हातहाल्न आइपुग्नु भएको थियो ।

जतिखेर २००६ सालमा नेपालमा ने.क.पा. को गठन भयो, संभवतः त्यतिखेर उहाँ मजदूर आन्दोलनको सिलसिलामा जेलमा हुनुहुन्थ्यो । जेलबाट छुटेपछि, पार्टी गठनको थोरै समयपछि, संस्थापक क. नारायणविलासको र क. पुष्पलालको संपर्कबाट उहाँ नेपाली कम्युनिष्ट आन्दोलनमा भित्रिनुभयो । त्यसपछि जीवनपर्यन्त उहाँ यही आन्दोलनमा रहिरहनु भयो ।

त्यसैले, क. मनमोहन अधिकारी ५० वर्ष लामो अवधिसम्म नेपाली कम्युनिष्ट आन्दोलनको संपूर्ण उकाली-ओरालीहरू आफैंले भोग्ने, व्यहोर्ने निकै थोरै मान्छेमध्ये एक जना जीवन्त साक्षी हुनुहुन्थ्यो ।

उहाँको पार्टी प्रवेशपछिको पदीय विकास निकै तीव्र र अचम्मलाग्दो छ । उहाँले पार्टीमा प्रवेश गर्दा पार्टीका महामन्त्री क. पुष्पलाल हुनुहुन्थ्यो । उहाँ छिट्टै पोलिटब्यूरो सदस्य हुनुभयो , अखिल नेपाल ट्रेड युनियन कांग्रेस अर्थात् तात्कालीन मजदूर संगठनको "ज्वाइन्ट सेक्रेटरी" पनि । दुई वर्षपछि, २००८ सालमा पुग्दा त उहाँ पार्टीको महामन्त्री नै हुनुभयो ।

क. पुष्पलाल पार्टीको संस्थापक पनि हुनुहुन्थ्यो, राजनीतिक उमेरका हिसावले उहाँभन्दा सिनियर पनि, सैद्धान्तिक ज्ञान र सांगठनिक क्षमताका हिसाबले उहाँभन्दा सक्षम पनि । यति हुँदाहुँदै र उहाँ हुँदाहुँदै क. मनमोहन त्यति सजिलै , त्यति छिटै महामन्त्री हुनुभएको प्रसंग उल्लेखनीय प्रसंग नै हो ।

तथापि, क. मनमोहनको महामन्त्रीत्व काल (२००८ सालदेखि २०१३ सालसम्म) मा पार्टीले संघर्ष र संगठन दुबै क्षेत्रमा काफी विकास गरेको देखिन्छ । सिराहा, रौतहट, काठमाण्डौं उपत्यका, डडेलधुरा लगायत देशका विभिन्न भागमा सामन्तवादविरोधी किसान आन्दोलन निकै बिकसित भएको देखिन्छ । "जातीय जनतान्त्रिक संयुक्त मोर्चा" को नाममा प्रजा परिषदसित मिलेर राजा-कांग्रेसको षडयन्त्र र तानाशाहीविरूद्ध संयुक्त संघर्ष निकै राम्ररी विकसित भएको देखिन्छ । पार्टी बैचारिक हिसावले पनि नयाँ जनवादी क्रान्तिको बाटोमा, संविधान सभा र जनवादी गणतन्त्रको लागि संघर्षरत देखिन्छ र मूलतः पार्टी क्रान्तिकारी बाटोमै अग्रसर देखिन्छ ।

क. मनमोहनको राजनीतिक जीवनमा प्रश्न उठ्ने काम उहाँले उहाँको कार्यकालको अन्ततिर मात्र गर्नु भएको देखिन्छ । पार्टीमाथि २००८ सालदेखि लागिरहेको प्रतिबन्ध हटाउनका लागि उहाँले बैशाख ४,

२०१३ सालमा "शान्तिपूर्ण आन्दोलन र बैधानिक राजतन्त्रको बाटोबाटै नेपालमा समाजबाद आउन संभव छ" भनेर तात्कालीन टङ्कप्रसाद आचार्यको सरकारसित पार्टीको लिखित संभौता गर्न लगाउनु भयो । यो संभौताले उहाँको 'संभौताको बेला चिप्लने, र निर्णायक ठाउँमा अडान नलिने प्रवृत्ति' को संकेत दिन्छ ।

### राजनैतिक अक्रियाशीलता

नेपाली कम्युनिष्ट आन्दोलन त्यतिखेरदेखि भने ओरालो लागेको, भनपछिभन् दक्षिणपन्थी बाटोतिर भास्सिएको देखिन्छ ,जब क. मनमोहन २०१३ सालको असोजतिर चीनियाँ कम्युनिष्ट पार्टीको निमन्त्रणामा पार्टीको आठौं महाधिवेशनमा भाग लिन पेकिङ्ग जानु भयो र विमारीको उपचार गर्न भनेर २-३ वर्ष उतै बस्नु भयो र यता , पार्टीको महामन्त्रीत्व केशरजंग रायमाभीको हातमा पऱ्यो ।

विशेषतः दोश्रो पार्टी महाधिवेशन, (२०१४ साल) देखि पार्टी राजापरस्त हुन थाल्यो , सांगठनिक, सैद्धान्तिक सबै हिसाबले बिखराव र दक्षिणपन्थी विचलनतिर लाग्नथाल्यो ।

चीनबाट २०१६ सालमा फर्केपछि क. मनमोहनको पार्टीमा भूमिका निकै कम देखिन्छ । दरभंगा प्लेनम, भदौ २०१८ को समयमा उहाँ जेल परिसक्नुभएको देखिन्छ । जेलबाट दुई महीनामा छुटेपछि उहाँ फेरि सोभियत संघ जानु भएको देखिन्छ ।


त्यसपछि हामी उहाँलाई विशेषतः तेस्रो महाधिवेशन (बैशाख २०१९) मा देख्छौं र तेश्रो महाधिवेशनबाट केन्द्रमा निर्वाचित भएपछि उहाँ पुनः लामो समय जेल पर्नु भएको देख्छौं ।

यसैबीच , २०२३ सालसम्म पुग्दा दमन, दक्षिणपन्थी सोच, आन्तरिक भगडा र षडयन्त्रले गर्दा पार्टी छ्यान्नब्यान्न र सारै कमजोर भएको हामी पाउँछौं ।

२०२५ सालमा जेलबाट छुटेपछि क. मनमोहनले पूर्व कोशी प्रान्तीय कमिटीमा रहेर काम गर्नु भएको देखिन्छ । त्यस कमिटीमा अधिकांश क्रियाशील युवाहरू नक्सलवादी आन्दोलनको प्रभावमा परेर भापा विद्रोहतिर लागेपछि उहाँ त्यहाँ कार्यकर्ताविहीन र अकर्मण्य स्थितिमा पुग्नुभएको देखिन्छ ।

२०२८ सालमा, जेलबाट अरू थुप्रै पहिलेका सहकर्मीहरू छुटेपछि, उहाँ केन्द्रिय न्युक्लियस निर्माणमा लाग्नु भयो - क. शंभुराम, मोहनबिक्रम, र निर्मल लामासित मिलेर । त्यही सिलसिलामा पार्टीलाई पुनर्सगठित गरेर काम गरिरहनु भएका क.





क. मनमोहन सन् १९५८ मा चीन भ्रमणमा (माथि) । सोही भ्रमणताका विदेशीहरूका साथ (तल) क. पुष्पलाल (बायाँबाट दोस्रो) केशरजंग रायमाभी (चौथो), क. मनमोहन (सातौं) ।

## क. मनोमोहनका केही मननयोग्य उक्तिहरु :

"नेपाली कांग्रेस भनेको सडिसकेको, गन्हाएको, सबैतिर अपमानित भइसकेको पार्टी हो । हामीले सत्ताको भागबण्डा खाज्ने त प्रश्न नै उठ्दैन । यदि हामीलाई जनताले निवार्चनमा बहुमत दिएर सत्तामा पुऱ्याएको खण्डमा हामी सत्तामा जान्छौं ।" 'नयाँ पुस्ता'सित अन्तर्वार्ता, श्रावण २०५० ।

"हाम्रो देशमा पुँजीको अभाव छ : राणाको समयमा पनि अरबौं रुपैयाँ विदेशियो । राणाको समयमा लण्डन बैंकमा जम्मा हुन्थ्यो, २०१७ सालपछि स्वीस बैंकमा जम्मा भएको छ । त्यो पूँजी फिर्ता गरिनुपर्छ ।"
'दृष्टि साप्ताहिकसितको अन्तर्वार्ता, साउन ८, २०४८

"१९५० सालको सन्धि संवन्धमा... बदलिएको परिवेशलाई ख्याल गरेर यो सन्धिलाई पुनर्लेखन, पुनरावलोकन गरिनुपर्छ । यो सन्धि भएको बखतकै जस्तो परिस्थिति न त भारतमा छ, न त नेपालमा ।... सुरक्षा अवधारणसंवन्धी र संपत्तिको अधिकारसंवन्धी धाराहरु हाम्रा लागि अनुकूल छैनन् ।
'छलफल साप्ताहिकसितको अन्तर्वार्ता चैत्र २६, २०५१

"मेरो भनाइ छ, आन्दोलनकारी शक्तिहरु एक हुनुपर्छ र प्रतिक्रियावादीहरुको नामोनिशान मेटाउनु पर्छ । कांग्रेसलाई राजासित विश्वास छ । तर मलाई त अभै शंका छ । दरवारको नियत ठीक छैन ।... दरवारले कांग्रेसलाई २०१७ सालमा जसरी धोका दियो, दुई तिहाई मत पाएको सरकार र संसदलाई जसरी रातारात पल्टायो, फेरि त्यसो गर्न बेर छैन् ।"...
'विमर्श साप्ताहिकसितको अन्तर्वार्ता ०४८ आम चुनाव अघि

"एमालेमा सुविधाभोगी प्रबृति बढेको छ ।"
'कान्तिपुर दैनिकसितको अन्तर्वार्ता ४ फागुन, २०५२

तलका साथीहरुको भनाइलाई हामीले स्वस्थ किसिमले लिनुपर्छ । उनीहरु त पिटाई खाइरहेका छन् । थुनामा परिरहेका छन् । भूठा मुद्दा लागेको छ, बालबच्चा बर्बाद भइसकेका छन् । त्यो तस्वीर हामीले हेरीदिनु पर्दैन ?

कुर्सी भनेको बडा खतरनाक कुरा हो ।... हाम्रो पार्टीभित्र संसदमा आएकाहरु , मन्त्री भएकाहरु संम्पन्न जस्ता देखिएका छन् । तर स्थानीय तहमा रहेर मार खाएका, बर्बाद भएकाहरुको स्थिति चिन्ताजनक हुनु स्वभाविक छ, नेतृत्वले यस स्थितिलाई अन्यथा लिनु हुँदैन ।"

"संविधानमा प्रतिवद्धता व्यक्त गरिसकेपछि हामीले दोहोरो कुरा गर्नु हुँदैन, दुई जिब्रे कुरा गर्नु हुँदैन । हाम्रो लागि गणतन्त्र अब समस्या रहेन । त्यसलाई औपचारिक ढंगले आगामी महाधिवेशनबाट हटाइनु पर्छ ।"

पुष्पलाललाई पनि पार्टी एकता प्रक्रियामा ल्याउन उहाँ लाग्नुभयो । तर यसमा विफल भएपछि र केन्द्रिय न्युक्लियसमा पनि वैचारिक एकता कायम हुन नसकेपछि, २०३१ साल भाद्रमा चौथो महाधिवेशन हुँदा उहाँ त्यहाँ पनि जानु भएन , फेरि अलग्गिएर रहनुभयो । उहाँकै अनुसार, उहाँको इच्छा त्यतिवेला क.पुष्पलालको पार्टीमा सामेल हुने थियो, तर के कारणले हो , त्यसो गर्न पनि संभव भएन ।

## पुनः सक्रियताको प्रारम्भ

त्यसपछि हामी उहाँलाई २०३६ सालको आन्दोलनमा बाहिर विषेश सक्रिय भएको देख्छौं , पंचायती एकतन्त्रको विरूद्धमा ।

उहाँले पार्टीको "एकता सम्मेलन" गरेर ने.क.पा. गठन गनु भएको पाइन्छ । २०३६ सालको विद्यार्थी आन्दोलनपछि जनमत संग्रहको घोषणा राजाबाट भएपछि उहाँले नेपाली कांग्रेसलाई 'पंचायतको विरूद्धमा कांग्रेस र कम्युनिष्ट मिलेर संघर्ष गरौं भनेर प्रस्तावित गर्नुभएको देखिन्छ । यो सोच कार्यनीतिक रूपले एकदमै सही देखिन्छ ।

त्यस्तै, जनमत संग्रहलाई निष्पक्ष गराउन "पाँचवटा पूर्वशर्त" का लागि संयुक्त - संघर्ष गर्न पनि उहाँले अरू वामशक्तिसित मिलेर पहल गर्नु भएको देखिन्छ । यो पनि सही कार्यनीति नै थियो । तर वि.पी.को नेतृत्वमा रहेको नेपाली कांग्रेसले यी प्रस्तावहरू स्वीकार गरेन । वामपन्थीहरू वीच त्यतिखेर विद्यमान सोचको अस्पष्टता र संकीर्णताले गर्दा यी दुवै सही कार्यनीतिक कदमहरू व्यवहारमा कार्यान्वयन हुन पाएनन् ।

तर यसबाट देखिएको एउटा तथ्य के हो भने, क. मनमोहनमा स्थितिलाई ठम्याउने र मूल शत्रुलाई कमजोर बनाउन, बाँकी सबैलाई गोलबन्द गर्ने कुरामा प्रशंसनीय बैचारिक स्पष्टता र लचिलोपन देखिन्थ्यो ।

क. मनमोहन अगाडि (मेचमा), केशरजंग रायमाझी, कमर शाह । उभिएकोमा बायाँबाट पहिलो हिक्मतसिंह भण्डारी, तेस्रो कमलराज. रेग्मी र पाँचौं पुष्पलाल श्रेष्ठ ।



२०४३ सालमा उहाँको पार्टी र क.पुष्पलालले निर्माण गर्नु भएको पार्टीबीच पार्टी एकीकरण भएपछि क.मनमोहनको हौसला र क्रियाशीलता बढ्न थालेको पाइन्छ ।

यसअघि २०४२ सालमा कांग्रेसको सत्याग्रह हुँदा पनि पाँच वामको मोर्चामा क. मनमोहनको पार्टी समेत सामेल भएर पंचायती एकतन्त्रविरूद्ध संयुक्त संघर्ष अगाडि बढाइएको थियो । त्यसपछि २०४६ सालमा संयुक्त वाममोर्चा निर्माण गरेर नेपाली कांग्रेससित एकताबद्ध हुँदै पंचायती एकतन्त्र ढाल्नका लागि संयुक्त जन-आन्दोलन सिर्जना गर्नमा पनि क. मनमोहनको र उहाँको पार्टीको महत्वपूर्ण भूमिका रहेको देखिन्छ । अन्ततः यही आन्दोलनले पंचायती एकतन्त्र ढालीछाड्यो ।

यी जम्मै घटनाले के इंगित गरेका छन् भने पंचायती व्यवस्था नामको सामन्ती एकतन्त्र खत्तम गर्नमा क. मनमोहनको महत्वपूर्ण भूमिका र योगदान छ । यससंबन्धी संघर्षका निर्णायक घडीहरूमा उहाँको राजनीतिक सुझबुझ र कार्यनीतिक सोच मूलतः र मोटामोटी रूपमा सही रहने गरेको थियो । २०४७ सालमा उहाँको पार्टी र ने.क.पा. (माले) वीच पार्टी - एकता भयो । त्यसपछि उहाँ हालसम्म त्यस पार्टीका अध्यक्ष हुनुहुन्थ्यो ।

## क. मनमोहन अधिकारीको जिन्दगीका पानाहरु

जन्मः वि.सं.१९७८ सालमा, लाजिम्पाट, काठमाण्डौमा पिता रामचन्द्र अधिकारी र आमा पूर्णकुमारीको कोखबाट ।

शिक्षाः मेट्रिक पासः सन् १९४० मा (वि.सं. १९९७ मा), बनारसबाट आइ. एस. सी. पास : १९४२ मा वि.सं १९९९ मा), बनारसबाटै बी.एस.सी. : पास नगर्दै भारतीय राजनीतिक आन्दोलनमा हाम्फालेको ।

राजनीतक जीवनको शिक्षा आरम्भ : सन् १९४२ मा (वि.सं. १९९९मा ) बनारसबाट, भारतीय कांग्रेसद्धारा चलाईएको "भारत छोडो आन्दोलन" मा सामेल भएर ।

कम्युनिष्ट आन्दोलनमा प्रवेशः सन् १९४२ मा (वि.सं.१९९९ मा) भारत छोडने आन्दोलनको क्रममा बनारसमा जेल परेपछि जेलमै रहेका भारतीय कम्युनिष्टहरूको संसर्ग र प्रशिक्षणबाट । जेलभित्रै भा.क.पा. को कम्युनिष्ट ग्रुपमा संगठित । जेलबाट छुटेपछि भा.क.पा. र त्यसको मजदूर फ्रन्टमा सक्रिय ।

नेपाल भित्र राजनीतिक आन्दोलनमा सामेल : २००३ साल फागुनमा बिराटनगरको जूट मील्सको र कटन मील्सको मजदुर हड्तालबाट, राणा एकतन्त्रविरोधी मजदूर आन्दोलनकै दौरानमा जेल परेको ।

नेपाली कम्युनिष्ट आन्दोलनमा प्रवेशः २००६ सालको अन्ततिर पार्टी संस्थापक नारायणविलास र पुष्पलालको प्रयत्नबाट । २००८ सालमा पार्टीको महामन्त्री । दोश्रो महाधिवेशन २०१० बाट पनि पुनः महामन्त्री पदमा निर्वाचित । २०१३ सालसम्म महामन्त्री कायम ।

विवाहः २०११ सालमा साधना प्रधानसित ।

चीन यात्रा : ची.क.पा. को आठौं महाधिवेशनमा भाग लिन महामन्त्रीकै रूपमा चीन प्रस्थान । विमारीको उपचार गराउन चीनमै २-३ वर्ष रहेको । त्यही कारणले दोश्रो पार्टी महाधिवेशन २०१४ मा पार्टी केन्द्रमा नरहेको ।

पुनः पार्टी केन्द्रमा निर्वाचित : तेश्रो पार्टी महाधिवेशन, २०१९ सालमा । तर त्यसपछि लामो समय जेल परेको, २०२५ साल सम्म । यसअघि २०१७ सालमा पनि छोटो समय जेल परेको ।

जेलबाट छुटेपछि : पूर्व कोशी प्रान्तीय कमिटीमा सामेल भएर काम गरेको । तर अधिकांश क्रियाशील सदस्यहरू झापा विद्रोह(२०२८साल) तिर लागेपछि कमिटी निस्क्रिय भएको ।

पार्टी एकताको प्रयासः २०२८ सालमा केन्द्रिय न्यूक्लियसको गठन । त्यसको प्रमुख क. मनमोहन अधिकारी । न्यूक्लियसमा क. शंभुराम, मोहन विक्रम र निर्मल लामा आदि । तर पुष्पलालको पार्टीलाई एकिकृत गर्न विफल भएपछि र बैचारिक मतभेद उत्पन्न भएपछि त्यसबाट क.मनमोहन अलग्गिएको ।

ने.क.पा.को गठन : २०३६ सालमा क. मनमोहनको अगुवाइमा एकता सम्मेलन गरी ने.क.पा. गठन । जनमत संग्रहको सिलसिलामा देशभरि यात्रा । पाँच पूर्वशर्तका लागि संयुक्त आन्दोलन गर्ने प्रयत्न ।

पंचायत विरोधी आन्दोलनमा संलग्न : २०४२ सालको नेपाली कांग्रसको सत्याग्रहताका पाँच वामपंथी शक्तिको संयुक्त मोर्चा सामेल ।

पार्टी एकिकरणः २०४३ साल चैत्रमा पुष्पलालको पहलमा चलेको पार्टी एकता गरी ने.क.पा. (मार्क्सवादी) को गठन ।

२०४६ सालमा : संयुक्त वाममोर्चामा सामेल भएर नेपाली कांग्रससित संयुक्त प्रजातान्त्रिक आन्दोलन र पंचायती व्यवस्थको अन्त्य ।

एमाले पार्टीका अध्यक्षः २०४७ सालमा ने.क.पा. (मार्क्सवादी) र ने.क.पा. (माले) बीच पार्टी एकिकरण र ने.क.पा. (एमाले) को गठन । क. मनोमोहन पार्टी अध्यक्ष ।

प्रतिपक्ष दलका नेताः २०४८ सालको प्रथम आम निर्वाचन पछिको संसदमा । पछि एमाले सरकार गिरेपछि पुनः २०५२ सालमा पनि ।

देशको पहिलो वाम प्रधानमन्त्री : २०५१ साल मंसिर १४ गते बनेको एमालेको सरकारमा क. मनोमोहन देशको पहिलो बाम प्रधान मन्त्री । २०५२ भदौ २५ गतेसम्म सो सरकार रहेको ।

हेलिकोप्टर दुर्घटना र गंभीर घाइते : २०५२ साल साउन २९ गते प्रधानमन्त्रीको रूपमा पश्चिम नेपालको भ्रमणमा जाँदा ।

पूर्ण वेहोश हुनेगरी अस्वस्थ : २०५६ बैशाख ६ गते काठमाडौं गोठाटारको चुनावी सभामा संवोधन गरी फर्कन लाग्दा आफ्नो गाडीमा ।

मृत्यु : २०५६ साल वैशाख १३ गते बिहान २:३२ बजे ।

# क. मोहनविक्रमको आँखामा क. मनमोहन

– नेपालको कम्युनिष्ट आन्दोलनमा मनमोहनजीको धेरै महत्वपूर्ण स्थान र लामो इतिहास रहेको छ । उहाँ भारतको स्वतन्त्रता आन्दोलनदेखि नै कम्युनिष्ट पार्टीमा रहेर काम गर्दै आउनुभयो । नेपालको आन्दोलनमा पनि त्यति बेलादेखि नै उहाँको महत्वपूर्ण भूमिका रह्यो । यो उहाँको सकारात्मक पक्ष हो । तर आफ्ना विचारहरूमा अडान लिन नसक्ने र अस्थिर रहने उहाँको कमजोरी पनि रह्यो । त्यो उहाँको नकारात्मक पक्ष हो । उहाँको कमजोरीलाई हामीले बारम्बार आलोचना पनि गर्दै आएका थियौं ।

कुनैपनि व्यक्तिको आफ्नो एउटा महत्व हुन्छ । मनमोहनजी जस्तो व्यक्ति हाम्रो बीचबाट जानुभएको छ . यस स्थितिमा , अहिले जुन रूपमा आन्दोलन चलिरहेको छ, त्यस आन्दोलनमा काफी नोक्सान पुग्नेछ । हामीले एमाले र उहाँलाई आफ्नो मित्रशक्तिको रूपमा मानेका छौं । त्यसकारण , एमालेका कुनै पनि नेता हाम्रो बीचबाट जाँदाखेरि एउटा मित्र शक्तिको हैसियतले देशको राजनीतिलाई नोक्सान पर्छ भन्ने हाम्रो सोचाइ छ । एमालेलाई पनि निश्चित रूपमा नोक्सान पर्छ । एमालेका साथीहरूले आफ्ना कमजोरीहरूमा ध्यान दिंदै देशको राजनीतिलाई सही किसिमले मूल्याङ्कन गरेर जानुभयो भने मनमोहनजीको अभावलाई पूरा गर्न सक्नुहोला भन्ने हामीलाई लागेको छ ।

हामी के पाउँछौं भने, नेपालको कम्युनिष्ट आन्दोलनमा धेरैजसो कम्युनिष्टहरूमा निरन्तरता रहेको छैन । उनीहरू केही समयका लागि आन्दोलनमा आएका छन् र छिट्टै हराएर गएका छन् । कम्युनिष्ट आन्दोलनमा आएका व्यक्तिहरूको ठूलो संख्या वास्तवमा प्रतिक्रियावादी खेमामा मिल्न गएको छ । तर कतिपय उतारचढावहरू, कतिपय भडकावहरू र कतिपय कमजोरीहरूका वावजूद, जुनसुकै रूपमा भए पनि मनमोहनजीको कम्युनिष्ट आन्दोलनमा निरन्तरता रहेको थियो । यो उहाँको मुख्य सकारात्मक पक्ष हो । यो पक्षबाट अरूले पनि शिक्षा ग्रहण गर्नुपर्दछ ।

### सीमाहरू

जगजाहेर छ, त्यसयता ने.क.पा. (एमाले) संख्यात्मक रूपमा काफी विस्तारित भएको छ, तर गुणात्मक रूपमा, बैचारिक साँस्कृतिक क्षेत्रमा यसमा काफी दक्षिणपन्थी र पूँजीवादी विचलन आएको छ । पार्टी सामान्तवादसित पनि निकै संभौतापरस्त भएको छ, साम्राज्यबादसित पनि ।

क. मनमोहन यी सबैको साक्षी र भागीदार देखिनु भएको छ । उहाँले यो रोकन राम्ररी र पर्याप्त संघर्ष गर्नु भएको देखिन्न ।

महाकाली सन्धिका बेला उहाँले शुरूमा निकै राम्रो अडान लिनुभयो, तर निर्णायक घडीमा भने उहाँले अडान लिनु भएन । बरू, उहाँको मत निर्णायक हुने वेलामा उहाँ मतदानमै अनुपस्थित रहनुभयो ।

एमाले पार्टी फूटका बेलामा पनि उहाँले शुरूमा पार्टी फूटविरूद्ध राम्रै अडान राख्नुभयो ' पार्टी फुटेमा अलग्गै रहन्छु, कतै रहन्न " भनेर । तर निर्णायक घडीमा उहाँ आफ्नै सार्वजनिक घोषणाविपरीत जानुभयो ।

यस प्रकार, निर्णायक घडीमा आफ्नो अडानबाट विमुख हुनु,



२०५४ माघमा भएको एमाले छैटौं महाधिवेशनमा क. मनमोहन, माधव नेपाल र वामदेव गौतम (माथि)

◆

साम्राज्यवाद विरोधी भेलामा विभिन्न वामनेताहरुको बीच भएको छलफलमा क. मनमोहन ।



# उहाँ प्रतिबद्ध र भलाद्मी हुनुहुन्थ्यो

◆ क. निर्मल लामा

*– नेपाली कम्युनिष्ट आन्दोलनको ५० वर्षको इतिहासमा क. मनमोहन अधिकारले पुर्‍याउनु भएको योगदान र उहाँको भूमिकाबारे तपाईले समग्र रूपमा कस्तो मूल्यांकन गर्नु भएको छ ?*

समग्र रुपमा भन्दाखेरी, नेपालको कम्युनिष्ट आन्दोलनमा जतिपनि पुराना साथीहरु छन्, उनीहरुमध्ये मनमोहन अधिकारीमा पार्टीप्रति बढी प्रतिबद्धता देखियो । युद्धको समयमा बन्दूक चलाईरहँदा लड्दालड्दै मर्ने एउटा कुरा हो, तर शान्तिको समयमा, निर्वाचनको बेलामा त्यस्तो विरामी मान्छेले बेहोश हुनुअघिको दिनसम्म पनि उठेर बोल्नुभयो । र, बेहोश हुने दिनमा उहाँले उठेर भाषण दिनसक्नु भएन । उहाँले त्यस दिन बसेर भाषण दिनुभयो । सम्भवतः यो उहाँको पहिलो बसेर दिएको भाषण होला ।

यसरी गंभीर रुपले बिरामी हुन्जेलसम्म जुन उहाँले प्रतिबद्धता देखाउनु भयो , त्यो सबैको निम्ति एउटा सिक्नु पर्ने कुरा हो । यद्यपि, उहाँसँग मेरो थुप्रै मतभेद रह्यो, थुप्रै आधारभूत मतभेदहरु पनि रहे ।

उहाँ जति प्रतिबद्ध हुनुहुन्थ्यो, उति नै भलादमी पनि हुनुहुन्थ्यो ।

त्यसकारण, सैद्धान्तिक राजनीतिक खोट भनेका अलगै कुरा हुन् । तर उहाँसँग व्यक्तिगत व्यवहारको विषयमा, पार्टीप्रतिको प्रतिबद्धताको विषयमा खोट लगाउने ठाउँ छैन ।

*– कम्युनिष्ट आन्दोलनमा उहाँको त्यस्तो कुनै नकारात्मक भूमिका पनि रह्यो कि ?*

उहाँको नकारात्मक भूमिकाको कुरा गर्दाखेरी , नेपाली कम्युनिष्ट आन्दोलनको इतिहासमा उहाँ कांग्रेसपरस्त हुनुहुन्थ्यो । त्यस्तै, बीचबीचमा उहाँ राजापरस्त पनि हुनुभयो । यद्यपि , त्यो प्रवृत्ति उहाँको मूल प्रवृत्ति भएन । उहाँको मूल प्रवृत्ति सामन्तबाद र साम्राज्यवादको विरुद्ध जन-संघर्ष नै रह्यो । तैपनि बेला बखतमा उहाँमा ती प्रवृत्तिहरु देखिए , जसले पार्टीमा एक किसिमको संकटको अवस्था निम्त्याउने काम गऱ्यो ।

विचलित हुनु, आफ्नो सार्वजनिक घोषणा र बोलीको ठेगान नहुनु क. मनमोहनको मुख्य सीमा र कमजोरीका रूपमा देखापरेको छ । शुरूमा र एक्लै हुँदा राम्रै र सही विचार राख्नु, भीडमा परेपछि भीड जस्तो छ, त्यस्तैमा आफू रूपान्तरित हुनु र आफ्नो पूर्वविचार छोड्नु उहाँको कमजोरीको रूपमा रहेको थियो ।

क. मनमोहनलाई बुझ्दा उहाँको यो सीमासहित बुझ्नुपर्छ भन्ने हामीलाई लाग्छ ।

तथापि, क. मनमोहनको योगदान उहाँको कमजोरी र सीमाको तुलनामा निकै ठूलो छ । यही योगदानका निम्ति सिंगै देश क.मनमोहनको निधनमा शोकाकुल भइरहेछ र, उहाँका योगदानहरूको निम्ति विषेश संवेदनशीलतासहित उहाँलाई सम्झिरहेको छ ।

असरहरू

क. मनमोहनको दुखद् निधन भएको यस स्थितिमा के फरक पर्ला त देश र एमालेकै राजनीतिमा उहाँको अनुपस्थितिले ? के असर होलान् - उहाँको अनुपस्थितिमा ?

उहाँजस्तो व्यक्तित्व सक्रिय राजनीतिको परिलक्ष्यबाट अचानक हट्दा नेपालको प्रजातान्त्रिक आन्दोलनमा त्यस्तो व्यक्तित्वको अभाव खट्कने छ , जसको अगुवाइ सबै खेमा, पक्ष र पुस्ताका लागि सजिलै स्वीकार्य थियो । विशेष गरी , संयुक्त संघर्ष गर्नुपर्ने सबै मोर्चामा यस्तो अभावको अनुभूति हुनेछ । कसैले पनि गल्ती गर्दा सबैलाई अभिभावकको रूपमा हकार्ने हैसियत राख्ने, सबैलाई त्यो हकाराइ पाच्य हुने व्यक्तित्वको खडेरी अनुभूति हुनेछ ।

नेपाली कम्युनिष्ट आन्दोलनको सिंगै आधा शताब्दीको जीवन्त इतिहास र त्यसको साक्षी हुनुहुन्थ्यो उहाँ । हाम्रो पुस्तालाई त्यस्तो महासाक्षीको अभाव खट्कने छ, जो आफ्नो प्रत्यक्ष भोगाइको आधारमा त्यो इतिहासका तीतामीठा अनुभवहरू बताउने क्षमता राख्नुहुन्थ्यो ।

अहिलेको चुनावमा उहाँको अनुपस्थितिले एमालेलाई प्रत्यक्ष असर पुऱ्याउने देखिन्छ । उहाँको नौ महिने शासनकालको स्वच्छ भ्रष्टाचारमुक्त व्यक्तित्वलाई आम जनतासामु प्रस्तुत गरेर उहाँकै प्रधानमन्त्रीत्वमा सरकार बन्ने घोषणा गरेर एमालेले स्वच्छ

(बाँकी ४३ पेजमा)

# संघर्षबाट ,पार्टीबाट र आन्दोलनबाट उहाँले आफूलाई कहिल्यै पनि अलग गर्नु भएन

◆ क. माधवकुमार नेपाल

*- नेपाली कम्युनिष्ट आन्दोलनमा क. मनमोहन अधिकारीको भूमिकाको समग्र मूल्याङ्कन तपाईं कसरी गर्नुहुन्छ ?*

नेपाली कम्युनिष्ट आन्दोलनमा एक दृढ, दरो र सशक्त व्यक्तित्वको रुपमा अत्यन्त माथिल्लो उचाईमा पुग्नुभएका र देश-विदेशमा राम्रो प्रतिष्ठा आर्जन गर्नु भएका व्यक्तित्वको रुपमा मैले क. मनमोहन अधिकारीलाई देखेको छु । निरन्तर रुपमा आन्दोलनको निम्ति जनताको बीचमा आफूलाई संधैंभरि क्रियाशील तुल्याएर उहाँले आफ्नो जीवनको अन्तिम समय पनि व्यतीत गर्नु भयो ।

उहाँ आन्दोलनको अनेक उतारचढावको बीचमा पनि कम्युनिष्ट पार्टी र कम्युनिष्ट आन्दोलनलाई नछोडेर आफ्नो बिचार तथा मान्यताको हिसावमा सधैंभरि क्रियाशील नै रहनुभयो । संघर्षबाट, आन्दोलनबाट र पार्टीबाट उहाँले आफूलाई कहिल्यै पनि अलग गर्नु भएन । यस हिसावले पनि भन्न सकिन्छ कि- जस्तोसुकै अप्ठ्यारो अवस्थामा पनि, जस्तोसुकै अप्ठ्यारो मोडमा पनि उहाँ आन्दोलनबाट बिचलित हुनुभएन ।

देशमा उहाँको उचाईको नेता अहिले म अरु कोही देखिराखेको छैन । शुरुदेखि अहिलेसम्मको ५७ वर्षको आफ्नो राजनीतिक जीवन उहाँले प्रजातान्त्रिक तथा कम्युनिष्ट आन्दोलनमा लगाउनु भयो । चाहे जेलमा, चाहे निर्वासनमा, चाहे देशभित्र क्रियाशील भएर बस्दा किन नहोस्, कुनै पनि स्थितिमा उहाँ आन्दोलनबाट बिचलित हुनु भएन । आन्दोलनको भविष्यप्रति आस्था र निष्ठा राखी यसको सफलताप्रति आश्वस्त भएर उहाँ निरन्तर रुपमा आन्दोलनमा जुटिरहनु भएको हामी पाउँछौं । एक अथक र अनवरत योद्धाको रुपमा स्व. क. मनमोहन अधिकारीको नाम नेपालको इतिहासमा स्वर्णिम अक्षरमै लेखिएको छ ।

*- नेपाली कम्युनिष्ट आन्दोलनको सिङ्गो इतिहासमा क. मनमोहन अधिकारीको कुनै कमजोरी रहेको छैन ?*

आज उहाँको कमजोरीको चर्चा गर्ने समय होइन । म त्यसबारे चर्चा गर्न चाहन्न । भर्खरै उहाँको निधन भएको छ । यस्तो अवस्थामा उहाँको योगदानको पक्षलाई अथवा उहाँको सकारात्मक पक्षलाई अगाडि सार्नु आवश्यक हुन्छ । कमीकमजोरी नभएको मान्छे को हुन्छ र ? कमीकमजोरी नभएका मान्छेहरु संसारमा हुन्छन् भन्ने कुरा मलाई लाग्दैन । क. लेनिनले पनि भन्नु भएको छ - कमीकमजोरी नभएको मान्छे संसारमा कोही हुँदैन । क. माओको, क. स्तालिनको, क. लेनिनको कमीकमजोरी रहयो कि रहेन भन्ने कुरा आफ्नो ठाउँमा छ । अवश्य पनि एउटा जिउँदो मान्छेबाट कमीकमजोरी हुनसक्दछ । त्यो प्रमुख पक्ष होइन । प्रमुख पक्ष भनेको उसको उपस्थितिले आन्दोलनलाई अगाडि बढाउन योगदान पुऱ्याएको छ या आन्दोलनलाई पछाडि धकेल्न योगदान पुऱ्याएको छ भन्ने कुरा हो ।

क. मनमोहनको भूमिका भनेको एकातिर कम्युनिष्ट आन्दोलनको लागि उहाँको योगदान रहेको छ, अर्कोतिर नेपालको प्रजातान्त्रिक आन्दोलनको लागि पनि उहाँको महत्वपूर्ण योगदान रहेको छ । हिजोको पंचायतविरोधी आन्दोलनमा होस् या अहिलेको नेपाली कांग्रेस तथा अन्य पार्टीहरुको गलत नीतिको विरोधको आन्दोलनमा होस् , क. मनमोहन संधै अग्रपंक्तिमा रहीआउनु भयो ।

त्यस्तै गरी, कम्युनिष्ट आन्दोलन तथा कम्युनिष्ट पार्टीको प्रतिष्ठालाई बृद्धि गर्नका लागि र कम्युनिष्ट पार्टीलाई जनस्तरसम्म पुऱ्याउनका लागि उहाँ कहिल्यै नथाकीकन अविराम योद्धाको रुपमा आफूलाई प्रस्तुत गर्दै बृद्ध र अस्वस्थ अवस्थालाई समेत छिचोलेर अन्तिम अवस्थासम्म पनि क्रियाशील रहनु भयो । यस्तो किसिमको व्यक्तित्व नेपाली कम्युनिष्ट आन्दोलनमा विरलै पाइन्छ । त्यसैले मैले उहाँको सकारात्मक पक्षलाई बढी हेर्न चाहेको छु ।

उहाँले कुन बेला के कस्तो कमीकमजोरीहरु गर्नु भयो, यी सबै कुराहरु छोडौं । तर खास खास अवस्थामा पार्टीभित्र आइपरेको संकटको घडीमा उहाँ दृढतापूर्वक उभिनु भयो । यस अर्थमा , उहाँको अडिगतालाई पनि हामीले प्रशंसा गर्नुपर्छ । एमालेमा विभाजनको स्थिति उत्पन्न हुँदाखेरि, एमालेभित्र उत्पन्न विकृतिहरुका बिरुद्ध संघर्ष गर्नु पर्दाखेरि, एमालेविरुद्ध विभिन्न ठाउँहरुबाट प्रहारहरु भइरहेको स्थिति उत्पन्न हुँदाखेरि उहाँ जसरी दृढताका साथ उभिनु भयो , जसरी आफ्नो एउटा मान्यता बनाएर अगाडि उभिनु भयो, त्यसले उहाँलाई एउटा उच्च उचाईमा पुऱ्याएको छ ।

त्यस्तै, उहाँले आफू त्यस्तो बृद्ध र अस्वस्थताले जीर्ण भएको अहिलेको अवस्थामा पनि चुनावरुपी वर्ग संघर्षमा आफूलाई पूर्ण रुपमा होमेर जनताको बीच उहाँ प्यारो बन्नुभयो र सफलताको सर्वोच्च शिखरमा पुग्नुभयो । र, यस्तो सफलताको सर्वोच्च शिखरमा बिरलै मान्छे मात्र पुग्दछन् ।



फोटो पत्रकार गोपाल चित्रकारको 'पिपुल्सपावर' किताव विमोचनको अवसरमा वाम तथा कांग्रेसी नेताहरुका साथ

# मुख्य मुख्य पार्टीका घोषणापत्र खोतलेर हेर्दा

प्रत्येक पार्टीको चुनावी घोषणापत्र भनेको उसले जनतासमक्ष अघि सारेको उसको बैचारिक प्रतिवद्धता हो । यो उसको नैतिक प्रतिज्ञा-पत्र हो । देशका तमाम समस्याहरूलाई खास खास पार्टीले कसरी अनुभूत गरेको छ ? ती समस्याको जरो र समाधान उसले कसरी पहिल्याएको छ ? समस्याहरूको डंगुरमा उसको प्राथमिकताको सूची के हो ? त्यो थाहा पाउने कुँजी भनेको पार्टीको चुनावी घोषणा-पत्र नै हो । त्यसैले, चुनाबी घोषणा पत्र भनेको त्यस्तो ऐना हो, जसबाट पार्टीको एकपाटो अनुहार छर्लंगै देखिन्छ । खास पार्टी यदि संसद र सरकारमा गयो भने उसले के गर्ला, त्यसको एक झलक त्यो पार्टीको घोषणापत्रबाट थाहा पाउन सकिन्छ ।

जे जति घोषणापत्र प्राप्य छन्, तिनलाई केलाएर हेर्दा तुलनामा सबैभन्दा ज्यादा तयारीपूर्ण र मिहेनतपूर्ण घोषणापत्र एमाले, माले र संजमोको देखिएको छ । सबैभन्दा बेतयारीपूर्ण घोषणापत्र क्रमशः ने.म.कि.पा., राष्ट्रिय जनमोर्चा, रा.प्र.पा. र नेपाली कांग्रेसको देखिएको छ ।

नेपाली कांग्रेसको घोषणापत्र एमाले, माले र संजमोको घोषणपत्रको तुलनामा निकै नै दृष्टिबिहीन देखापरेको छ । घोषणापत्र हेर्दा यस्तो देखिन्छ - नेपाली समाजको कायापलट कसरी गर्न सकिन्छ भन्ने कुरामा नेपाली कांग्रेससित कुनै सुस्पष्ट सोच र खाका नै छैन्, ऊ हचुवामै देश चलाउने पक्षमा छ ।

एमाले, माले र संजमोको घोषणापत्र नेपाली कांग्रेसको तुलनामा देशको प्रगतिशील रूपान्तरण कसरी गर्ने भन्ने मामलामा निकै उन्नत देखिन्छन् ।

## पूरा गर्नै नसकिने प्रतिज्ञाहरू

तर यी सकारात्मकताका वावजूद एमाले र मालेको घोषणापत्र देशको विद्यमान राज्ययन्त्र र साधन स्रोतले पूरा गर्नै नसकिने प्रतिज्ञाहरूले भरीभराउ देखिन्छन् । जस्तो, ७ वर्षभित्र नेपालको संपूर्ण सिंचाईयोग्य भूमिमा सिंचाई पुऱ्याइसक्ने, ५ वर्षभित्र नेपालबाट निरक्षरता उन्मूलन गर्ने, ५ वर्षभित्र संपूर्ण नेपालीलाई स्वच्छ खानेपानी पुऱ्याई सक्ने, १० वर्षभित्र ग्रामीण विद्युतीकरण गरीसक्ने, १५ वर्षभित्र बेरोजगारी र गरीबी अन्त्य गरीसक्ने, आदि ।

यस्ता थुप्रै आधारहीन हावादारी प्रतिज्ञाहरू एमाले र माले दुवैले आफ्नो घोषणापत्रमा राखेबाट उनीहरूका अरू राम्रा र संभव प्रतिज्ञाहरू पनि यस्तै हावादारी र, चुनावी पो हुन् कि भन्ने आशंका स्वभावतः सिर्जना हुने स्थिति पैदा भएको छ । नेपालको जुन भू बनौट छ र नेपालसित जुन बनीबनाउ भ्रष्ट र अप्रभावकारी राज्ययन्त्र तथा सीमित साधन स्रोत छ, त्यसबाट ७ वर्ष होइन, २१ वर्षमा पनि सम्पूर्ण जमीनमा सिंचाई हुन सक्यो भने त्यो ठूलो कुरो हुनेछ भन्ने विषेशज्ञहरूको ठहर छ । त्यस्तै, नेपालको संपूर्ण विकट ग्रामीण क्षेत्रको त कुरै छोडौं, सबैभन्दा सुगम काठमाण्डौं उपत्यकामा समेत ५ वर्षभित्र स्वच्छ खानेपानी उपलब्ध गराउन् संभव छैन । त्यस्तै, ५ वर्षभित्र देशभरि निरक्षरता उन्मूलन गर्ने र १० वर्षभित्र ग्रामीण विद्युतीकरण गरीसक्ने भन्ने कुरा क्रान्तिपछिको, त्यो पनि अत्यन्त प्रतिवद्ध र सक्षम सरकारले मात्र ज्यादै मुश्किलले आँट्न सक्ने कुरा हो । अन्यथा, यो असंभवप्राय कुरा हो । बेरोजगारी र गरीबी त कुनै पनि पूँजीबादी प्रजातन्त्रले विश्वको कुनै पनि भागमा सयौं वर्षमा समेत उन्मूलन गर्न सकेको रेकर्ड छैन, नेपालको शिशु पूँजीवादी प्रजातन्त्रले १५ वर्षमा के गर्ला ?




## कुन पार्टीको घोषणापत्र सबैभन्दा ज्यादा तयारीपूर्ण र दृष्टिसम्पन्न छ ?

त्यसैले, एमाले र मालेका चुनावी घोषणापत्रका कतिपय प्रतिज्ञाहरू नितान्त मनचिन्ते र हावादारी देखिन्छन्, यद्यपि कैयन् राम्रा र सराहनीय प्रतिवद्धताहरू पनि ती घोषणापत्रमा रहेका छन् । त्यसको चर्चा हामी पछि यथास्थानमा गर्ने नै छौं ।

नेपाली कांग्रेस आफूलाई सबैभन्दा प्रजातन्त्रवादी भएको दावी गर्छ । तर आफूलाई प्रजातन्त्रको एक मात्र पहरेदार ठान्ने ने.का.को घोषणापत्रमा नेपाली समाजलाई अहिलेभन्दा ज्यादा प्रजातान्त्रीकरण गर्ने कुनै कार्यक्रम देखिन्न, न त जनतालाई अहिलेभन्दा ज्यादा अधिकार संपन्न पार्ने कुनै कार्यक्रम नै देखिन्छ । नेपाली कांग्रेसको यस सवालमा जे जति घोषणाहरू छन्, ती सबै यथास्थिति टिकाउनसम्म मात्र सीमित देखिन्छन् । ऊ जनतालाई कुनै पनि थप नयाँ अधिकार दिन इच्छुक देखिन्न । त्यस्तै हालत रा.प्र.पा.को पनि देखिन्छ ।

तर जसलाई नेपाली कांग्रेसले "अधिनायकवादी" भन्छ, ती वामपन्थी पार्टीले चाहिँ आफ्नो घोषणापत्रमा जनतालाई थप नयाँ प्रजातान्त्रिक अधिकारले संपन्न पार्ने सोच प्रस्तुत गरेका छन् । उनीहरूको सरकार कायम भयो भने नेपाली समाजलाई अरू ज्यादा प्रजातान्त्रीकरण गर्ने धारणा उनीहरूले अघि सारेका छन् । जस्तो, ने.क.पा. (मा.ले.) ले "संविधानलाई आम श्रमजीवी वर्गको हितको पक्षमा आवश्यक संशोधन र परिमार्जन गर्ने" कुरा अघि सारेको छ । "सेना र प्रहरीलाई कुनै एक व्यक्ति, परिवारको अधीनमा होइन, निर्वाचित संसदको अधीनमा राख्ने" विचार अघि सारेको छ । "सबै समुदायका जनताको सशक्तीकरण अभियान संचालन" गर्ने कुरा अघि सारेको छ । सं.ज.मो.ले जनताका चुनिएका प्रतिनिधिद्वारा बनेको संविधान सभाबाट नयाँ प्रजातान्त्रिक संविधान निर्माण गर्ने कार्यक्रम अघि सारेको छ । उसले "देश र जनताको हितविरूद्ध चल्ने निर्वाचित प्रतिनिधिहरूलाई निर्वाचक जनताले कुनै पनि बेला फिर्ता बोलाउन पाउने हक जनतालाई दिने धारणा अघि सारेको छ । "सेना, प्रहरी र प्रशासन पूर्ण रूपले जनताको नियन्त्रणमा हुने" नयाँ प्रजातान्त्रिक प्रणाली ल्याउने धारणा समेत अघि सारेको छ ।

यस हिसाबले "अधिनायकवादी" भनिएका यी बामपन्थी पार्टीहरू "प्रजातन्त्रवादी" भनिएको नेपाली कांग्रेसको तुलनामा नेपाली समाजको पूर्ण प्रजातान्त्रीकरणको मामलामा काफी स्पष्ट र प्रगतिशील देखा परेका

# कसको घोषणापत्र कति हावादारी र चुनावी छ?

छन् । नेपाली कांग्रेस भने यस मामलामा बिल्कुलै यथास्थितिवादी देखा परेको छ । ऊ नेपाली समाजको पूर्ण प्रजातान्त्रीकरणको विरूद्धमा देखा परेको छ ।

ने.क.पा. (एमाले) को घोषणापत्रले पनि नेपाली समाजको "पूर्ण प्रजातान्त्रीकरण" गरिने कुरा भने लेखेको छ । तर घोषणापत्रमा "पूर्ण प्रजातान्त्रीकरण" कुन कुन थप नयाँ प्रजातान्त्रिक अधिकारले जनतालाई सम्पन्न पारेर गर्ने हो, त्यसको कुनै उल्लेख छैन । बरू उल्टो, "बहुदलीय व्यवस्थाको सुदृढीकरण"को कुरा घोषणापत्रमा उल्लेख गरिएको छ । यही "बहुदलीय व्यवस्थाको सुदृढीकरण"बाट नेपाली समाज यथास्थितिमै अड्कीबस्छ, नेपाली समाजको पूर्ण प्रजातान्त्रीकरण कदापि हुँदैन । किनकि, पूर्ण प्रजातान्त्रीकरणको निम्ति अहिलेको राजनीतिक - सामाजिक प्रणालीमा सर्वाधिकार सम्पन्न जनताको इच्छामुताविक आमूल रूपान्तरणको समेत जरूरत हुनजान्छ । तर "बहुदलीय व्यवस्थाको सुदृढीकरण" भनेको यथास्थितिकै सदृढीकरण मात्रै हो, यो आमूल हेरफेर कदापि होइन र यो त्यस हदसम्म कदापि अघि बढ्दैन । त्यसैले, "पूर्ण प्रजातान्त्रीकरण" र "आमूल परिवर्तन"को कुरा एमालेले घोषणापत्रमा ठाउँ ठाउँमा उठाए पनि त्यही घोषणापत्रमा त्यस्ता थुप्रै विरोधाभाषपूर्ण अवधारणाहरू अघि सारिएका छन्, जसले माथिका कुरा नराम्ररी काट्छन् र ती एक आपसमा अन्तर्विरोधी छन् । अन्ततः सारमा, एमालेको घोषणापत्र जनअधिकारको मामलामा यथास्थितिवादी नै देखापरेको छ ।

अहिलेको घोषणापत्रको तुलनामा ने.क.पा. (एमाले) कै २०४८ सालको घोषणापत्र यस मामलामा पूर्ण प्रजातान्त्रीकरणको स्पष्टतः पक्षमा थियो । त्यो घोषणापत्रमा स्पष्ट भाषामा "वर्तमान संविधानमा रहेका जनता तथा प्रजातन्त्र विरोधी र जनताको सार्वभौमसत्तामा आँच पुऱ्याउन सक्ने प्रावधानहरूलाई संशोधन गरी प्रजातान्त्रीकरण गर्ने" धारणा अघि सारिएको थियो (हेर्नुहोस्, तात्कालीन २०४८ सालको घोषणापत्रको पृष्ठ ६, बूँदा ३, उपबूँदा घ) ।

सेना र प्रहरीलाई "निर्वाचित संसदको अधीनमा राखिनुपर्छ" भन्ने धारणा अघि सारिएको थियो । (हेर्नुहोस् उही पृष्ठ ७, बूँदा ४) । "प्रशासनिक सेवालाई" समेत "प्रजातान्त्रीकरण" गर्ने विचार त्यसमा प्रस्तुत गरिएको थियो ।"राष्ट्रिय सभामा" जनजाति, उत्पीडित जाति र महिलाहरूको "अनिवार्य प्रतिनिधित्व गराउने" गरी संविधान परिवर्तन गर्ने सोच त्यसमा अघि सारिएको थियो । २०५१ सालको घोषणापत्रसम्ममा पनि यी मध्ये कैयन सोच अझै यथावत राखिएका थिए, सेना, प्रहरी र प्रशासनको कुराबाहेक ।

तर २०५६ सालको आम निर्वाचनसम्म आइपुग्दा एमालेले नेपाली समाजको पूर्ण प्रजातान्त्रीकरण गर्नका लागि उठाउने कदमसंबन्धी सार पूर्णतः छोडेको देखिएको छ । खालि बोक्रा अर्थात् मूर्त कदमहरूविनाको "पूर्ण प्रजातान्त्रीकरण" भन्ने शब्दहरू मात्र घोषणापत्रमा बाँकी राखेको देखिएको छ । २०४८ सालको एमालेको घोषणापत्रको सार अहिले ने. क. पा. मालेले पत्रको प्रतीत हुन्छ ।

अचम्म के छ भने, रा.ज.मो. र ने.म.कि.पा. को घोषणापत्रमा नेपाली समाजको पूर्ण प्रजातान्त्रीकरण गर्ने प्रक्रियाबारे केही पनि सारभूत कुरा उल्लेख गरिएको छैन । रा.ज.मो. को २०५१ सालको घोषणापत्रमा यसबारे केही स्पष्ट प्रावधानहरू थिए, जस्तो संविधान सभाको चुनावको सवाल, पुराना काला कानूनहरूको खारेजीको सवाल, राजाको विशेषाधिकारको अन्तको सवाल आदि । (हेर्नहोस्, उक्त घोषणापत्रको बूँदा घ, उपबूँदा २,३ र ४)

नेपाललाई एउटा स्वाधीन र सार्वभौम राष्ट्रमा बदल्नका लागि पनि नेपाली कांग्रेस र रा.प्र.पा.सित कुनै कार्यक्रम र सोच भएको कुरा उनीहरूका घोषणापत्रले देखाएका छैनन् । कांग्रेस र रा.प्र.पा. को घोषणापत्र यस सवालमा लगभग चुप र शून्य देखिन्छन् ।

यस मामलामा एमालेले देशलाई १५ वर्षभित्र विदेशी ऋणबाट मुक्त पार्ने सोच अघि सारेको छ । १५ वर्षको अवधि यो मामलामा अवस्तुवादी हुन संभव छ, तर कमसेकम एमालेसित नेपाललाई विदेशी ऋणबाट मुक्त पारिनुपर्छ भन्ने सोच हुनु सकारात्मक कुरा हो । त्यसमाथि थप, विदेशी सहायता लिंदा "उनीहरूका शर्तहरू राष्ट्रिय हितमा हुने भए मात्र लिने" र "राष्ट्रिय प्राथमिकताका आधारमा मात्र" र "पूँजी निर्माण र पूर्वाधार विकासमा" मात्र लिने भन्ने सोच प्रशंसनीय छ । ठीक यस्तै सोच नेकपा (माले) को पनि देखिएको छ । उसले त अझ दलाल नोकरशाही तथा विदेशी एकाधिकार पूँजीलाई समेत नियन्त्रित गर्ने विचार पनि अघि सारेको छ ।

संजमोले यस मामलामा एक कदम अघि बढेर उदारीकरण र निजीकरण प्रक्रिया नै बन्द गर्ने सोच अघि सारेको छ । र, आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्रको अनुकूल हुने गरी भन्सार नीति तय गर्ने कुरा अघि सारेको छ ।

यस हिसाबले नेपालको राष्ट्रिय स्वाधीनताको सवालमा पनि कांग्रेसको र रा.प्र.पा.को तुलनामा नेपालका वामपन्थीहरू नै त्यसको दृढ पहरेदार देखा परेका छन् ।

ने.कां र रा.प्र.पा.को घोषणापत्रमा वास्तविक जोताहा किसानको भूमिसम्बन्धी समस्या हल गर्ने कुनै स्पष्ट कार्यक्रम देखिन्न । उनीहरूसित 'जसको जोत उसको पोत'को आधारमा प्रगतिशील भूमिसुधार गर्ने कार्यक्रम समेत देखिन्न, जुन सारमा पूँजीवादी सुधारको कार्यक्रम हो ।

तर धेरै जसो वामपन्थी पार्टीहरू भने यस मामलामा स्पष्ट र दृढ देखिन्छन् । एमाले,

*एमालेले देशलाई १५ वर्षभित्र विदेशी ऋणबाट मुक्त पार्ने सोच अघि सारेको छ । १५ वर्षको अवधि यो मामलामा अवस्तुवादी हुन संभव छ, तर...*

**एमालेका नेताहरु क. मनमोहन, माधव, ईश्वर र साथमा बुद्धिजीवी डा. मथुरा प्र. श्रेष्ठ**



माले, संज़मो तीनवटैले प्रगतिशील भूमिसुधारमार्फत वास्तविक जोताहा किसानको भूमिसंवन्धी समस्या हल गर्ने कुरा बताएका छन् । राजमोले चाहिँ वास्तविक जोताहा किसानलाई मोहीको रूपमा कायम गर्ने र मोहीयानी हक सुरक्षित गर्ने विचार मात्र अघि सारेको छ, त्यस्तै ने.म.कि.पा.ले पनि । ने.म.कि.पा.ले प्रगतिशील भूमि सुधारको लागि व्यवहारिक छलफल मात्र चलाउने सोच अघि सारेको छ ।

यसप्रकार, ने.कां. र रा.प्र.पा. नेपालका जमीन्दार र धनी किसानको हक हितको पक्षमा खडा भएका छन् । खालि वामपन्थी पार्टीहरू मात्र वास्तविक जोताहा किसानको पक्षमा खडा भएका छन् । वामपन्थीहरूमध्ये पनि राजमो र नेमकिपाको घोषणापत्रमा भूमिसम्वन्धी कार्यक्रम सुधारवादी देखापरेको छ । एमालेको प्रगतिशील भूमिसुधारको कार्यक्रम चाहिँ सुधारवादी र क्रान्तिकारी भूमिसुधारको कार्यक्रमका बीचमा ढुलमुल देखिन्छ ।

मजदूरहरूको हकमा पनि कांग्रेस र रा.प्र.पा.ले मजदूरहरूलाई पूँजीपतिको शोषण र उत्पीडनबाट मुक्त पार्न कुनै मूर्त सोच आफ्नो घोषणापत्रमा अघि सारेका छैनन् । उनीहरूले यस मामलामा अस्पष्ट दोधारे भाषा बोल्दै आफूलाई पूँजीपति वर्गको हित रक्षाको निम्ति खडा गरेका छन् ।

यस मामलामा एमालेले मजदूरहरूको हकको पक्षमा केही हदसम्म आफूलाई उभ्याएको छ । यस सवालमा ज्यादा स्पष्ट रूपमा माले र संजमो मजदूरहरूको पक्षमा खडा भएका छन्, त्यसपछि राजमो र नेमकिपा पनि (हेर्नुहोस्, चार्टमा तुलनात्मक रूपमा उनीहरूको विचार) । तथापि नेमकिपाले आफूलाई स्पष्टतः मजदूर किसानकै पार्टी भनेर दावी गरेपनि घोषणापत्रमा मजदूरहरूको हकको सवालमा उसको भाषा निकै अस्पष्ट देखिन्छ । त्यसले मजदूरहरूलाई कामको र अधिकारहरूको ग्यारेण्टी दिने कुरा गरेको छ, तर ती अधिकारहरू चाहिँ मूर्त रूपमा के के हुन्, स्पष्ट पारेको छैन ।

महिलाहरू र उत्पीडित जनजाति, भाषाभाषी र धर्मावलम्वीको सवालमा पनि कांग्रेस र रा.प्र.पा. भन्दा वामपन्थीहरू निकै प्रजातान्त्रिक र स्पष्ट देखापरेका छन् । ने.का.को घोषणापत्रमा महिलाहरूलाई पुरूषसरह संपत्तिको हक दिने कुरा त उल्लेख छ, तर संसदमा पहिले नै प्रस्तुत र अहिले विचाराधीन रहेको विधेयकअनुसार मात्र अर्थात्, संपत्तिको हक त दिने, तर विहेपछि सबै माइतलाई बुझाउनु पर्नेगरी । यसरी, ने.कां. वास्तवमा छोरीलाई छोरासरह संपत्तिको हक दिन नै चाहँदैन । रा.प्र.पा.को घोषणापत्रमा त अझ यसबारे केही पनि उल्लेख छैन ।




**नेकपा मालेका नेताहरु क. सहाना, वाम्देव र सी.पी.**

तर ने.म.कि.पा. बाहेक बाँकी सबै बामपन्थी पार्टीहरूको घोषणा पत्रले भने स्पष्टतः छोरीलाई छोरासरह हक दिने सोच प्रस्तुत गरेको छ । यति मात्र होइन, उनीहरूले महिला र पुरूषवीच विद्यमान संपूर्ण आर्थिक सामाजिक विभेदहरू अन्त गर्ने प्रतिवद्धता आफ्नो घोषणापत्रमा उल्लेख गरेका छन् । तर गजवको विरोधाभाष के छ भने, आफूलाई मात्र अब्बल दर्जाको प्रजातन्त्रवादी ठान्ने ने.कां.को घोषणापत्रमा महिलाहरूलाई आर्थिक-सामाजिक रूपले समान बनाउने जस्तो मूलभूत प्रजातान्त्रिक प्रावधानको नामोनिशान देखिन्न, न त रा.प्र.पा.को घोषणापत्रमा नै यस्तो देखिन्छ ।

बामपन्थीहरूमध्ये ने.म.कि.पा. महिला जागरण र शिक्षामा मात्र जोड दिन चाहन्छ । जागृत नभएका र अशिक्षित महिलालाई समानताको हक दिइयो भने पारिवारिक कलह र विकृति मात्र बढ्छ भन्ने ने.म.कि.पा.को बुझीनसक्नुको विश्लेषण छ । यो विश्लेषणको आधारमा ने.म.कि.पा. महिलाहरूलाई अहिले मूलतः यथास्थितिमा नै राखीछाड्न चाहन्छ, महिलाहरूवीच चेतना जगाउने काम मात्र गर्दै ।

जाति, जनजाति, भाषा र धर्मको मामलामा पनि ने.कां. सम्पूर्ण जनजाति, भाषाभाषी, र धर्मावलम्वीहरूलाई समानताको प्रजातान्त्रिक हक दिन तयार देखिन्न । ने.कां. अहिले जस्तै गरी एक जाति विशेषाधिकार, एक भाषा विशेषाधिकार र एक धर्म विशेषाधिकारको स्थिति ज्यूँका त्यूँ बाँकी राखीराख्न चाहन्छ । घोषणापत्रमा त्यसलाई अन्त गर्ने कुनै प्रतिवद्धता ने.का.ले जाहेर गरेको छैन । यही रबैया रा.प्र.पा.को पनि देखिएको छ ।

तर प्रायशः संपूर्ण वामपन्थी पार्टीहरू एक जाति, एक भाषा, एक धर्म विशेषाधिकार अन्त गर्न तम्तयार देखिएका छन् । उनीहरूले जाति, जनजाति, भाषा र धर्मको क्षेत्रमा विद्यमान संपूर्ण अप्रजातान्त्रिक भेदभावहरू अन्त गर्ने प्रतिवद्धता आफ्नो घोषणापत्रमा जाहेर गरेका छन् । अझ, माले, संजमो र राजमोले त कुनै खास क्षेत्र विशेषमा कुनै जनजाति वा भाषाभाषीको बाहुल्य छ भने त्यहाँ उनीहरूको स्वायत्त शासन चल्न दिइनुपर्छ भन्ने हकको समेत घोषणापत्रमा उल्लेख गरेका छन् । अझ, माथिल्लो सदन - राष्ट्रिय सभालाई उत्पीडित जनजातिहरूको सभामा बदल्ने सोच समेत माले र संजमोले अघि सारेका छन् । र, नेपाललाई धर्मनिरपेक्ष मुलुक बनाउनु पर्ने कुरा घोषणापत्रमा पेश गरेका छन् ।

**चुनावी प्रतिवद्धताहरू हेर्ने हो भने नेपाली कांग्रेस त्यस्तो "प्रजातन्त्रवादी" पार्टीको रूपमा देखिएको छ, जो जनतालाई अहिले पाइरहेभन्दा ज्यादा प्रजातान्त्रिक हक दिने पक्षमा नै छैन ।**

यसप्रकार, चुनावी घोषणापत्र २०५६ मा व्यक्त गरिएका प्रतिवद्धताहरू हेर्ने हो भने नेपाली कांग्रेस त्यस्तो "प्रजातन्त्रवादी" पार्टीको रूपमा देखिएको छ, जो जनतालाई अहिले पाइरहेभन्दा ज्यादा प्रजातान्त्रिक हक दिने पक्षमा नै छैन ।

नेपाली कांग्रेस नेपाली समाज पूर्ण प्रजातान्त्रीकरणको दिशातिर गएकै हेर्न नचाहने "प्रजातान्त्रिक शक्ति"का रूपमा देखिएको छ । ऊ यस्तो "प्रजातन्त्रको पहरेदार" हो, जो न महिलालाई प्रजातान्त्रिक समानताको हक दिन तयार छ, न उत्पीडित जनजाति र भाषाभाषीलाई, न दलितहरू र उत्पीडित धर्मावलम्वीलाई । ऊ न वास्तविक जोताहा किसानलाई प्रजातन्त्रको फल चखाउन तयार छ, न तमाम गरीखाने मजदूर वर्गलाई । रा.प्र.पा.को हालत पनि ने.कां.कोभन्दा भिन्न देखिन्न ।

**- श्याम श्रेष्ठ**

**मूल्याङ्कन चुनावी अभियान**

चार्ट हेर्नुहोस्,
तुलना गर्नुहोस् र
आफैं फैसला गर्नुहोस् ।
कुन पार्टी तुलनामा बेसी असल छ ?
कुन पार्टी खराब छ ?
नाम हेरेर होइन
नाता हेरेर होइन
मुख्य मुख्य सवालमा
कुन पार्टीको के कार्यक्रम छ ?
कुन पार्टीको के नीति छ ?
कुन पार्टीको के विचार छ ?
कुन पार्टी कुन वर्गको पक्ष लिइरहेछ ?
त्यो हेर्नुहोस्,
अनि निधो गर्नुहोस् -
जम्माजम्मीमा कुन पार्टी बेसी ठीक छ ?
कुन पार्टी मत पाउन योग्य छ ?

चार्टमा लेखिएका प्रत्येक विचारहरू प्रत्येक पार्टीका ताजा चुनावी घोषणा-पत्रबाट लिइएका छन् ।

विचारको भाषा समेत प्रायशः घोषणा-पत्रबाटै हूबहू सारिएको छ ।

**- मूल्याङ्कन**

## कुन पार्टी जनतालाई कस्तो अधिकार, स्वतन्त्रता र राजनीतिक प्रणाली दिन चाहन्छ ?

### मुख्य मुख्य सवालहरुमा

# कुन पार्टीको घोषणा-पत्र के भन्छ ?

### नेपाली कांग्रेस

● अहिले मुलुकमा विद्यमान बहुदलीय प्रजातन्त्रद्वारा पोषित राजनैतिक स्वतन्त्रताहरू नै जनतालाई उपलब्ध गराई राख्न चाहन्छ । त्यसकै रक्षा र संवर्द्धन गर्न चाहन्छ । थप नयाँ स्वतन्त्रता र अधिकार दिन जरूरी ठान्दैन ।

● राजनीतिक प्रणालीको सवालमा पनि मुलुकमा अहिले स्थापित बहुदलीय प्रजातन्त्र, संसदीय शासन प्रणाली र संवैधानिक राजतन्त्रकै रक्षा र संवर्द्धन गर्न चाहन्छ । त्यसमा हेरफेर आवश्यक ठान्दैन । अर्थात् - नेपाली कांग्रेस स्वतन्त्रता र राजनीतिक प्रणालीको मामलामा यथास्थितिवादी छ ।

### रा.प्र.पा. (थापा)

● रा.प्र.पा.को घोषणापत्रको संक्षिप्त स्वरूप २०५६ मा जनतालाई कस्तो स्वतन्त्रता र अधिकार दिनेभन्नेबारे केही उल्लेख भएको पाइन्न । खालि यति भनिएको छ -"संविधान नै रा.प्र.पा.को मार्गदर्शन हो । यसको भाव र मर्मको अक्षरशः पालना गर्दछ ।" अर्थात् - राप्रपा जनतालाई थप नयाँ अधिकार र स्वतन्त्रता दिन चाहन्न । यो वर्तमान राजनीतिक प्रणालीमा प्रगतिशील परिवर्तन चाहँदैन । यो यथास्थितिवादी शक्ति हो ।

### ने.क.पा. (एमाले)

● अहिलेकै संविधानले दिएको मौलिक र प्रजातान्त्रिक अधिकारहरूलाई बेरोकटोक उपभोग गर्न पाउने कुरा सुनिश्चित गर्न चाहन्छ । यसरी नेपाली समाजलाई पूर्ण प्रजातान्त्रीकरण गर्ने विचार राख्छ । जनतालाई थप नयाँ अधिकार र स्वतन्त्रता दिनु जरूरी ठान्दैन ।

● राजनीतिक प्रणालीको सवालमा एमाले वर्तमान बहुदलीय व्यवस्थाकै सुदृढीकरण गर्न चाहन्छ । यही बाटोबाट जनताको बहुदलीय जनवादको सिद्धान्त अघि बढाउँदै न्यायपूर्ण र समतामूलक समाज निर्माण गर्न सकिन्छ भन्ठान्छ ।

### ने.क.पा. (माले)

● सबै क्षेत्रका जनसमुदायका लागि सशक्तीकरण अभियान संचालन गर्दै अहिलेकै संविधानले प्रदान गरेका मानव अधिकार, मौलिक अधिकार र प्रजातान्त्रिक अधिकारहरू बेरोकटोक उपभोग गर्न पाउने वातावरण सिर्जना गर्न चाहन्छ ।

● साथै, संविधानलाई आम श्रमजीवि बर्गको हितको पक्षमा आवश्यक संशोधन र परिमार्जन गर्न चाहन्छ ।

● सेना र प्रहरीलाई कुनै एक व्यक्ति, परिवार र संस्थाको अधीनमा होइन, निर्वाचित सदनको अधीनमा राख्न चाहन्छ ।

● राजनीतिक प्रणालीको हकमा २०४६ सालको जन-आन्दोलनबाट प्राप्त संसदीय प्रजातन्त्रलाई श्रमजीवी वर्ग र राष्ट्रको हितको पक्षमा अधिकतम प्रयोग गर्दै "समाजको आमूल परिवर्तन गर्ने" र जनताको साँचो हित प्रतिविम्बित भएको जनवादी व्यवस्था स्थापना गर्न चाहन्छ ।

### राष्ट्रिय जनमोर्चा

● रा.ज.मो. चुनावी घोषणापत्र, २०५६ मा यसबारे केही पनि उल्लेख छैन ।

### नेपाल मजदूर किसान पार्टी

● ने.म.कि.पा. को 'निर्वाचन घोषणापत्र, २०५६' मा जनतालाई दिइने अधिकार र स्वतन्त्रताबारे केही पनि उल्लेख गरिएको छैन ।

● राजनैतिक प्रणालीको हकमा "कामदार वर्गलाई शासक वर्गका रूपमा" उठाउने काम गर्दै तमाम थिचिएका, पिसिएका वर्ग र जातिलाई शिक्षित पार्दै देशमा समाजवाद स्थापना गर्न चाहन्छ ।

### संयुक्त जनमोर्चा

● २०४६ सालको जन-आन्दोलनबाट प्राप्त सीमित जन अधिकारको रक्षा गर्न चाहन्छ ।




सडकमा आवाज घन्काईरहेको सजमो सदनमा पनि आवाज पुऱ्याउने तयारी गरिरहेछ ।

जनताद्वारा चुनिएका प्रतिनिधिहरूद्वारा बनेको संविधान सभाद्वारा नयाँ संविधान निर्माण गरी "जनतालाई वास्तविक रूपमै सार्वभौम सत्ता संपन्न बनाउन" चाहन्छ । देश र जनताको हितविरूद्ध चल्ने निर्वाचित प्रतिनिधिहरूलाई फिर्ता बोलाउने हक जनतालाई प्रदान गर्न चाहन्छ ।

● सेना, प्रहरी र प्रशासन पूर्ण रूपले जनताको नियन्त्रणमा हुने नयाँ हक र प्रणाली स्थापित गर्न चाहन्छ ।

● राजनीतिक प्रणालीको हकमा संपूर्ण मजदूर, किसान, श्रमजीवी र देशभक्तहरूको राजनीतिक प्रणाली स्थापना गर्न चाहन्छ ।



गत चैत्र १२ गते नेकपा एमालेले जम्मा गरेको यो जनसमूह जस्ता विशाल समूहहरु जम्मा गर्ने होडवाजी अहिले सबै पार्टीहरुले गरिरहेका छन् ।

# नेपाललाई स्वाधीन सार्वभौम राष्ट्र बनाउन कुन पार्टी के कस्तो कदम उठाउन चाहन्छ ?

## नेपाली कांग्रेस

● ने.का. को घोषणापत्र, २०५६ मा नेपाललाई स्वाधीन र सार्वभौम राष्ट्र बनाउन कुनै ठोस नयाँ कार्यक्रमको उल्लेख गएिको छैन ।

● ने.का. कालापानीबाट भारतीय सेना फर्काउन र १९५० को सन्धिको पुनरावलोकन गर्न चाहन्छ । यो समस्या ऊ नेपालको राष्ट्रिय सम्मान र हितको जगेर्ना गर्दै कूटनीतिक वार्ताको माध्यमबाट समाधान गर्न चाहन्छ ।

## रा.प्र.पा. (थापा)

● रा.प्र.पा.को घोषणाको संक्षिप्त स्वरूप, २०५६ मा पनि नेपाललाई स्वाधीन र सार्वभौम बनाउन कुनै नयाँ मूर्त कदमको उल्लेख गरिएको छैन ।

● रा.प्र.पा. कालापानीबाट भारतीय सेना फिर्ता गराउन र १९५० को सन्धिलाई नेपालको हित र स्वार्थअनुरूप संशोधन गराउन चाहन्छ । यसको निम्ति राजनीतिक तथा कूटनीतिक पहल गर्न चाहन्छ । नेपाल भारत सीमालाई राष्ट्रिय हित अनुकूल नियमित गर्न चाहन्छ ।

## ने.क.पा. (एमाले)

● १५ वर्षभित्र बाह्य ऋणमाथिको निर्भरता समाप्त पार्न चाहन्छ ।

● राष्ट्रिय प्राथमिकता तथा लाभको आधारमा मात्र विदेशी ऋण र सहायता लिन चाहन्छ र यसलाई राष्ट्रिय पूंजी निर्माण र आर्थिक सामाजिक क्षेत्रको पूर्वाधार विकासमा प्रयोग गर्नका निम्ति प्राथमिकता दिन चाहन्छ ।

● विदेशी सहायता लिंदा उनीहरूका शर्तहरू राष्ट्र हितमा हुने भएमात्र स्वीकार गर्ने नीति अख्तियार गर्न चाहन्छ ।

● २० वर्षे दीर्घकालीन औद्योगिक योजना तयार पारी स्वाधीन अर्थतन्त्रको निर्माण गर्न चाहन्छ ।

● १९५० को नेपाल भारत शान्ति तथा मैत्री सन्धि लगायत अन्य असमान सन्धि संभौताहरूको पुनरावलोकन गरी समानता, पारस्परिक लाभ र राष्ट्रिय हित अनुकूल बनाउन चाहन्छ ।

● कालापानीबाट भारतीय सेना फिर्ता पठाउन पहल गर्न चाहन्छ ।

## ने.क.पा. (माले)

● विदेशी ऋणमाथिको निर्भरतालाई क्रमशः घटाउँदै लाने नीति अख्तियार गर्न चाहन्छ ।

● राष्ट्रको आवश्यकता र प्राथमिकताको आधारमा मात्र विदेशी सहायता लिन चाहन्छ । विदेशी सहायतालाई पूँजी निर्माण, सामाजिक-आर्थिक क्षेत्रको पूर्वाधार विकास तथा अर्थतन्त्रको उत्पादक क्षमता बढाउन परिचालन गर्न चाहन्छ ।

● दलाल नोकरशाही तथा विदेशी एकाधिकार पूँजीले राष्ट्रिय अर्थतन्त्रमाथि पारिरहेको प्रतिकूल प्रभावलाई नियन्त्रण गर्दै राष्ट्रिय पूंजीको संरक्षण र विकास गरी स्वाधीन राष्ट्रिय अर्थतन्त्रको निर्माण गर्न चाहन्छ ।

● स्वाधीन राष्ट्रिय अर्थतन्त्रको निर्माणको लागि आयात प्रतिस्थापन र निर्यातमूलक उद्योगको विकास गर्ने नीति लिन चाहन्छ । यसका लागि दीर्घकालीन योजना तयार गर्न चाहन्छ ।

● सन् १९५० को सन्धिलाई खारेज गरी पारस्परिक हितका आधारमा नयाँ सन्धि गर्न चाहन्छ ।

● साथै , नेपालमाथि थोपरिएको कोशी, गण्डकी, महाकाली जस्ता असमान सन्धिहरूलाई पुनरावलोकन गरी राष्ट्रहित विपरीतका प्रावधान हटाई राष्ट्रहित अनुकूलको बनाउन चाहन्छ ।

● कालापानी क्षेत्र लगायत नेपाली भूभागमा रहेका भारतीय सेना हटाउन चाहन्छ ।

## रा.ज.मो

● विदेशी हस्तक्षेपबाट मुक्त स्वतन्त्र राष्ट्रिय अर्थतन्त्रको निर्माण गर्न चाहन्छ । बहुराष्ट्रिय पूँजीलाई अनियन्त्रित प्रकारले निम्त्याउने नीति खारेज गर्न चाहन्छ ।


● सन् १९५० को असमान सन्धि खारेज गरी पारस्परिक हित र समानताका आधारमा नयाँ सन्धि गर्न चाहन्छ ।

● राष्ट्रघाती भएकाले महाकाली सन्धि खारेज गर्न चाहन्छ । कालापानी क्षेत्रमा समेत नेपाली भूमिबाट भारतीय सेना फिर्ता गर्न चाहन्छ ।


## संजमो

● आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्रको विकास गर्न चाहन्छ । त्यसका निम्ति उदारीकरण र निजीकरणको प्रक्रिया बन्द गर्न चाहन्छ । नेपालको उद्योगधन्दा, व्यापार र वित्तीय क्षेत्रमा विदेशी एकाधिकार पूँजीको आधिपत्य अन्त्य गर्न चाहन्छ ।


● साम्राज्यवादीहरूसँग राष्ट्रिय सार्वभौमिकता र राष्ट्रिय अर्थतन्त्रको प्रतिकूल हुने गरी शर्तहरू स्वीकार गरेर ऋण लिन बन्द गर्न चाहन्छ,




गिरिजाप्रसाद कोइराला




माधवकुमार नेपाल




वामदेव गौतम




सूर्यबहादुर थापा



लोकेन्द्रबहादुर चन्द



लिलामणि पोखरेल



चित्रबहादुर के. सी.



नारायणमान विजुक्छे



विष्णुबहादुर मानन्धर



प्रभुनारायण चौधरी



कृष्णदास श्रेष्ठ



सहाना प्रधान



खड्गप्रसाद ओली



कृष्णप्रसाद भट्टराई

● विश्व व्यापार संगठनसमक्ष आत्मसमर्पण नगरी आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्रको अनुकूल हुने गरी भन्सार नीति तय गर्न चाहन्छ ।

● १९५० को नेपाल भारत सन्धि र महाकाली सन्धि लगायत संपूर्ण असमान सन्धि संभौताहरू खारेज गर्न चाहन्छ । दार्चुला जिल्लाको कालापानी क्षेत्रमा रहेको भारतीय सेना हटाएर महाकालीको मूल कुटीयाङ्दीपारी पठाउन चाहन्छ ।

● भारतद्वारा विभिन्न ठाउँमा अतिक्रमित भूमि फिर्ता गराउन र अतिक्रमण बन्द गराउन चाहन्छ ।

● नेपाल - भारत खुला सीमाना अविलम्ब नियन्त्रित र व्यवस्थित गर्न चाहन्छ ।

● विदेशी कामदारलाई नेपालमा "वर्क परमीट" प्रथा लागु गराउन चाहन्छ ।

### ने.म.कि.पा.

● निजीकरण र विश्वव्यापीकरणको नाउँमा देशलाई साम्राज्यवादीहरूको नव-उपनिवेश बन्न नदिन चाहन्छ ।

● देशविरोधी सन्धि रोक्न चाहन्छ र विदेशी ऋणबाट देशलाई जोगाउन चाहन्छ ।

## कुन पार्टी जोताहा किसानको भूमिसम्बन्धी समस्या र कृषि उत्पादन वृद्धिको समस्या कसरी हल गर्न चाहन्छ ?

### नेपाली कांग्रेस

● बास्तविक जोताहा किसानको भूमिसंवन्धी समस्या हल गर्न ने.का.को घोषणापत्र २०५६ मा कुनै कार्यक्रम देखिन्न ।

● न्यून उत्पादकत्वको कारणबाट वर्षमा ६ महिना पनि खान नपुग्ने अहिलेको निर्वाहमुखी खेती प्रणालीलाई कृषि क्रान्तिको माध्यमबाट बजार एवं व्यवसायमुखी प्रणालीमा रूपान्तरण गरेर ने.का. कृषि उत्पादन वृद्धिको समस्या हल गर्न चाहन्छ ।

● आगामी २० वर्ष भित्र अधिराज्यभरी सिंचाई सुविधा पुऱ्याएर, तराई, पहाड र हिमाल सबै क्षेत्रमा कृषि - सडक पुऱ्याएर, गाउँ गाउँमा कृषि ऋण उपलब्ध गराएर, कृषिजन्य उद्योग स्थापनामा जोड दिएर ने.का. कृषि उत्पादन बृद्धिको समस्या हल गर्न चाहन्छ ।

### रा.प्र.पा.

● बास्तविक जोताहा किसानको भूमिसंबन्धी समस्यालाई हल गर्न राप्रपाको घोषणापत्र, २०५६ मा कुनै स्पष्ट कार्यक्रम देखिन्न ।

● साना तथा सीमान्त किसानको आर्थिक उत्थानका लागि देशको वर्तमान भूमि व्यवस्थामा दूरगामी सुधार गरेर, किसानहरूलाई पर्याप्त मल, ऋण, सिंचाई, प्रविधि, बाटो र विजुली एकीकृत रूपमा उपलब्ध गराएर, र कृषिजन्य उद्योगको स्थापना गरेर रा.प्र.पा. कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न चाहन्छ ।

### ने.क.पा. (एमाले)

● उच्चस्तरीय भूमिसुधार आयोगको प्रतिवेदनको आधारमा भूमिसुधार गर्न चाहन्छ, जमीनको हदवन्दी घटाउन चाहन्छ, गाउँले क्षेत्रमा सुकुम्वासी, भूमिहीन किसान र गरीब किसानलाई जमीन वितरण गर्न चाहन्छ ।

● कमैयाहरूलाई ऋण (सौकी) बाट मुक्त गरी जमीन र जीविका उपार्जनका साधनहरू उपलब्ध गराउन चाहन्छ ।

● कृषि उत्पादन वृद्धि गर्न दीर्घकालीन कृषि विकास योजनाले तर्जुमा गरेअनुसार भूमि, सिंचाई, कृषि, सडक, मलखाद, ग्रामिण विद्युतीकरण, प्रविधि र बजारको व्यवस्थालाई एकीकृत रूपमा संचालन गर्न चाहन्छ ।

● ७ वर्षभित्र सिंचाईयोग्य संपूर्ण भूमिमा सिंचाई सुविधा उपलब्ध गराउन चाहन्छ । पहाडी क्षेत्रमा सिंचाईका लागि पोखरी प्रविधि प्रयोगमा ल्याउन चाहन्छ ।

● जमीनको चक्लाबन्दी गर्न चाहन्छ ।

● कृषि सहकारी अभियान संचालन गर्न चाहन्छ ।

● कृषि ऋण गाउँ गाउँमा उपलब्ध गराउन चाहन्छ ।

### ने.क.पा. (माले)

● क्रान्तिकारी भूमिसुधार गरी सामन्ती भूस्वामित्वको अन्त गर्न चाहन्छ र किसानलाई जमीनको मालिक बनाउन चाहन्छ । जमीनमा न्यूनतम र अधिकतम हदबन्दी तोक्न चाहन्छ र वर्तमान कूतको व्यवस्थालाई जोताहा किसानको पक्षमा हुने गरी समयसापेक्ष बनाउन चाहन्छ ।

● जोतभोग गरी आएका , तर जग्गाधनी पुर्जा नपाएका किसानका नाममा जमीन दर्ता गर्न चाहन्छ ।

● विर्ताको र गुठीको जमीन जोताहाको नाममा दर्ता गर्न चाहन्छ ।

● बँधुवा मजदूरहरूलाई ऋणमोचन गर्न चाहन्छ ।

● कृषि उत्पादन वृद्धि गर्न ७ वर्षभित्र मुलुकभरिको सिंचाईयोग्य जमीनमा सिंचाईको व्यवस्था गर्न चाहन्छ ।

● "गाउँ गाउँमा सहकारी र घर घरमा रोजगारी" को कार्यक्रम लागु गर्न चाहन्छ ।

● मुलुकको संपूर्ण जमीनलाई उत्पादनशील काममा लगाउन चाहन्छ र कृषिमा औद्योगिकरण गर्न चाहन्छ ।

● बाटो, विजुली, दूरसंचार, खानेपानी, शिक्षाको व्यवस्था गरी गाउँ गाउँमा कुटिर र घरेलु उद्योगको विकास गर्ने र त्यसको लागि बजार विस्तार गर्ने काम गर्न चाहन्छ ।

● सहकारी संस्थामार्फत ग्रामिण तहमा कृषि ऋणको विस्तार गर्न चाहन्छ ।

### रा.ज.मो

● तथ्य र वास्तविकताका आधारमा जोताहा किसानलाई मोही कायम गर्ने र उसको मोहीयानी हकको संरक्षण गर्ने काम गर्न चाहन्छ ।

● लामो समयदेखि जग्गा भोगचलन गरिरहेका किसानलाई विनापूर्वाग्रह जग्गाधनी प्रमाणपूर्जा दिन चाहन्छ । हरूवाचरूवा र कमैयाहरूलाई ऋण मुक्त पार्न चाहन्छ र हरूवाचरूवा र कमैया प्रथा अन्त गर्न चाहन्छ ।

● वास्तविक सुकुम्वासी पहिल्याएर उनीहरूलाई शीप वृद्धि, रोजगार र आवासको प्रवन्ध गर्न चाहन्छ ।

● कृषि उत्पादन वृद्धि गर्ने कार्यक्रम राजमो घोषणपत्र, २०५६ मा देखिन्न ।

### सजमो

● 'जसको जोत उसको पोत'को आधारमा देशव्यापी रूपमा भूमिसुधार कार्यक्रम लागु गर्न चाहन्छ । राजगुठी, देवगुठी, शाही परिवार, भाइ भारदार, सामन्त, बिर्तावाल आदिको जमीन र उद्योग र वागवानीको नाममा लुकाइएको जमीन विनामुआब्जा कब्जा गरी सकुम्बासी र गरीव किसानहरूलाई वितरण गर्न चाहन्छ ।

● जंगल, चरन, सन्धिसर्पन, सार्वजनिक प्रयोगको मैदान बाहेकको पर्ती जमीन सुकुम्वासी र गरीव किसानलाई बाँड्न चाहन्छ ।

● हरूवा, चरूवा, कमैयाहरूलाई तत्काल मुक्त गर्न चाहन्छ र यसनिम्ति उनीहरूको बसोबास र रोजगारको प्रवन्ध गर्नुपर्छ भन्ठान्छ ।

● कृषि उत्पादन वृद्धि गर्न राष्ट्रको वजेटमा सिंचाईले पहिलो प्राथमिकता पाउनु पर्छ भन्ठान्छ । सम्पूर्ण कृषियोग्य एवं सिंचाइयोग्य जमीनमा सिंचाई सुविधा पुऱ्याउन ठोस र आवधिक कार्यक्रम संचालन गर्न चाहन्छ ।

● स्वेच्छिक सहकारी खेती प्रणाली लागु गर्न चाहन्छ ।

● कृषि मल, वीउ, कीटनाशक औषधि र औजार सस्तो र सुलभ तरीकाले उपलब्ध गराउन राज्यले यथेष्ट अनुदान दिनुपर्छ भन्ठान्छ ।

● गरीव किसानलाई ऋणमुक्त पार्ने र सम्पूर्ण किसानलाई सहुलियत रूपमा ऋण दिन चाहन्छ ।

### ने.म.कि.पा

● सम्पूर्ण वास्तविक जोताहा किसानलाई मोहीको निस्सा दिन चाहन्छ । यस्तो निस्सा दिएर मात्र द्वैधस्वामित्व अन्त गर्नुपर्छ भन्ठान्छ ।

❑ बाँकी ४० पेजमा ❑

# किन भइरहेछ अहिले अमेरिका र यूरोपबीच केरा युद्ध?

◆ केशव आचार्य

अमेरिका र पश्चिम यूरोपले ल्याटिन अमेरिका, अफ्रिका र क्यारेवियन मुलुकहरूबाट गर्ने केराको आयातसंवन्धी नीतिमा भएको व्यापार -द्वन्द नै छोटोमा 'केरा युद्ध' हो ।

पश्चिम यूरोप र अमेरिका आफैं आफ्नो देशमा केराको खेती प्रायशः गर्दैनन् । संसारमा केराको ठूला उत्पादकहरू भनेका ल्याटिन अमेरिका, अफ्रिका र क्यारेवियन मुलुकहरू हुन् ।

केरा युद्धको वीजारोपण तव भयो, जव पश्चिमी यूरोपले सन् १९९८ देखि ल्याटिन अमेरिकाबाट आयात गर्ने केरामा कोटा लगाइदियो । आफ्ना पूर्व उपनिवेशहरू अफ्रिका र क्यारेवियन मुलुकहरूले केरा ब्यापारमा केही राहत पाउन् भन्ने उद्देश्यले पश्चिम यूरोपले यस्तो कदम चालेको थियो । तर यो कदम अमेरिकाका ल्याटिन अमेरिकामा केरा उत्पादन गर्ने बहुराष्ट्रिय कम्पनीको स्वार्थविरूद्ध हुन गयो । त्यसैले, अमेरिकाले यो कदमको तुरून्तै विरोध गऱ्यो । यूरोपको यो कदम तात्कालीन GATT को स्वतन्त्र र मुक्त व्यापार नीतिको विरूद्धमा छ भनेर अमेरिकाले आफ्नो विरोध मुखारित गऱ्यो । पश्चिमी युरोपले ल्याटिन अमेरिकाबाट बिना कोटा प्रणाली प्रशस्त केरा किन्नुपर्छ भनेर अमेरिकाले दवाव दियो । तथापि अमेरीका र युरोपबीच प्रारंभमै ब्यापार युद्ध भने चर्किहालेको थिएन ।

ब्यापार युद्धका लागि पृष्ठभूमि तब बन्यो, जब जुलाई १९९७ देखि पूर्वी एशियाका "बाघ" भनिएका थाइलैण्ड, इन्डोनेशिया, फिलिपिन्स, मलेशिया जस्ता मुलुकमा खुला बजार अर्थतन्त्र धराशायी बन्यो । ती मुलुकमा उदार अर्थतन्त्र नराम्ररी धराशायी भएपछि त्याहाँको राष्ट्रिय मुद्राको भाउ एकदमै तल झऱ्यो । फलस्वरूप, ती मुलुकले निर्यात गर्ने सामान निकै सस्तो भयो । यही मौका पारेर अमेरीकाले ती मुलुकहरूबाट प्रशस्त मात्रामा सस्ता उत्पादनहरू आयात गऱ्यो । यो आयातले गर्दा अमेरीकामा महँगी त घट्यो, तर ब्यापार घाटा भने निकै चुलियो । बढ्दो ब्यापार घाटालाई कम गर्न अमेरीकी संसदले राष्ट्रपति क्लिन्टनलाई दवाब दियो । प्रत्ययुत्तरमा अमेरीकाले जापान र ब्राजिलबाट स्टिल आयातमा नियन्त्रण गर्न थाल्यो । युरोपबाट हुने आयात घटाउन पनि अब अमेरीकाले निहुँ खोज्न थाल्यो । सबैभन्दा राम्रो निहुँ केरा सम्बन्धी मुद्दाले प्रदान गऱ्यो ।

केरा युद्ध यही पृष्ठभूमिमा चर्किन थालेको थियो ।

केरा युद्ध तब चर्कियो , जब यही गएको मार्च ३ मा अमेरिकाले एक्कासी घोषणा गऱ्यो : यदि युरोपले ल्याटिन अमेरिकाबाट आयात गर्ने केरामा कोटा प्रणाली हटाउँदैन भने अमेरिकाले युरोपबाट आयात गर्ने ५२ करोड डलर बराबरको १४ थरी सामानमा १०० प्रतिशित भन्सार लगाउनेछ । युरोप र अमेरिकाबीच हुने कुल ४०० अरब डलरभन्दा पनि ज्यादाको ब्यापारमा यो भन्सार महशुल बृद्धि गरिएको ५२ करोड डलर बराबरको सामानको ब्यापार १ प्रतिशतभन्दा पनि कम अनुपातको ब्यापार हो । तथापि यसले युरोप र अमेरिकाबीच ब्यापार युद्ध चर्काएको छ । दुबै ब्यापार महाशक्तिहरू यसैलाई लिएर अहिले सिंगौरी खेलिरहेका छन् ।

पश्चिम युरोप र अमेरिका दुबै WTO अर्थात बिश्व ब्यापार संगठनका संस्थापक राष्ट्रहरू हुन् । WTO का सदस्य राष्ट्रहरूले WTO को निर्णयबेगर एकलौटी रूपमा एक्कासी अमेरिकाले लाए जस्तो भन्सार महशूल लाउनु हुन्न भन्ने WTO को प्रवधान छ । तथापि महाशक्ति राष्ट्र हुनुको नाताले अमेरिकाले आफैंले स्थापना गरेको नियमलाई यतिखेर धोती लाउने काम गरेको छ । अमेरिकी व्यापार नियन्त्रण ऐनको "शुपर ३०१" को नामले चर्चित धारा ३०१ लाई प्रयोग गरेर अमेरिकाले यूरोपेली सामानको आयात भन्सार महशूल ह्वात्तै बढाईदिएको छ । यसरी भन्सार बढाइने बस्तुमा बेलायतबाट जाने कश्मिराको स्वेटर, इटालीबाट जाने चीज र फ्रान्सबाट जाने छालाको हायण्ड ब्याग जस्ता सामानहरू परेका छन् ।

व्यापार युद्ध हाल अरू क्षेत्रमा पनि फैलिन थालेको छ । पश्चिमी यूरोपले स्वास्थ्यको कारण देखाएर निश्चित वर्षभन्दा पुराना अमेरिकी विमानहरूलाई अप्रिल १, २००२ देखि यूरोपमा अवतरण गर्न नदिने भन्ने घोषणा गरेको थियो । त्यसको बदला लिने मौका यही हो भन्ठानेर अमेरिकी तल्लो सदन - जन प्रतिनिधि सभाले वेलायत र फ्रान्सको संयुक्त निर्माणमा बनेको कन्कर्ड विमानलाई अमेरिकामा उडान भर्न, अवतरण गर्न प्रतिवन्ध लगाउने पक्षमा मतदान गरेको छ । यसैवीच, यूरोपेली यूनियनले पनि अमेरिकाबाट हर्मोन प्रयोग गरिएको गाईको मासु र एण्टीवायोटिक्स प्रयोग गरिएको खानेकुरा आयात गर्नमा प्रतिवन्ध लगाएको छ । यदि यो प्रतिवन्ध कायम रहने हो भने अमेरिका र यूरोपवीचको व्यापार युद्ध केरा युद्धले ओगटेको क्षेत्रभन्दा निकै विशाल हुने देखिन्छ ।



यसप्रकार, केरायुद्ध सिर्फ केरामा मात्र सीमित हुने देखिन्न । यसको तरंग अरू मोर्चातिर पनि विस्तारित हुने देखिन्छ ।

केरायुद्धको जरो कारण खोज्ने हो भने, हामीले ल्याटिन अमेरिका र क्यारेवियन तथा अफ्रिकी मुलुकमा हुने केरा उत्पादन प्रक्रियामा रहेको भिन्नता वुझ्नु पर्छ ।

यो फरक के हो भने, ल्याटिन अमेरिकामा संपूर्णजसो केरा उत्पादन अमेरिकी वहुराष्ट्रिय कंपनीहरूले गर्दछन् । ल्याटिन अमेरिकामा विशेषतः दुइटा अमेरिकी वहुराष्ट्रिय कंपनीहरूले सबैजसो केरा उत्पादन माथि नियन्त्रण कायम गरेका छन् । एउटा हो - चिकिता भन्ने वहुराष्ट्रिय कंपनी र अर्को डोल भन्ने वहुराष्ट्रिय कंपनी । डोलले यूरोपमा केरा निर्यात



लेखक : केशव आचार्य

**जुन मुलुकले उदार अर्थतन्त्र प्रतिपादन गरे, त्यहाँ नै संरक्षण र नियन्त्रणको नीति अभ्यास भइरहेछ ।**

गर्दैन । यूरोपको वहुसंख्यक केरा बजार नियन्त्रण गरेको चिकिता भन्ने कंपनीले हो । अहिले यूरोप अमेरिकाबीच केरा युद्ध चिकिता भन्ने वहुराष्ट्रिय कम्पनीको स्वार्थलाई लिएर भएको हो । स्मरणीय छ, चिकिता कंपनी राष्ट्रपति बिल क्लिण्टनको चुनावी अभियानको एउटा ठूलो चन्दादाता हो ।

यी दुइटै कंपनीले फलफूलको जूस बनाउने, फलफूलका उत्पादनलाई संचय गरेर शीत भण्डारमा राख्ने र विश्वभरि फलफूल निर्यात गर्ने काम गर्छन् । विश्वको ठूलो फलफूल बजार यी दुइटा कंपनीले कब्जा गरेका छन् । ल्याटिन अमेरिकामा त यी कंपनीले फलफूल मात्र उत्पादन गर्ने होइन, बारंबार सरकार समेत फाल्ने र गठन गर्ने काम समेत गर्छन् , विशेषतः सि.आई.ए.को सहाराले । अमेरिकी सरकार र संसद दुवैमा यी कंपनीको ठूलो पकड भएको बताइन्छ ।

यसको विपरीत, अफ्रिका र क्यारेवियन क्षेत्रमा चाहिं किसानहरू आफैंले केरा उत्पादन गर्छन्, नेपालमा जस्तै, स-साना पैमानामा । यहाँनेर अमेरिकाको एउटा बहुराष्ट्रिय कंपनीको स्वार्थ केरा युद्धको प्रमुख कारण भएर आएको छ । अमेरिकाले यूरोपलाई 'सुपर ३०१' लगाएर धम्क्याएको के हो भने, मेरो वहुराष्ट्रिय कंपनीले उत्पादन गरेको केरालाई तँ यूरोपले कोटा लाएर रोक्न पाउँदैनस्, तैंले जसरी पनि शत प्रतिशत केरा आयात गर्न दिनैपर्छ । नत्र म तेरो पनि बस्तुमा शत प्रतिशत भन्सार महसूल लाईदिन्छु ।

यसरी अमेरिकाले आफ्नो एउटा वहुराष्ट्रिय कंपनीको हितको लागि सिंगै यूरोपसित सिंगौरी खेल्ने कदम उठाएको प्रस्टै देखिन्छ ।

अर्कोतिर, यूरोपले भने आफ्नो पूर्व उपनिवेश रहेको क्यारेवियन र अफ्रिकाका मुलुकमा अझै पनि आफ्नो प्रभाव र प्रभुत्व कायमै भई राखोस् भन्ने हेतुले केही राहत र सहुलियत प्रदान गर्न ल्याटिन अमेरिकाबाट आयात गर्ने केरामा कोटा लगाईदिएको हो । यति हुँदाहुँदै पनि यूरोपमा विक्री हुने कुल केरा मध्येमा सयकडा ६० प्रतिशतभन्दा ज्यादा केरा अझै ल्याटिन अमेरिकाबाटै आयात गरिन्छ । क्यारेवियन र अफ्रिकाबाट आयात गरिने केरा त आठ दश प्रतिशत मात्रै हो, त्यसैले अमेरिकाको माग भनेको यूरोपले शत प्रतिशत केरा नै आफ्नो वहुराष्ट्रिय कंपनीसित किन्नु पर्छ भन्ने हो ।

**अमेरिका र बेलायतले त उदारीकरणकै विरुद्ध राष्ट्रिय स्वार्थ हेर्छन् भने हामीले त झन् हेर्नैपर्छ ।**

फेरि के भयो भने, ल्याटिन अमेरिकाका निकारागुआ , मेक्सिको जस्ता अमेरिकाका आर्थिक स्वार्थ भएका मुलुकहरूमा मजदूरहरूको दयनीय अवस्था छ । त्यहाँ मजदूर संगठनहरू खोल्न दिइएको छैन । मैले थाहा पाए अनुसार निकारागुआमा अमेरिकी बहुराष्ट्रिय कम्पनी अन्तरगत केरा उत्पादनमा संलग्न किसानहरू औसतमा १७० अमेरिकी डलर मात्र पारिश्रमिक पाउँछन् । त्यो रकम भनेको त्यहाँको जीवन निर्वाह गर्न असाध्य धौ धौ हुने रकम हो । त्यहाँ किसानहरूलाई स्याउलाको घरमा राखिन्छ । त्यसको बारेमा एउटा रिपोर्ट अमेरिकी पत्रिका 'सिन सिनाटी इन्क्वायरर' मा आएको थियो । ल्याटिन अमेरिकामा काम गर्ने किसानहरूलाई त्यहाँको बहुराष्ट्रिय कम्पनीले भयानक शोषण गर्छ भन्ने कुरा त्यसमा प्रकाशित भएको थियो ।

अफ्रिका र क्यारिवियन क्षेत्रमा केरा उत्पादक किसानहरूको ज्याला चाहिं अलिकति बढी होला । त्यहाँ किसानहरू आफैं मालिक भएर आफ्नो खेतमा काम गर्ने भएकाले कामको स्थिति पनि सहज होला । ल्याटिन अमेरिकामा चाहिं किसानहरूलाई शोषण गरेर केरा उत्पादन गरिएकाले त्यहाँको केरा अलि सस्तो होला । त्यसकारण अमेरिकी र विश्व बजारमा ल्याटिन अमेरिकाको केराले बढी बजार ओगट्न सफल भएको छ ।

मैले अघि नै भनें, एशियाली आर्थिक संकटका कारणले गतः वर्षयता अमेरिकामा व्यापार घाटा अभूतपूर्व रूपमा बढ्यो । अनि त्यहाँ अमेरिकी प्रशासन बुहलाउन थाल्यो । डलरको भाउ बढ्यो र अरू एशियाली र ल्याटिन अमेरिकी मुलुकको मुद्राको भाउ घट्यो । त्यसले गर्दा सस्तो भएको कारणले अमेरिकी उपभोक्ताहरूले बाहिरी मुलुकका उत्पादनहरू उपभोग गर्न थाले । यस्तो अवस्थामा अमेरिकाको संसदले सरकारलाई व्यापारघाटा रोक्न दवाव दिन थाल्यो । मूलतः यी दुई प्रमुख कारणहरूले गर्दा केरायुद्ध भएको हो ।

## सुपर ३०१

एक छिन हामी यो सुपर ३०१ भनेको के हो, त्यो पनि थाहा पाउने काम गरौं ।

सन् १९७४ मा आफ्नो व्यापारिक हितका लागि अमेरिकाले एउटा व्यापारिक नियन्त्रण ऐन बनायो । त्यसलाई US Trade Restriction Act भनिन्छ । यो सुपर ३०१ भनेको त्यही अमेरिकी व्यापार नियन्त्रण ऐनको धारा ३०१ हो । यो धारा कस्तो कडा छ भने, कुनै पनि दुईपक्षीय र बहुपक्षीय व्यापारिक कारोवार अमेरिकी स्वार्थको प्रतिकूल गयो भने अमेरिकाले यो धारा प्रयोग गर्छ । यो धारा १९७४ देखि अहिलेसम्म २०१ चोटि प्रयोग भएको छ । अमेरिकामा राष्ट्रपति क्लिन्टन आएपछि मात्रै २६ पटक यो धारा प्रयोग भैसकेको छ ।

उदाहरणका लागि, क्यानाडाले विदेशी पत्रपत्रिकाहरूको आयात माथि नियन्त्रण गर्न खोजेको बेला धेरैजसो अमेरिकी पत्रपत्रिका नियन्त्रणमा पर्ने भएकाले अमेरिकाले त्यही सुपर ३०१ धारा लगाइदियो । पोर्चुगल, भारत र पाकिस्तानमा पनि आयात नियन्त्रणविरूद्ध अमेरिकाले त्यही धारा लगायो ।

टर्कीले हलिउडका फिल्महरूमा बढी राजस्व लिने र टर्कीकै स्वदेशी फिल्महरूमा चाहिं कम राजस्व लिने नीति बनाएको थियो । अमेरिकाले त्यसमा पनि 'सुपर ३०१' लगायो । त्यस्तै, अष्ट्रेलियाले आफ्ना छाला उत्पादकहरूलाई अनुदान दियो । त्यसो भएपछि अष्ट्रेलियाका जनताले सस्तोमा आफ्नो देशका छालाका उत्पादनहरू पाउने भए । बाहिरबाट छालाका सामानहरू आयात नगर्ने भए । त्यसैले अमेरिकाले "सुपर ३०१" त्यहाँ पनि लगायो । त्यस्तै, कपडा र जुत्तामा अर्जेन्टिनाले पनि स्वदेशी उत्पादनलाई फाइदा हुने गरी राजस्व लगाएको थियो । त्यहाँ पनि अमेरिकाले 'सुपर ३०१' लगाइदियो ।

यसरी अमेरिकाको व्यापारिक हितको प्रतिकूल कुनै पनि राष्ट्रले दुईपक्षीय या वहुपक्षीय रूपमा नियन्त्रण गर्न खोज्यो भने अमेरिकाले 'सुपर ३०१' लगाईहाल्छ । व्यापारको मामिलामा विश्वको गुण्डा-पुलिस इन्स्पेक्टरले गर्नेसरहको काम अमेरिकाले एकपक्षीय रूपमा यो "सुपर ३०१" द्वारा अरू राष्ट्रमाथि गर्ने गर्दछ ।

अहिले अमेरिकाले यूरोपमाथि पनि त्यही 'सुपर ३०१' प्रयोग गरेको छ , चिकिता वहुराष्ट्रिय कंपनीको व्यापारिक स्वार्थको लागि । अमेरिका यूरोप व्यापार युद्ध यही कदमले गर्दा भड्केको छ । यो व्यापार युद्धको शुरूआत मात्रै हो, किनकि यूरोपको ५२ करोड डलरको निर्यात व्यापार मात्र अहिले अमेरिकी दण्डमा परेको छ । यो खासै ठूलो परिमाण होइन । तर यसले के देखायो भने , केही गरी अमेरिकाको हितमा प्रतिकूल असर पर्ने भयो भने संसारको कुनै पनि मुलुकलाई उसले छोड्दैन । एकातिर, संसारमा खुलाबजार नीति लागू गर्नुपर्छ भन्दै उदारीकरण र नीजिकरणको कुरा अमेरिका आफू गर्छ र विश्व बैंक तथा अन्तरराष्ट्रिय मुद्रा कोषमार्फत पनि सम्पूर्ण सरकारहरूलाई त्यसको निम्ति दवाब दिन्छ । तैंले खुलाबजार, स्वच्छन्द व्यापार नीति अपनाइनस् भने र विदेशी लगानीलाई आउन दिइनस् भने म तँलाई सहयोग रोकिदिन्छु, मैले मात्र रोक्ने होइन, विश्व बैंक, एशियाली विकास बैंकबाट रोकी दिन्छु, बेलायतबाट रोकीदिन्छु भन्ने गर्छ, अनि आफैं आफ्नो राष्ट्रिय स्वार्थको निम्ति चाहिं अमेरिका त्यही नीतिको ठीक विपरित व्यवहार गर्छ । अमेरिकाको यस्तो व्यवहारबाट सबै राष्ट्र सचेत र चनाखो हुनुपर्ने स्थिति छ ।

## हामीलाई पाठ

अहिले यूरोप र अमेरिका वीचको केरा युद्धको मुद्दा विश्व व्यापार संगठनमा पुगेको छ । विश्व व्यापार संगठनले फैसला नगर्दै अमेरिकाले आफ्नो स्वार्थको लागि एकपक्षी रूपमा यूरोपविरूद्ध 'सुपर ३०१' प्रयोग गरेर संरक्षणवादी नीतिको अभ्यास थालिसकेको छ । त्यसको प्रतिक्रियामा यूरोपेली संघले पनि संरक्षणवादी कदमको घोषणा गरेको छ ।

नेपाल जस्तो देशले यो घटनाबाट प्रशस्त पाठ सिक्नुपर्दछ । नेपालले १९८० को दशकको मध्यदेखि अमेरिका र यूरोपेली मुलुककै दवावमा आर्थिक उदारवाद अपनाउन थालेको छ । बहुदलीय प्रजातन्त्र आएपछि विशेषतः सन् १९९२ देखि नेपालले खुला बजार नीतिलाई अझ तीव्र पारेको छ । सरकारको हालीमुहाली लामो समयसम्म चलाएका पार्टीका

प्रवक्ताहरूले नेपालको विकास गर्ने हो भने एउटै मात्र विकल्प छ - बजारलाई खुल्ला छोडी दिनुपर्छ ,सरकारले यसमा नियन्त्रण गर्नु हुँदैन भनीरहेका छन् । नेपालको संपूर्ण आर्थिक वर्वादीको रामवाण ओखती नै बजारलाई सरकाले हस्तक्षेप नगर्नु, खुल्ला, छोडीदिनु हो भनेर उनीहरू भनीरहेछन् । बजारलाई स्वतन्त्र छोडीदिने हो भने वजारले नै सबै कुरा निर्क्यौल गर्छ भनेर उनीहरू अमेरिका र यूरोपभन्दा एक कदम अगाडि बढेर कुरा गरिरहेका छन् । तर केरायुद्धले के देखाएको छ भने, जुन जुन मुलुकले उदार अर्थतन्त्रको सिद्वान्त र खुला वजार नीति प्रतिपादन गरे, त्यहाँ नै बजार अर्थतन्त्रको नाममा व्यापार संरक्षण र नियन्त्रणको नीति अभ्यास भइरहेछ । खुला बजार अर्थतन्त्रको प्रेष्क्रीप्शन त उनीहरू विश्वका अरू मुलुकको लागि मात्र लेखिरहेछन् । तर आफ्नो राष्ट्रिय स्वार्थको लागि उनीहरू व्यापार नियन्त्रण र संरक्षणको प्रेष्क्रीप्शन प्रयोग गरिहेछन् । बजारले नै सबै कुरा निर्धारण गर्दोरहेनछ र आफ्नो मुलुकलाई अगाडि बढाउने हो भने आफ्नो राष्ट्रिय आर्थिक स्वार्थलाई हेर्नैपर्ने रहेछ भन्ने कुरा केरा युद्धको प्रकरणबाट स्पष्ट देखिएको छ ।

यो शताब्दीको शुरूदेखि आजसम्म जुन मुलुकहरू काँधमा काँध जोडेर हिंडे, तिनै मुलुकहरूवीच आफ्नो राष्ट्रिय आर्थिक स्वार्थका लागि अहिले केराको निहुँमा व्यापारिक युद्ध भइरहेको छ । सन् १९१४ देखि १९१८ को विश्वयुद्धमा होस्, १९३९ देखि १९४५ संम्मको दोस्रो विश्वयुद्धमा होस्, १९५० को दशकमा भएको कोरियाली युद्धमा होस्, १९६० देखि १९७० को अन्तसम्म चलेको भियतनाम युद्धमा होस् ,जहिले पनि युरोप र अमेरिका संगसंगै हिंडेका थिए । तर अहिले तिनीहरूवीच व्यापारिक युद्ध भएको छ । यसबाट सिक्नु पर्ने सवभन्दा ठूलो शिक्षा के हो भने, हरेक मुलुकले आफ्नो राष्ट्रिय स्वार्थ हेर्नुपर्छ, राष्ट्रका नीति निर्माता, सरकार र बुद्धिजिवीले राष्ट्रिय स्वार्थ देखेनन् भने त्यो मुलुक उँभो लाग्दैन । अमेरिका र बेलायतले त उदारीकरणकै विरूद्ध राष्ट्रिय स्वार्थ हेर्छन् भने हामीले त झन् हेर्नैपर्छ ।

बजारलाई सरकारले पूर्ण नियन्त्रण गर्नुपर्छ भन्ने भनाइ पनि मेरो होइन । जहाँ बजारले राम्रो काम गर्छ, त्यहाँ बजारलाई छोड्नुपर्छ तर जहाँ बजारले राम्रो काम गर्दैन, त्यहाँ बजारलाई सरकारले हस्तक्षेप गर्नैपर्छ ।



# दलित, मन्दिर प्रवेश र सांस्कृतिक क्रान्ति

◆ खगेन्द्र संग्रौला ◆

**दलितहरू मन्दिर पसेको घटनालाई सबैले यसरी हेरेको देखियो, उपेक्षा र बेवास्तासाथ । आखिर किन ?**

पर्वत जिल्लाको कार्की नेटामा रहेको दुर्गा मन्दिरमा दलितहरूको जनसागर मुठ्ठी कसेर पसेदेखियता दुई हप्ता बितीसकेका छन् । यसबीच, यस घटनाबारे दलितहरूका तर्फबाट आएका सानातिना समाचार र एकाध टिप्पणी केही वामपन्थी छापाहरूमा छापिए । त्यस बाहेक यसबारे कसैले केही बोलेको सुन्ने र लेखेको पढ्ने सौभाग्य पाइएन । मानौं, यो बोल्न लायकको र लेख्न लायकको घटना हुँदैहोइन । उँचा र चोखा जातका भनिने बिष्ट र मुखिया खलकले झण्डै दुई हजार वर्षदेखि पौनी भनेर छिःछिः र दुरदुर गर्ने गरेका दमाई, कामी र सार्कीहरू मन्दिर पसे त त्यो कत्रो कुरो भो ? त्यसमा बोल्नु, लेख्नु र छाप्नु पर्ने नयाँ र गहकिलो कुरो के छ र ? दलितहरू मन्दिर पसेको घटनालाई सबैले यसरी हेरेको देखियो । उपेक्षा र बेवास्तासाथ । आखिर किन ?

हाम्रो सानो नेपालमा वामपन्थी नाउँ राखेका रङ्ग-रङ्गका र ढङ्ग-ढङ्गका पार्टीहरू दसवटा छन् । भर्खरै दीनानाथ शर्मा समूहले चिरा पारेको मसाल पार्टीको नयाँ चिरोलाई गन्दा वामपन्थी पार्टीको संख्या एघार पुग्छ । यी सबै पार्टीले आफ्ना घोषणापत्र र कार्यक्रमहरूमा दलितहरूको दुःख र पीडाका कथा र व्यथाको बयान औधी मन छुने ढङ्गले गर्ने गरेका छन् । यी सबैले दलितहरूले भोग्नु परेको जातीय भेदभाव र छुवाछूत निमिट्यान्न नपारी नछाड्ने मीठा-मसिना बाचा गरेका छन् । बाचा गर्ने होडबाजीमा कुनैभन्दा कुनै पार्टी कम छैन । दलितहरूको बिजोक देखेर यतिबिधि आँसु झार्ने र यति मीठा बाचा गर्ने यी पार्टीहरूका आँखामा दलितहरू मन्दिर पसेको घटना किन नपरेको होला ? के सामाजिक र सांस्कृतिक दृष्टिले यो घटना अर्थ न बर्थको ठट्टा मात्र हो ? के यो छिनभरको लहड मात्र हो ? के यो फुत्त उठ्ने र प्याट्ट फुटेर बिलाउने पानीको फोको मात्र हो ?

हामीकहाँ जतिवटा वामपन्थी पार्टी छन् , तिनका छातामुनि झण्डै त्यतिनैवटा साहित्यिक र सांस्कृतिक संगठनहरू छन् । ती छातामुनि साहित्य र संगीतको फाँटमा जुटेका जनहरू पनि दलितको मुक्तिका कुरा गरेर कहिल्यै थाक्दैनन् । राजनीति र कला दुबै फाँटका वामपन्थीहरू आफ्नो सैद्धान्तिक चिनारी दिनुपर्दा 'म मार्क्सवाद-लेनिनवाद-माओ विचारधारा मान्छु' भन्छन् । कोहीकोही त माओ विचारधाराले धीत नमरेर 'म चाहिं माओवाद मान्छु' भन्छन् । त्यसपछि आफ्नो सैद्धान्तिक चिनारीलाई अझ सग्लो, सिङ्गो र परिपूर्ण बनाउन उनीहरू 'म सांस्कृतिक क्रान्ति मान्छु' भन्छन् ।

सांस्कृतिक क्रान्ति भनेको के हो ? के हाम्रो वामपन्थी आन्दोलनमा तोत्रभैं जप्ने गरिएको सांस्कृतिक क्रान्ति र दलितहरूको मन्दिर पस्ने कदमको कुनै साइनो छ ? दलितहरूको मुक्तिका गाना गाउनेहरू प्रायः सबैले यस घटनालाई एकदमै बेवास्ता गरे । अरूका के कुरा, वामपन्थी पार्टीहरूका झण्डामुनि खडा गरिएका दलित संगठनहरू समेत मुख जाम गरेर कानमा तेल हालेर चुपचाप बसे । यसबाट के कुरा लख काट्न सकिन्छ भने, तिनको बुझाइमा सांस्कृतिक

**के हाम्रो वामपन्थी आन्दोलनमा तोत्रभैँ जप्ने गरिएको सांस्कृतिक क्रान्ति र दलितहरूको मन्दिर पस्ने कदमको कुनै साइनो छ ?**

क्रान्ति भनेको धेरै ठूलो, चहकिलो र भड्किलो कुरा हो । एकैचोटि आकाश-पाताल हल्लाउने महाभूकम्प जस्तो जङ्गी घटना ! चुसिएका र हेपिएका जनताका यस्ता सानातिना प्रयासहरू त्यस्ता ठूला कुराको दाँजोमा केही होइनन् । त्यसैले यस्ता नाथे कुरामा समय किन खेर फाल्नु ?

जातीय मुक्तिको कुरो उठ्दा वर्गीय मुक्तिको कुरो गाँसिएर आउँछ । हाम्रो आन्दोलनमा रटना गरिने अर्को कुरो के हो भने, वर्गीय मुक्ति नभई जातीय मुक्ति हुँदैन । तसर्थ वर्गीय मुक्ति एक नम्बरको कुरा हो, जातीय मुक्ति दुई नम्बरको । त्यसैले दलितहरूको मुक्तिका कुरा गर्ने राजनैतिक पार्टी, दलित संगठन र कलाकर्मीहरूले दलितहरूको मन्दिर पस्ने पाइलोमा वर्गीय तत्व देखेनन् होला । र, तिनलाई लाग्यो होला – वर्गीय तत्व नै नभएको त्यस पाइलोको के अर्थ छ ? त्यसैले अर्थबिनाको पाइलोको चर्चा गरेर किन मुख दुखाउनु ? किन कागत, मसी र समय बर्बाद गर्नु ?

यस मेसोमा पर्वत जिल्लाको सेरोफेरोका दलितहरूका अनुभवहरू अलि बेग्लै छन् । आँसुमा भिजेका तिनका अनुभवहरू ज्यादै तीता र टर्रा छन् । छयालीस सालको जनआन्दोलनपछि शहीदको रगतले संविधान लेखियो । सो संविधानले नेपाली नागरिकहरूलाई आफ्ना पीर-ब्यथा पोख्ने र हक खोज्न जुट्ने अधिकार दियो । त्यस अधिकारको लौरो टेकेर आफ्नो नर्कको जुनीमा हेरफेर ल्याउन दलितहरू जुट्न, बात मार्न, सुख र दुःखका अनुभव साटासाट गर्न थाले । 'एक थुकी सुकी, हजार थुकी नदी' भन्ने उखानको मर्म बुझ्न खोज्दै तिनले संगठन खडा गरे । तिनले आफ्नै जातभित्र सांस्कृतिक सुधार र हेरफेर ल्याउन संगठित काइदाले पाइला चाले । तिनले जीउलाई हानि पुऱ्याउने र निधारमा कलङ्कको टीका लगाउने सिनो खान छाड्ने आन्दोलन छेडे । इस्कुलमा गरिने छोइछिटो र हेलाँहोचोविरूद्ध तिनले आवाज उठाए । चिया पसलमा गिलास नमाझ्ने आँट गरे । जुवा-तास र जाँड-रक्सी घटाउँदै र हटाउँदै जाने दिशातिर पाइला चाले । घर-परिवार र छरछिमेकमा आइमाई, केटाकेटी र अरू निम्छरा मानिसहरूमाथि हुने गरेको थिचिमिचोविरूद्ध आईमाई र केटाकेटीहरू संगठित भए । मुखिया-बराजुका मुखेन्जी हात पसारेर तिनका जुठेल्नाको फोहोर सागसब्जी खाने चलनलाई हुत्याउन तिनले आफ्नै फोक्टामा तरकारी रोप्ने जुक्ती रचे र पाखुरा बजारे । तिनले मन्दिरमा बराबरीको इज्जतदार ब्यबहार हुनुपर्ने कुराको हकदाबी गरे । गाउँ-ठाउँमा आउने सरकारी रै-रकममा आफ्ना भागमा पनि पर्नुपर्छ भनेर तिनले कुरो उठाए ।

दलितका तीन जातभित्रै चलिआएको छोइछिटो र हेलाँहोचो हटाउनेबारे पनि तिनले सोचविचार र छलफल गरे । र, सानातिना प्रयास समेत शुरू गरे । दलितहरूले आफ्ना यी सारा प्रयासहरूलाई 'पशुबाट मान्छेमा फेरिने प्रयासहरू' भन्ने नाउँ राखेका थिए । तिनका यी सारा प्रयासहरूलाई त्यस भेगमा आफ्नो प्रभाव भएका वामपन्थी पार्टीहरूले कसरी हेरे ? तिनले सराउने र सघाउने काम गरे कि फुटाउने र भाँड्ने काम गरे ? शहर-बजारमा संगठन खोलेर बसेका दलित नाउँका संगठनहरूले के गरे ? तिनले आफ्ना जातका दलितहरूका घर-दैलामा गएर 'पशुबाट मान्छे बन्ने' तिनका प्रयासहरूलाई आड-भरोसा दिए कि शहरमा हल्लिंदै रमिता हेरे ? यी प्रश्नका उत्तर सुल्टा होइन , उल्टा छन् ।

पर्वत जिल्लाको सेरोफेरोमा एमाले भन्ने वाम पार्टीका संगठनहरू र समर्थकहरूको बिगबिगी थियो । दलितहरूले हक खोज्ने, हक खोस्ने र मान्छे भन्न लायकको जुनी जिउन माथि बयान गरिएका काम-कुराहरू थालेपछि त्यस भेगका एमालेहरूले के गरे ? एमाले पार्टीका रैथाने नेताहरू हुनेखाने बिष्ट-बराजुहरू थिए । तिनले दलितहरूका निद्राबाट ब्यूँझिने र नर्कबाट बाहिर निस्कने कदमहरूलाई दबाउन दलित विरोधी अरू पार्टीका बिष्ट-बराजुहरूसँग चोचोमाचो मिलाए । त्यहाँ सर्वदलीय बिष्ट एकता भयो । तिनले दलितहरूको एकतालाई बिथोल्न, तिनका कदमलाई भाँड्न, तिनका शीर लतार्न र तिनलाई नर्ककुण्डका कमारा-कमारी बनाइराख्न गर्नुबिधि उद्योग गरे । कहाँसम्म भने , दलितहरूले तिनको मनपरी चुसाइ र मिचाइको रीतिथिति तोड्न लागेका देखेर तिनले सी. डी. ओ.को अड्डामा गएर झोलपोल गरे । पुलिस ल्याएर दलित आन्दोलनका अगुवाहरूलाई थर्काउने, पक्राउने र तिनको नूर गिराउने नकाम समेत पनि गरे । त्यो बेला एमालेको झण्डामुनिका दलित नेता-नेतृहरू कहाँ थिए ? ती के गर्दै थिए ?

साँचो कुरा के हो भने, पर्वत जिल्लाको सेरोफेरोका दलितहरूलाई दबाउन एकगठ भएका विभिन्न पार्टीका मुखियाहरूसँग जुध्न रैथाने दलितहरूलाई सघाउन ती त्यहाँ गएनन् । ती सके दलितहरूका आँसु देखाएर बिदेशी साहु-सेठहरूबाट मागेको भीखको रकम उडाउँदै काठमाडौंका बिलासी बान्कीका होटेलहरूमा तडकभडकपूर्ण गोष्ठी संचालन गर्दै थिए होलान् । अरू वाम पार्टीका छातामुनि गठन भएका दलित संगठनहरू नि ? ती कहाँ थिए थाहा छैन । तर पर्वतको सेरोफेरोका दलितका बस्तीमा तिनलाई जगाउन र लड्न सघाउन अघि सरेका चाहिं पक्कै थिएनन् ।

सांस्कृतिक क्रान्ति भनेको मान्छे-मान्छेमाझ भेदभाव र छुवाछूत, असमानता र हेलाँहोचो कायम राख्न खोज्ने थोत्रा-पुराना र सढेगलेका विश्वास, रीतिथिति, परम्परा र संस्कारमा हेरफेर ल्याउने क्रान्ति हो । यो चुसाइ र मिचाइ, अन्याय र असमानताका पर्खालहरू तोडेर मान्छे-मान्छेमाझ समानता र प्रेमको साइनो गाँस्न खोज्ने क्रान्ति हो । यो प्रत्येक मान्छेलाई आफ्नो भाग्यको आफै मालिक बनाउने जनव्यापी क्रान्ति हो । धन र ज्ञानबाट बञ्चित गरिएका, समाज र देश चलाउने नीति-नियम बनाउने ठाउँसम्म पुग्न नपाएका, समाजका ठालु र ठगहरूका पैतालाको धूलो बनाइएका मानिसहरूलाई अज्ञान, असचेत र निम्छरो अवस्थाबाट ज्ञान, चेतना र दरिलो अवस्थातिर डोऱ्याउने क्रान्ति

मन्दिर प्रवेश कार्यक्रमको क्रममा भएको आमसभालाई सम्बोधन गर्दै लेखक खगेन्द्र संग्रौला



हो ।

यो कुरा साँचो हो भने पर्वत जिल्लाको सेरोफेरोका छत्तीस गाउँका दलितहरूले मन्दिर पस्न चालेको सचेत, संगठित र साहसी पाइलो सांस्कृतिक क्रान्तिकै कडी होइन र ? त्यस अभियानमा दलितहरूमा बढिरहेको चेतना देख्न पाइन्छ । तिनले संगठनको महिमा बुझ्दै गएको देखिन्छ । तिनका सयौं वर्षदेखि ढलेका शीर ठडिंदै गएका छन् । तिनका मगजमा चेतनाका तरङ्ग उठ्दै छन् । समाजका ठालुका अगाडि पर्नासाथ लाटिने तीनका जिब्रा हक र न्यायका कुरामा ती ठालुसँग सवाल-जबाफ गर्न तम्सिन थालेका छन् । के सत्य हो, के झुठ हो, को साथी हो, को शत्रु ? के गरे आफ्नो भलो हुन्छ, के गरे कुभलो हुन्छ ? तिनीहरू आफै सोच्न, बुझ्न र ठहर गर्न खोज्दैछन् । त्यसैले चलिआएका जनमारा-दलितमारा विश्वास, रीतिथिति, परम्परा र संस्कारलाई हाक्काहाक्की ध्वाँस दिंदै दलबलसाथ तिनीहरू कार्कीनेटाको मन्दिरमा पसे । तिनलाई कज्याएर तिनका शीरमा गिर खेल्न पल्केका समाजका साँढेहरूका नजरमा तिनले सनातन धर्म तोडेर पाप कर्म गरे । तिनको आफ्नो बुझाइमा तिनले समाजका साँढेहरूले आफ्ना चुत्था स्वार्थ पट्याउन कायम राखेको जातीय भेदभाव र छोइछिटोको रीतिथितिलाई तोड्न खोज्दै तिनले न्याय र समानतातर्फको दिशामा दरा पाइला चाले ।

मन्दिर पस्ने उद्योगमा डटेका दलितहरूको एउटा नारा थियो – *मन्दिर किन पस्ने ? मान्छे बन्न !* त्यस नाराले के भनेको हो ?

त्यो के हो भने, मन्दिरमा पस्न पाउने बाहुन-बिष्टहरू उँचा जातका र चोखा मानिन्छन् । पस्न नपाउने दलितहरू नीचा जातका र बिटुला ठानिन्छन् । उस्तै मान्छेबीचको यो उँचो र नीचो, चोखो र बिटुलोको भेदभाव तोड्नु भनेको दलितहरूका विचारमा मान्छे बन्ने बाटोमा एक पाइलो अघि बढ्नु हो । समाजका साँढेहरूले गर्ने गरेको अत्याचार र अन्यायको एउटा कडी तोड्नु हो ।

दलित जातकै कतिपय मुखियामार्काका ठालुहरू आफ्नो जातका मानिसहरू मन्दिर पस्ने कदमको विरोधमा डटेका थिए । आफ्नो जातका जनहरूको त्यस प्रयासलाई बिथोल्ने, गिज्याउने र ध्वस्त पार्ने जमर्को समेत गर्न पनि ती पछि परेनन् । उता , बाहुन र अरू उँचा जातका प्रगतिशील विचारका मानिसहरू तिनको त्यस कदमको समर्थनमा थिए । र, उँचा जातका सर्वसाधारण गरीब-गुर्वाहरूले त्यस घटनालाई न समर्थन न विरोधको दृष्टिले हेरेका थिए ।

उसोभए त्यस घटनाको चरित्र के हो – जातीय कि वर्गीय ? दलित जातका सयकडा उनान्सय मानिसहरू त हरिकंगाल छन् । मन्दिरमा पसेर देवीको पुजाआजा गरेपछि आफ्नो गरीबी हट्ला र आफ्नो दुःख सुखमा फेरिएला भन्ने तिनको सपना भएझैं लाग्दैन । कतिपय मानिसहरू तर्क गर्छन् – हैन, मन्दिर पस्ने अभियानले दलितहरूमा अन्धविश्वास र रूढी फैलाउँदैन र ? साँचो कुरा के हो भने , दलितहरू यस्तो प्रश्न गर्ने मानिसहरूभन्दा मूर्ख छैनन् । तिनका मथिङ्गलमा पनि कसो गरे आफ्नो भलो होला र कसो गरे कुभलो होला भन्ने कुराको छ्यान-विवेक गर्ने थोरैतिनो बुद्धि छ । बुद्धि जति माथिबाटै आउँछ भन्ठान्नेहरूले मात्र यस्तो तर्क गर्छन् । यस्तो तर्क गर्नेहरू दलितहरूको त्यस प्रयासमा वर्गीय तत्व छैन, त्यसैले त्यो ध्यान दिइरहनु पर्ने घटना होइन भनी हातको इसाराले त्यसलाई किनारा लगाउन खोज्छन् ।

संघर्षको जातीय र वर्गीय चरित्रलाई छुट्याउने लछुमन रेखा कसरी कोरिन्छ ? शहर-बजारका छापाहरू र भाषणहरूमा सिद्धान्तका बडाबडा गफ हाँक्दैमा त्यो यसै कोरिन्छ र ? कार्कीनेटाको मन्दिरमा पस्ने अभियानमा जुटेका पर्वतको सेरोफेरोका दलितहरूले शहर-बजारका सुकिला दलित संगठनहरूलाई चुनौतीको भाषामा यो सवाल सोधिपठाएका छन् । फलानो घटनामा वर्गीय रङ्ग पुगेन, फलानो घटनामा क्रान्तिको पाइन भरिएन भनेर सिद्धान्तको शुद्धताको डङ्का पिट्नु तर संघर्षमा डटेका दलितहरूलाई जगाउन र सघाउन तिनका घर-दैलामा नजानु भनेको बाहुनवाद हो । आफैले मात्र बुझ्ने सिद्धान्तका गफ गरेर कतै पुगिंदैन ।

**मन्दिरमा पसेर देवीको पुजाआजा गरेपछि आफ्नो गरीबी हट्ला र आफ्नो दुःख सुखमा फेरिएला भन्ने तिनको सपना भएझैं लाग्दैन ।**




राता फेटा गुथेका र बाहुन जातको हालीमुहाली भएका पार्टीहरूले हक र इज्जत खोज्ने र खोस्ने आफ्नो संघर्ष विरूद्ध मुक्का उजाएको देखेर पर्वतको सेरोफेरोका धेरैजसो दलितहरू त्यस्ता पार्टीहरूबाट आफै पाखा लागेका छन् । यस घटनाले नेपालका वामपन्थी पार्टीहरूको जातीय बनोट, तिनको सोचाइ र संस्कारबारे गहिरो सवाल उठाएको छ । दलित, जनजाति र महिलाहरू नीति निर्माण गर्ने नेतृत्वकारी तहसम्म नउठी नेपालका वामपन्थी पार्टीहरूको बाहुनवादी-हैकमवादी र साँचो अर्थमा परिवर्तनविरोधी चरित्रमा हेरफेर आउन असम्भव छ । पर्वत भेगका दलितहरूका सचेत र संगठित अभियानहरू आफ्नो जातभित्रबाट त्यस्ता अगुवाहरू जन्माउने प्रयास होइनन् र ? कतिपय वामपन्थीहरू लाल सत्ता खडा भएपछि सरकारी आदेश र चुट्कीका भरमा समाजमा रहेका सारा भेदभाव र हेलाँहोचोका रोगहरू निर्मूल भइहाल्छन् भन्ने कल्पना गर्छन् । शासकको कृपाबाट आदेश र चुट्कीका भरमा गरिने सामाजिक र सांस्कृतिक सुधारहरू कति सतही र अस्थायी हुन्छन् भन्ने कुरा हामीले विश्व समाजवादी आन्दोलनमा देखिसकेका छैनौं र ? त्यसैले समाजको नारकीय पींधमा रहेका मानिसहरूले ब्यूँझेर जनव्यापी रूपमा संगठित हुँदै आन्दोलनका माध्यमले आफूलाई बौद्धिक र नैतिक रूपले सशक्त तुल्याउन सकेनन् भने सहस्र मानिसहरूको बलिदानपछि खडा हुने लाल सत्तामा तिनले राता फेटा गुथेका बिष्ट-बराजुहरूकै हालीमुहाली देख्नुपर्ने छ । अधिकार र इज्जत शासकले दिएर पाइने कुरा होइनन् । ती त लडेर ल्याइने कुरा पो हुन् । यस अर्थमा पर्वतको सेरोफेरोका दलितहरूका मन्दिर पस्ने लगायतका आन्दोलनहरूमा हामीले ध्यान दिनु र सिक्नु पर्ने मूल्यवान् कुरा छैनन् र ? ❑

फोटो : हरि बस्नेत

## अचेल



### २०४६ मा कीर्तिपुरमा गोली लागेका घाइतेको वर्तमान कसरी बितीरहेछ ?

# २०४६ सालको आन्दोलनपछि सम्पति जति नेताहरूको हातमा, दु:ख जति जनताको हातमा भइरहेको छ

◆ राईमान शाक्य ◆

२०४६ सालको आन्दोलनमा लागेको गोली आठ वर्षसम्म आफ्नै शरीरमा पालेर राख्ने व्यक्तिको नाम हो- राइमान शाक्य ।

२०४६ सालमा प्रजातन्त्रको पुनर्बहालीको लागि आन्दोलन भएको बेला चैत्र २० गते कीर्तिपुरको आन्दोलनमा उहाँलाई ३ वटा गोली लागेको थियो । दुईवटा गोली त ०४७ सालमा नै झिकियो, तर एउटा गोली भने शरीरमै अड्कियो । गोली शरीरमै रहेको कारणले गर्दा उहाँले लामो समयसम्म असहय दुखाइ सहनु पर्‍यो । खुट्टाले टेक्न नसकेर बैसाखीको भरमा हिँड्नु पर्‍यो । दुखाइ कम गर्नको लागि दिनको १४/१५ वटा ट्याबलेटसम्म दुखाइ कम गर्ने औषधि खानु पर्‍यो । यसै सालमा मात्र उहाँले बैसाखी छोड्न सक्ने स्थिति आएको छ ।

राईमान शाक्यको जन्म २०२३ साल मंसिर महिनामा कीर्तिपुरको तःननी टोलमा भएको हो । आमा इन्द्रमाया शाक्य तथा बाबु चिन्हि गुरुज्युका जेठो छोराको रुपमा जन्मनु भएका राईमान शाक्यले आइ.ए. सम्म पढ्नु भएको छ । आई. ए पढ्दापढ्दै आन्दोलनमा घाइते भएको र त्यसपछि स्मरण शक्ति कमजोर भएको तथा बाबुको मृत्यु भएको कारणले घरको आर्थिक स्थिति कमजोर भएकोले पढाइलाई त्यतिकै छोड्नु परेको उहाँ बताउनु हुन्छ ।

उहाँ त्रिभुवन विश्व विद्यालयको माइक्रो बायोलोजी डिपार्टमेन्टमा असिस्टेन्ट स्टोरकिपरमा जागिरे हुनुहुन्छ । अहिले उहाँ आफ्नो परिवारका साथ कीर्तिपुर नयाँ बजारस्थित आफ्नै घरमा बस्नु हुन्छ ।

हालै उहाँसंग मूल्याङ्कनले कुराकानी गरेको थियो । यहाँ प्रस्तुत छ, उहाँसंग भएको कुराकानीका मुख्य अंशहरु :

– मुक्ता श्रेष्ठ

**तपाईलाई गोली कसरी र कहाँ लागेको थियो ?**

-गोली कसरी र कहाँ लाग्यो भन्ने कुरा मलाई थाहा नै भएन । मानिसहरूले त हेलिकप्टरबाट गोली हानेको हो भने । त्यतिबेला हेलिकप्टर पनि घुमिरहेको थियो । ०४६ साल चैत्र २० गते कीर्तिपुरमा जुलुशको ठूलो लस्कर पुलिस चौकीतिर अगाडि बढिरहेको थियो । त्यसलाई रोक्न प्रहरीहरूले अश्रुग्यांस छाडेका थिए । जुलुस तितरवितर भएर केही मानिसहरू यताउति लागिसकेका थिए । त्यहाँ भएका मानिसहरू र प्रहरी बीच ढुंगामुढा हुन थाल्यो । म घरेलुमा -प्रहरीचौकी भन्दा शय डेढसय् मिटर पर उभिएर चौकीतिर हेरिरहेको थिएँ । म अकस्मात लडें । ठेस लागेर लडेको हुँला भनेर म हत्तनपत्त उठ्न खोजें । तर उठ्न नपाउँदै फेरि लडें । एकछिन सम्म त केही चालै पाइन । 'यसलाई गोली लाग्यो, गोली लाग्यो । हस्पिटल लैजानु पर्‍यो' भनेर सबै कराएपछि मात्र मैले चाल पाएँ । यसो हेरेको त मेरो दुवै तिघ्राबाट

**२०४६ सालको आन्दोलनमा तपाईलाई गोली लागेको थियो । सो गोली तपाईले भर्खरै मात्र निकाल्नु भयो । किन यत्रो बर्षसम्म गोली ननिकालीकन बसिरहनु भएको हो ?**

२०४६ सालको चैत्र २० गते कीर्तिपुरको आन्दोलनमा मलाई तीनवटा गोली लागेको थियो । एउटा दाँया तिघ्रामा, एउटा बायाँ तिघ्रामा र एउटा हिपको जोर्नीनिर । मलाई लाग्छ, त्यतिवेला मलाई बचाउने हिसावले मात्र हतार हतारमा उपचार गरिएको थियो । किनभने, त्यतिबेला अरू पनि आन्दोलनमा गोली लागेका थुप्रै घाइतेहरू अस्पतालमा थिए । सबैलाई उपचार गर्नु पर्ने हतारले गर्दा हिपको जोर्नीमा पसेको गोली देख्दै देखिएन । त्यतिवेला डेढ दुई महिना हस्पिटलमा बसेर घर फर्कें । तर जोर्नीनिर दुखेको कम नै भएन । दुखाइ झन्झन् बढ्दै गयो । ६,७ महिनापछि म फेरि हस्पिटलमा देखाउन गएँ । तर त्यहाँ पहिलेका सबैजसो राम्रा डक्टरहरू नर्सिङ्गहोम खोल्नतिर लागिसकेका थिए । त्यहाँका अरू डक्टरहरूले राम्रोसँग हेर्दैहेरनन् । त्यसपछि म काठमाण्डौं नर्सिङ्गहोममा डा. अशोक बाँसकोटाकहाँ गएँ । उहाँले त्यहाँ अप्रेशन गर्न धेरै पैसा लाग्छ, बीर हस्पिटलमै जानुस् भनेर पठाउनु भयो । त्यहाँका डक्टरहरूले नून तताएर सेकाउनू भनेर पठाए । मैले धेरै दिनसम्म नून तताएर सेकाएँ, तर निको हुनुको सट्टा झन् दुख्न थाल्यो । फेरि म डा. बाँसकोटाकहाँ नै गएँ । उहाँले फेरि टिचिङ्ग हस्पिटलमा पठाउनु भयो । त्यहाँका डाक्टरहरूले "यो अप्रेसन हामीले गर्न सक्तैनौं" भनेर फिर्ता पठाए ।

त्यसपछि म डक्टर बाँसकोटाकहाँ नै गएँ र त्यहाँ अप्रेशन गरें । अहिलेसम्म मैले त्यही ठाउँमा चार पटक अप्रेसन गरिसकेको छु ।

**कहिले कहिले गर्नु भयो त चार पटक अप्रेशन ?**

शुरूमा त ०४७ सालमा भइहाल्यो । त्यसपछि ०४८ सालमा गरें । त्यसपछि ५० साल र ५५ सालमा गरेको हुँ ।

**अहिले सबै गोली निकालि सकियो त ?**

अहिले त गोलीका सबै टुक्राहरू निकालिसकिएको छ । क्लियर भइसक्यो भन्नु भएको छ डक्टरले ।

**प्रत्येक पटक अप्रेशन गर्दा कति कति खर्च लाग्यो ?**

०४७ सालमा त बीर हस्पिटलमा फ्रि मा नै अप्रेशन भयो । ०४८ सालमा २५ हजार आठसय लाग्यो । ०५० सालमा गरेको अप्रेशनमा ३८ हजार लाग्यो र ०५५ सालमा गरेको अप्रेशनमा ४८ हजार लाग्यो । यो त अप्रेशन खर्च मात्रै हो । औषधि खर्च, खाना खर्च त झन कति लाग्यो, हिसाब किताबै छैन ।

**यी सबै खर्चहरु कसले बेहोर्‍यो त ?**

शुरूको अप्रेशनमा त खर्च नै लागेन । त्यसपछिका अप्रेशनहरूमा सरकारबाट घाइतेलाई दिइएको सहयोग राशी ३५ हजार पाएको थिएँ । एकजना प्राध्यापकले १० हजार दिनु भएको थियो । कीर्तिपुरको नगरपालिका र शहीद स्मारक कोषले गरी ३५ हजार दिएको थियो । बाँकी पैसा श्रीमतीको सुन बेचेर र, अलि अलि आफ्नै बचत भएको पैसा थियो । त्यही खर्च गरेर उपचार गरें ।

**आफ्नो शरीरमा भएको गोली निकाल्न किन यतिका ढीला गरिरहनु भएको त ?**

खासमा गोली झिक्न ढीला हुनुको कारण मसंग पैसा नभएर नै हो । ०४८ साल र ५० सालमा अप्रेसन गर्दा नै भएकोजत्ति सबै पैसा खर्च भइसकेको थियो । अर्को चोटि अप्रेसन गर्न मसंग पैसा नै थिएन । सरकारी हस्पिटलमा गयो भने वास्ता नै गर्दैनन् । प्राइभेट हस्पिटलमा जानको लागि हजारौं रूपियाँ लाग्छ । यसपालि बल्ल नगरपालिका र शहीद स्मारक कोषबाट पैसा पाएकोले बल्लतल्ल खर्च पुर्‍याएर अप्रेसन गर्न पाइयो ।

**अहिले दुखाइ कस्तो छ त ?**

अहिले त दुखाइ पहिले भन्दा धेरै कम छ । पहिले त मेरो दुखाइ यति असहय हुन्थ्यो, भनेर साध्य नै छैन । दुखाइलाई कम गर्नको लागि म दिनको १४/१५ वटासम्म पेनकिलर ट्यावलेट खान्थें । कहिलेकाहिँ त २० चक्कीसम्म पनि पुग्थ्यो । त्यसले गर्दा त अहिले सानातिना दुखाइलाई दुखाइ नै होइन जस्तो लाग्छ ।

रगतको भल बगिरहेको थियो ।

सबैले मिलेर मलाई हस्पिटल लैजान भनेर दौडाए । तर विद्युत प्राधिकरणसम्म ल्याईपुग्दा एक डफ्फा प्रहरीहरू आइरहेका रहेछन् । त्यसैले मलाई सिधा नलगीकन नगाउँ जाने बाटोतिर लगे । त्यहाँ मलाई कसैको घरभित्र लान खोजे । एक जना मानिसको घरमा, मान्छेको नाम चाहिं नतोकौं, राख्न खोजे । तर उनीहरूले ढोका नै खोलीदिएनन् । ढोका ढकढक्याएको चाल पाएर पनि चाल नपाएको जस्तो गरिरहे । त्यसैले मलाई त्यही नजिकैको काठ पसलमा लगेर राखे । त्यहाँ प्रहरीहरू आइपुगे । त्यो घरभित्र मलाई राख्न पाएको भए शायद प्रहरीहरूले मलाई भेट्टाउने थिएनन् होला । त्यहाँ प्रहरीहरू र मलाई लिएर जाने मानिसहरू बीच हानाहान भयो । पछि त्यहाँ पनि गोली चल्ने स्थिति देखेपछि मलाई लिएर जाने मानिसहरू सबै यताउति लागे । एकजना महिला, कुन्नि को हो म चिन्दिनँ, उनले मलाई समातेर 'यो मेरो छोरा हो । यसलाई छोडदिनँ' भन्दै कराईरहिन् । प्रहरीहरूले उनलाई पनि लट्ठीले घोच्न थाले । त्यो दृश्य देख्न नसकेपछि मैले 'आमा ! तिमी जाऊ भनेर उनलाई घचेटीदिएँ । त्यसपछि मलाई प्रहरीहरूले घिसार्दै प्रहरी चौकी पुऱ्याए । त्यहाँ लगेर मलाई कुट्नसम्म कुटे ।

प्रहरी चौकीमा डेढ दुई घण्टा यातना दिएर राखेपछि मलाई महेन्द्र पुलिस क्लबमा लिएर गए । बाटोमा प्रहरीहरूले मेरो नांगो खुट्टाभरि बलेको चुरोट भोसेर पोलिदिए । यी हेर्नुहोस्, त, त्यतिबेलाको पालेको घाउको खत अहिलेसम्म पनि छ (खत देखाउँदै) । महेन्द्र पुलिस क्लबमा पनि मलाई बोरामा हालेर कुट्नसम्म कुटे । त्यस्तै, बेलुकी साढे आठ नौ बजेतिर मात्रै मलाई वीर हस्पिटल पुऱ्याए ।

**कीर्तिपुरमा गोली हान्नेसम्मको स्थिति कसरी आईपुग्यो ?**

२०४६ साल फागुन ६ गते देखिनै कीर्तिपुरमा घरघरमा गएर विद्यार्थीहरूलाई गिरफ्तार गर्न थालीसकेको थियो । धेरै विद्यार्थीहरू गिरफ्तार भइसकेका थिए । हामी पनि कौसी कौसीबाट भागेर गिरफ्तार हुनबाट बचेका थियौं । यस गिरफ्तारीबाट कीर्तिपुरका मानिसहरू आक्रोशित भइसकेका थिए । फागुन ८ गते नेपाल बन्दको दिन कीर्तिपुर त्रिभुवन विश्वविद्यालयमा आइरहेको "सिनास" भन्ने संस्थाको गाडी नै जनताले जलाईदिए । त्यसपछि प्रहरीहरूले कीर्तिपुरमा आक्रमण गरे । त्यसको प्रतिरोधमा कीर्तिपुरका जनताले पनि ढुंगामुढा गर्न थाले । त्यसपछि प्रत्येक दिनजसो कीर्तिपुरमा संघर्ष भइरहयो । प्रहरीहरू आतंकित भएर मानिसहरूलाई जथाभावी रूपले गिरफ्तार गर्न थाले र गिरफ्तार भएका मानिसहरूलाई प्रहरी चौकीमा चरम यातना दिन्न थालियो ।

यसरी समातेका मानिसहरूलाई यातन दिन थालेको कुरा कीर्तिपुरका जनताहरूले थाहा पाए । चैत्र २० गते विहानैदेखि पाँगा, नगाउँ तथा कीर्तिपुरमा सानातिना जुलुसहरू भइरहे । दिउँसो ३ बजेतिर विभिन्न ठाउँबाट जुलुसहरू निस्केर प्रहरी चौकीतिर लागे । म पनि जुलुसमा सामेल भएर अगाडि बढें । सवा चार बजेतिर जुलुसको ठुलो लस्कर प्रहरी चौकीनिर पुग्यो । प्रहरीहरूले जुलूसमाथि टियर ग्याँस छोडे । जनताहरूले पनि प्रहरीहरूले हानेको टियर ग्याँस समात्दै फेरि प्रहरीहरूलाई नै हान्न थाले । दुबैतिरबाट हानाहानको स्थिति पैदा भयो । मानिसहरू यताउति छरिनथालेका थिए । त्यति नै बेला एक्कासी गोली चल्यो । चार जना त शहीद नै भए । धेरै मानिसहरू घाइते भए । घाइते भएकाहरू मध्ये पनि मैले ठूलो कष्ट भोग्नु पऱ्यो ।

**कुनै पार्टीको निर्देशनमा तपाई जुलुशमा लाग्नु भएको थियो ?**

त्यतिवेला मलाई पार्टी भन्ने कुरा नै थाहा थिएन । सबै मानिसहरू आन्दोलनमा लागेकोले म पनि आन्दोलनमा लागेको हुँ ।

**अहिले कुन पार्टीमा हुनु हुन्छ त ?**

अहिले पनि कुनै पार्टीमा सक्रिय रूपमा लागेको छैन ।

**तपाई गोली लागेर बसिरहनु भएको बेला उपचारको लागि कुनै पार्टी वा सरकारसंग सहयोग माग्न जानु भएको थियो ?**



**महेन्द्र पुलिस क्लबमा पनि मलाई बोरामा हालेर कुट्नसम्म कुटे । त्यस्तै, बेलुकी साढे आठ नौ बजेतिर मात्रै मलाई वीर हस्पिटल पुऱ्याए ।**

राईमान शाक्य घाइते अवस्थामा

जान त गएको थिएँ । तर कसैले पनि मलाई सहयोग गरेनन् । सरकारबाट घाइतेहरूलाई पक्षपातपूर्ण तरिकाबाट सहयोग गरियो । म जस्तो तीन तीन ठाउँमा गोली लागेको, आठ वर्षसम्म पनि गोली भिक्न नसकेर दुख कष्ट पाएको व्यक्तिलाई 'ग' वर्गको घाइतेमा राखियो र ३५ हजार रूपियाँ मात्र सहयोग गरियो । जब कि, मैले थाहा पाए अनुसार गोलीले छोएर मात्र घाउ भएका हरूलाई 'क' वर्गको घाइतेमा राखियो । मेरो अप्रेसन गर्न र उपचार गर्नकै लागि लाखौं रूपियाँ खर्च भयो । सरकारले सहयोग गरेको पैसा त एक छेउ खर्च गर्नलाई पनि पुगेन ।

म नेकपा एमालेकहाँ पनि सहयोग माग्न पुगें । हाम्रै क्षेत्रको नेकपा एमालेको सांसदले 'म तिमीलाई जहाँ पुऱ्याएर पनि सहयोग गर्छु' भनेर भनेका थिए । तर उनको कुरा कुरामै मात्र सीमित रहयो । आफु चाँहि बैंकक गएर उपचार गरेर आए । मलाई भने कुनै किसिमको सहयोग गरेनन् ।

त्यस्तै म नेपाली कांग्रसको कार्यालयमा पनि सहयोग माग्न गएँ । २०५५ साल बैशाख ३० गतेको गोरखापत्रमा "कृष्णप्रसाद भट्टराईको अध्यक्षतामा नयाँ राजनैतिक पीडितहरूलाई सहयोग दिन शुरू " भन्ने खवर छापिएकोले मैले पनि अप्रेसन गर्न सहयोग पाउँछु कि भनेर म त्यहाँ पुगेको थिएँ । तर त्यहाँ सचिव श्यामलाल श्रेष्ठसंग भगडा नै भयो । राजनीतिक पिडितलाई सहयोग दिने भनेको सहयोग त घाइते मात्र भएकोलाई दिने होइन रे ! यो सहयोग पाउँन एक दिन भएपनि जेलमा बसेर आउँनु पर्छ रे । के आन्दोलनमा गोली लागेर घाइते भएकाहरू राजनैतिक पीडितभित्र पर्दैनन् ? एक दिन भएपनि जेल परेकाहरूले सहयोग पाउने, तर गोली लागेर जन्मभर दुःख पाउँनेहरूले अथवा जीवनभर अपाङ्ग भएर बस्नु पर्नेले सहयोग नपाउँने ? के यो अत्याचार भएन ?

**०४६ सालको आन्दोलनमा अरु मानिसहरु आन्दोलनमा लागेकोले रहर लागेर तपाई पनि लाग्नु भएको कि देशमा केही राम्रो होस् भनेर लाग्नु भएको ?**

त्यतिबेला पंचायतकाल थियो । जनताहरूलाई बोल्ने लेख्ने अधिकार थिएन । बेराजगारी बढिरहेको थियो । महंगी बढिरहेको थियो । देशमा अन्याय अत्याचार बढिरहेको थियो । जनतामाथि शोषण दमन बढिरहेको थियो । यी सबै कुराहरू हटाउन पंचायती व्यवस्था नै अन्त्य गर्नुपर्छ भन्ने कुरा मैले सुनेको थिएँ । मलाई पनि त्यस्तै लागिरहेको थियो । त्यसैले देशमा परिवर्तन होस्, जनताहरूले सुख पाउँन् भन्नाको लागि नै म आन्दोलनमा लागेको थिएँ ।

**के आन्दोलनपछि आएको व्यवस्थामा तपाईले खोज्नु भएको कुरा पाउनु भयो त ?**

खोई के पाए भन्नु जनता र देशले ? आन्दोलनमा घाइते भएर मैले यत्रो वर्ष दुख पाइरहँदा त केही सहयोग पाउँन सकिन । अरू जनताले के पाए होलान् र ? यति जोडले महंगी बढिरहेको छ, बेरोजगारी बढिरहेको छ । देशको विकास कसरी होला र ? ०४६ सालको आन्दोलनपछि

सबै सुख सुविधाहरू नेताहरूले नै पाए, जनताहरूले र देशले केही पाएनन् । देशमा भएको परिवर्तनको फाइदा नेताहरूले नै उठाए, देशले केही फाइदा पाउँन सकेन । नेताहरूले आफ्नै पार्टी र व्यक्तिगत स्वार्थको लागि मात्र काम गरिरहेका छन् । जनता र दशेको स्वार्थको लागि केही गरिरहेका छैनन् । सम्पति जति नेताहरूको हातमा, दुःख जति जनताको हातमा भइरहेको छ अहिले ।

**तपाईलाई के कुरामा रुचि छ ?**

मलाई पहिला त फुटबल खेल्न असाध्यै मन लाग्थ्यो । अहिल त म अपाङ्ग जस्तै भइसकें । खुट्टाले फूटबल खेल्न नै हुदैन । अब त मेरो रूचि भनेकै परिवारलाई कसरी सुखी राख्न सकिन्छ भन्ने कुरामा छ ।

**मनोरञ्जनको लागि तपाई के गर्नु हुन्छ ?**

म कहिलेकाँही फिल्म तथा टि.भि. हेर्ने गर्छु , तर टि.भि.मा कहिलेकांही त समाचार आयो कि रीस उठ्छ । जहिले पनि नेताहरूकै समाचार दिइरहेको हुन्छ । उनीहरूको कुरा सुन्दा त दिमागै तात्छ । सन्तोष पन्तको 'हिजोआजको कुरा' भने म नियमित रूपले हेर्छु । उनले नेताहरूमाथि गरेको सत्य तथा तथ्य कुरामा आधारित व्यंग्य मलाई असाध्यै मन पर्छ । शनिवारको दिन टि.भि.मै फिल्म हेर्छु ।

**तपाईलाई कस्तो खालको फिल्म मन पर्छ ?**

घरायसी खालको सामाजिक फिल्म तथा नेताहरूको पोल खोलेर जनताहरूले नेताहरूलाई सजायँ दिएको देखाएको फिल्म मलाई मनपर्छ । जस्तो, मलाई असाध्यै मन पर्ने फिल्म 'क्रान्तिवीर' हो ।

**पत्रपत्रिका पढ्ने गर्नु हुन्छ ?**

राजनितिक विषयको पत्रपत्रिका मलाई मन पर्दैन । सामान्यज्ञान, विमोचन, साधना, युवामञ्च आदि पत्रिकाहरू मैले हेर्ने गरेको छु ।

**तपाई कस्तो खालको गीत मनपराउँनु हुन्छ ?**

मलाई नेपाल भाषाका गीतहरू र लोकगीतहरू मन पर्छ ।

**नेपालका गायकहरु को को मन पर्छ ?**


नारायण गोपाल र प्रवेशमान शाक्य मलाई मन पर्ने गायकहरू हुन् ।

**तपाईलाई मन पर्ने कुनै नेताहरु ?**

खोइ को छ भन्ने मन पर्ने नेताहरू ? जसले देश र जनताको लागि भलो हुने काम गर्छ, त्यही नेता मलाई मन पर्छ । ❑



# हामीले काँक्रा चोर्ने प्रोग्राम बनायौं



## क. निर्मल लामाको आत्मकथा

ती हाम्री चेलीलाई म फुपू फुपू भन्थें । धेरै वर्षपछि उनलाई मैले परार साल अचानक अस्पतालमा भेटें । उनी विरामी परेकी रहिछिन् । उनको छोरा ड्राइभर हो । ऊ मकहाँ आयो र आमा विरामी भएको कुरा मलाई सुनायो । त्यतिखेर म ज्यादै वेफुर्सदी थिएँ । मैले सुकन(सुकन्या) लाई 'जाऊ' भनें । सुकन र उनकी बहिनी, जो मेरा भाइकी पनि श्रीमती हुन्, दुवै गएर त्यो विरामीलाई ५००/५०० रूपियाँ दिएर आए । तर, त्यसको दुई तीन दिन पछि नै त्यो विरामीको मृत्यु भयो ।

यो भयो मेरो पुर्खाको गाउँको कथा । अब फेरि म मेरो बाल्यकालतिर जान्छु ।

त्यसबेला मेरो आमातर्फको बज्यै हुनुहुन्थ्यो । हाम्रो घरको अलि तल जङ्गलको बीचमा जम्माजम्मी दुइवटा घरहरू थिए । एउटा मगर झाँक्रीको घर थियो । उसलाई साँहिला झाँक्री भनिन्थ्यो । अर्को, मेरी मामाको घर थियो । मामापट्टिको बज्यै हुनुहुन्थ्यो, बाजे मैंले देखिनं । त्यहाँ रक्सी बनाउँन सजिलो थियो 'एक्साइज' त्यहाँ प्रायः पुग्दैनथ्यो । अतः त्यहाँ रक्सी बनाइदिन्थिन् मेरी बज्यैले । अनि त्यहाँबाट म ४०/५० मिनेट तल ओर्ली रक्सी बेच्न जान्थें । फर्कदा उक्लनु पर्ने भएकोले बजारमा मलाई पूरा एक घण्टा समय लाग्दथ्यो ।

मैले घिटीमा पानी बोक्ने उमेरमा अर्को एउटा पनि काम गर्ने गरेको थिएँ । त्यो हो - थली गोड्ने । गोड्ने भनेको घाँसपात निकाल्ने, चियाको बुटामा झ्याउ लागेको हुन्छ, भित्र उन्यूहरू एकदम कडा भएर रहेका हुन्छन्, तिनलाई खन्ती लिएर , ठोकेर हातले सबै सफा गर्ने ।

यस्ता कामहरू गरेर नै मेरो मीन पचास बिदा बित्दथ्यो । र, परिवारलाई केही सहयोग हुन्थ्यो ।

अर्कोतिर,स्कूल लागेकै बेलामा पनि त्यतिबेला अंग्रेजी फौजहरू थुप्रै आउँथे । अहिले बुझ्दा त्यो समय दोस्रो विश्वयुद्ध चलिरहेको बेलाको समय थियो । शायद् ती अंग्रेज फौजहरू बिदा मनाउनका लागि आएका थिए । प्रत्येक अंग्रेजको घरमा ५/७, ५/७ जना सिपाहीहरू राख्ने गरिन्थ्यो । अब तिनीहरूलाई स्टेशनबाट मेरो चिया बगानको जोन भन्ने अंग्रेज मेनेजरकहाँसम्म आईपुग्न करीव डेढ किलोमिटर जति हिड्नु पर्थ्यो । मैले तिनीहरूको गुण्टा बोक्ने काम गरें । ज्याला मैले चार आना पाउथें । तिनीहरू फर्कने बेलामा पनि मैले तिनीहरूको गुण्टा बोक्ने काम गरें ।

त्यस्तै, अर्को कुरो चारपाते चियाको एउटा बाक्सालाई स्टेशनसम्म बोकेर पुऱ्याउँदा गोराको (अंग्रेजको) भए चार आना र अरूको भए दुई आना ज्याला पाइन्थ्यो । मैले त्यो काम पनि गरें । बिहान, बेलुकी र स्कूलमा विदा भएको समयमा म त्यो काम गर्थें । काम गरेर पाएको सबै पैसा मैले आमालाई दिन्थें ।

म त्यतिखेर सेन्टअल फनसस इङ्लिस हाईस्कूलमा पढ्थें । मेरो स्कूलको ठीक तलतिर हिल कार्ट रोड भन्ने मूल सडक थियो । हिल कार्ट रोड भनेको गोरू गाडा चल्ने पहाडको सडक हो । एउटा गोरू गाडा काठ फ्याक्ट्रीसम्म पुऱ्याउन १२ आना, १४ आना पैसामा ठेक्कामा दिइन्थ्यो । म एक बयल गोरू गाडाले झारेको पूरै काठ दुई अधाई घण्टा समयमा बोकेर फ्याक्ट्रीमा पुऱ्याउने काम गर्थें । त्यसबाट आएको १२ आना, १४ आना पैसा जम्मै म आमालाई बुझाउथें । यसरी बुझाएको मध्येबाट प्रत्येक हप्ता शनिवारको दिन आमासँग मैले चार आना पैसा माग्थें । मैले माग्नासाथ आमा खुरूक्क दिनु हुन्थ्यो ।


त्यो चार आना पैसा मध्येबाट म नौ पैसा खर्च गरी हाफ टिकट काटेर सिनेमा हेर्न जान्थें । हाफ टिकट भनेको केटाकेटीको लागि आधा मूल्य तिरेर पाउँने टिकट हो । सिनेमा हेरिसकेपछि बाँकी पैसाको खाजा खाने गर्थें । त्यतिबेला चार पैसाको आधा प्याला मःमः पाइन्थ्यो । आधा प्यालामा ठूलठूला चारवटा मःमः हुन्थ्यो । म त्यही खान्थें । प्रत्येक हप्ताको एक चोटि आमासँग चार आना पैसा लिई त्यसरी सिनेमा हेर्न जान्थें म ।

एकचोटी चौथीको केही समयअगाडि फुटबल म्याच थियो । म्याच खर्स्याङ्ग भर्सस् सुकिया पोखरीको थियो । उतापट्टिको टिमको हर्ताकर्ता खर्स्याङ्गे माइला भन्ने थियो । उसको खास नाम सन्तबीर लामा हो । पछि नेपालमा आएर ऊ अञ्चलाधीश पनि बन्यो । ऊ चर्चामा थियो ।

त्यो म्याच हेर्न हामी गाउँका ठिटाहरूले हूल बनाएर जाने तयारी गर्‍यौं । त्यहाँ म्याचमा काँक्रो खूब बिक्थ्यो । तर, हामी त किनेर खान नसक्नेमा थियौं । त्यसैले हामीले ठाउँठाउँका बारीहरूमा काँक्रा चोर्ने प्रोग्राम बनायौं । त्यता ठूलठूला काँक्रा फल्थ्यो । अलि कालोकालो फलामे काँक्रा भन्ने पनि फल्थ्यो । त्यो खूब मीठो हुन्थ्यो ।

साथीहरूले मलाई त त्यही जोन साहेबको बगैंचाको काँक्रो चोर्ने जिम्मा दिए । किनकि त्यो मेरोबाट नजीक

**त्यो चार आना पैसा मध्येबाट म नौ पैसा खर्च गरी हाफ टिकट काटेर सिनेमा हेर्न जान्थें ।**



क. लामा अध्ययन र लेखनको क्रममा
फोटो : उषा

थियो ।

म बिहानै काँक्रो चोर्न गएँ । म वास्तवमा अँध्यारोमै पुग्नु पर्थ्यो, तर उज्यालो भएपछि मात्र ब्यूँझें । बगैँचामा पुगेर मैले एउटा लामो काँक्रो बटारेर चुँडालें । अर्को पनि चुँडालें । तर, तेस्रो चुडाल्न खोज्दा त माथिबाट मान्छे करायो । जोन साहेबले देखेछ । म स्वाट्ट बार नाघेर भागीहालें । तर, घरमा चाहिँ गइनँ । बिहानको शीतले मेरो पूरै लुगा भिजिसकेको थियो ।

मैले हाफ पाइन्ट लगाएको थिएँ । त्यो पनि पूरै भिज्यो । त्यसपछि त्यहाँबाट अलि तलतिर मेरो एकजना साथीको घरमा म गएँ । त्यो साथीका बाबु त्यही चियाबगानको 'हेड क्लर्क' थिए । त्यो साथीको नाम हेण्डेन मोत्तान हो । ऊ मेरो स्कूलको साथी थियो । तर, ऊ मभन्दा दुई वर्ष सिनियर थियो । त्यो साथीलाई मैले आफ्नो घटना सुनाएँ र कसैलाई पनि नभन है भनेर भनें । तर, त्यो कुरो उसको बाबुले सुनेछ । उसले लगत्तै अंग्रेजीबाट 'जोन साहेब, जोन साहेब, तपाईको कांक्रो चोर यहाँ आएको छ ' भनेर ठूलो ठूलो स्वरमा कराईदियो । तुरून्त त्यहाँबाट म भागें ।

घरमा गयो भने आमाले र बाबुले पिट्छन् भनेर मलाई खूब चिन्ता लाग्यो । र, म घर गइनँ । अरू सबै साथीहरूले कांक्रो चोरेर ल्याए । मै मात्र असफल भएँ ।

फुटबल म्याच दुई बजे शुरू हुनेवाला थियो । हामीलाई कमसेकम दुई अढाई किलोमिटरको बाटो हिंडेर जानुपर्थ्यो खेल हुने ठाउँसम्म पुग्न । बजारतिरबाट हामी हिंड्न तरखर गर्दैथियौं, आमा आउनु भयो । म भाग्न खोजें ।

आमाले ' ए पारङ्ग नभाग नभाग' भनेर कराउनु भयो । घरमा मेरो नाम पारङ्ग थियो । पारङ्गको अर्थ तामाङ्ग भाषाबाट माइला हो ।

टक्क अडें । आमा नजीक आएर मेरो हातमा दुई आना पैसा थमाईदिनु भयो । विहानदेखि केही खाएको छैनस् । तँ फुटबल नहेरी छोड्दैनस् । मःमः खाएर जा ।' भनेर आमाले पैसा दिनुभयो । पैसा पाएपछि पसलमा गएर भटाभट मःमः खाएँ, सूप खाएँ । पेट टन्न भइहाल्यो । त्यसपछि फुटबल हेर्न हिंडे ।

**एकचोटी यही चौथीकै बेला थियो। हामीहरू नासपाती चोर्न गयौं।**

एकचोटी यही चौथीकै बेला थियो । हामीहरू नासपाती चोर्न गयौं । तीन फिट जतिको बाटो थियो । एकातिर चारपाँच फिटको पर्खाल थियो । त्यो पर्खालको माथिल्लो सतहसँगै मिलेको जमीनमा ठूलठूला दानाहरू फालिरहेको नासपातीको बोट थियो । मैले बाँसको लामो लट्ठीले नासपाती झार्न शुरू गरें । तर, घरपतिले थाहा पायो र ऊ कराउँदै आयो । म झ्वाट्ट तल के झर्दै थिएँ, उताबाट अर्को साथी हुत्तिएर आयो र मेरो नाकमा उसको टाउको ढ्याम्मै ठोकिनपुग्यो । मेरो नाकबाट रगत तरर.... बगीहाल्यो । साथीहरूले मलाई घरमा लिएर आए । दुईतीन जना साथीहरू घरमा आए । अब के गर्ने ? आमाले थाहा पाउनु भयो भने त मारिहाल्नु हुन्थ्यो ?

हाम्रो घरमा मातृप्रधान समाजको जस्तै चलन थियो । सम्पूर्ण कुरो आमाबाटै चल्थ्यो । बाबुदेखि हामी डराउदैनथ्यौं, तर आमादेखि हामी डराउँथ्यौं। त्यसैले 'लडेर घाउ भएको' भनेर आमालाई भन भनेर साथीहरूलाई मैले सिकाएँ । म त दुईतीन दिन थला नै परें । मलाई त्यहाँ चिया बगानकै डाक्टरले औषधि गरे । तीन दिनपछि मात्र म स्कूल जान सकें ।

यस्तै एउटा अर्को घटना ।


सायद् मेरो उमेर १२/१३ वर्षको थियो होला । हामी त बडो दुःख पाएका मान्छेहरू थियौं । खर्साङ्गबाट स्वाट्ट तल झरेर जब तराईसंग जोडिने ठाउँ आउँछ, त्यहाँ एउटा पानी घट्ट भन्ने बजार छ । त्यो बालसानी नदीको किनारमा पर्छ ।

प्रत्येक हप्ता मेरी आमा पानी घट्ट जानुहुन्थ्यो । दाइले १५ र आमाले ३० शेर धान बोक्नुहुन्थ्यो । त्यतिबेला डेढ रूपियाँमा एक मन धान आउँथ्यो । त्यो पनि माथि सस्तोमा नपाएर सस्तो खोज्दै हामी तल झर्थ्यौं । विहान भालेको डाकमा उठेर हामी भात खान्थ्यौं । यहाँ सालको पात भनेजस्तै त्यहाँ बेपारी भन्ने रूखको पातमा राखेर खाने चलन थियो । त्यही बेपारीको पातमा भात र गोलभेँडाको अचार राख्थ्यौं । शिशीमा नून हालेको चिया राख्थ्यौं । त्यो खानेकुरा बोकेर हामी जानेगर्थ्यौं । म त्यतातिर आइतबार आइतबार जानेगर्थें । किनकि आइतवार चियावगान पनि बन्द हुन्थ्यो र त्यहाँ बजारमा ठूलठूला हाटहरू पनि लाग्थे ।

गाउँबाट प्रत्येक आइतबारः पानी घट्टाको बजारमा गरीबहरू हूलकाहूल जाने गर्थे । सधैं मेरो दाइ र आमा जानु हुन्थ्यो । एक चोटि शनिवारदेखि नै आइतवारको हाटमा म जाने भनेर म कराएँ । म धेरै कराईसकेपछि मसित हारेर आमाले 'भैगो भैगो, तँलाई लिएर जान्छु' भन्नुभयो ।

भोलिपल्टको विहान भालेको डाकमै भात र गुन्द्रुक टन्न खाएर हामी पानी घट्टा तिर हिंड्यौं । चार घण्टा जति बरबट्टोको ओरालो अनि पंखाबारीको मैदान बालुवैबालुवाको बाटो हुँदै बल्लतल्ल हामी पानी घट्टा पुग्यौं । त्यहाँ पुग्दा त म थाकेर लस्त भइसकेको थिएँ । तागत केही बाँकी रहेन । मेरो हालत देखेर आमाले एक मन सबै बोक्छु भन्नुभयो । मैले १५ शेर त होइन १० शेर चाहिँ बोक्छु, बोक्छु भनें । अनि १० शेयरको बोरा बनाई बोकेर म हिंडें । गाउँबाट गरीबहरू हूलकाहूल गएका थिए । ती सबैले एकपछि अर्कोले हामीलाई पछाडि छोडी अगाडि बढे. । पंखाबारीको बालुवाको बाटो पार गर्दासम्म त हामी एक घण्टा ढीलो भइसकेका थियौं । त्यसपछि आमाले मलाई तानेर अगाडि डोऱ्याउनु भयो । पंखाबारी नाघेर बरबुट्टेको उकालो लाग्नासाथ आमाले मेरो बोरा पनि आफ्नोमै खापेर मलाई डोऱ्याउनु भयो ।

मैले माथि पानी घट्टा जाँदा हामी खाना बोक्थ्यौं भनेर भनें नि । पानी घट्टा जाने सबैले बरबुट्टेको झाडीमा खानाहरू लुकाएर जान्थे । हामी बरबुट्टेमा पुग्दा भोकले चूर भइसक्याथ्यौं । त्यहाँ हामीले अघि विहान पानी घट्टातिर जाँदा ठूलो बरको रूखमुनिको झाडीमा भात, अचार र चिया लुकाएर राखेका थियौं । त्यही भात खानको लागि आमाले आफूले लुकाएर राखेको ठाउँमा खोज्न जाँदा पोको पार्दा प्रयोग गरिएको कपडा बाहेक अरू केही पाउनु भएन । ❑



## जीवनको झाँकी

प्रयासको लागि लेखिएको यो पत्रमा यस्ता कडा आलोचनाहरू हटाउनु पर्दछ । अन्यथा, म पत्रमा हस्ताक्षर गर्न सक्दिनँ ।'

कालकोठरीबाट नागभूषणको पत्र फेरि एक पटक पाँच जना नेताहरूकहाँ पुग्यो । केही दिनपछि मुद्दाको तारिख खेप्न अदालत जाँदा सबै नेताहरूको भेट भयो । त्यहीं भएको विचार - विमर्शको क्रममा नागभूषणको आपत्तिलाई सकारियो । त्यसपछि नागभूषणको हस्ताक्षरसहित सो पत्र पार्टी कार्यकर्ताहरूबीच गोप्य ढंगले वितरण गर्ने योजना बनाइयो, ताकि भाकपा (माले)को नक्सलवादी आन्दोलनसम्बन्धी चिनियाँ

**नक्सलवादी नेता क.नागभूषण पटनायकको आत्म बलिदानले भरिएको संघर्षको गाथा**

अनि दुःख मनाऊ गर्दै उनीहरू जेल फर्के ।

यसरी सर्वप्रथम पार्टीभित्र जारी गरिन लागिएको पत्र सार्वजनिक भयो । ७ अगस्ट, १९७२ को 'इण्डियन एक्सप्रेस' मा सो पत्रको सार्वजनिक प्रकाशन भएपछि पहिलो पटक भाकपा (माले) भित्र चलिरहेको विवाद र आरोप-प्रत्यारोप सबैका अगाडि प्रकट भयो । त्योभन्दा अगाडि भाकपा (माले)को पंक्तिभन्दा बाहिरकाले नक्सलवादी आन्दोलनमा कुन विषयमा कति गहिरो मतभेद छ भन्ने कुरा पटक्कै थाहा पाएका थिएनन् । सो पत्र सार्वजनिक हुनुको अन्तरकथा स्वयंले पनि कठीन दिनहरूमा नक्सलवादी आन्दोलनकारीहरूको आन्तरिक स्थिति कति बिजोगपूर्ण भइसकेको थियो भन्ने कुरा अभिव्यक्त गऱ्यो ।

६ जना नेताहरूको पत्रमा चिनियाँ कम्युनिष्ट पार्टीद्वारा गरिएका सुझाव र आलोचनालाई संक्षेपमा राख्दै उनीहरूको आफ्ना सुझावहरू पनि समावेश गरिएका थिए ।

# टूट-फूट बीच नक्सलवादी आन्दोलन

सन् १९७२ को शुरूतिर सशस्त्र नक्सलवादी आन्दोलनको नेतृत्व गरिरहेको भाकपा (माले) क.चारू मजुमदार समर्थक समूह र विरोधी समूहमा विभाजित भएपछि व्यापक रूपमा गुट-उपगुटहरू निर्माण हुनथाले । क. चारूले गुट-उपगुटमा विभाजित भाकपा (माले)लाई राम्ररी सम्हाल्न नसकिरहेको स्थितिसम्बन्धी गंभीर रिपोर्ट विशाखापट्नम जेलभित्रसम्म फैलियो ।

त्यसबेला कलकत्ताबाट गिरफ्तार गरी विशाखापट्नम जेल लगिएका केन्द्रीय नेता सौरेन बोसले पार्टीको नराम्रो हालतसम्बन्धी खबर दिए । चीनबाट चिनियाँ नेताहरूका सुझाव र आलोचनाहरू बोकेर क. चारूलाई भेटेका सोरेन बोसलाई आफ्नो गिरफ्तारीभन्दा पहिले नै लगीसकेको थियो - चारू बाबु चिनियाँ पार्टीबाट प्राप्त सुझाव र आलोचनाहरू केन्द्रीय कमिटी र पार्टी कार्यकर्ताहरूबीच राख्न चाहँदैनन् ।

सौरेन बोसको कुराकानी सुनेपछि कैदी नागभूषण पटनायकलाई लाग्यो -'बोसका कुराहरू सुनेर मलाई पनि के विश्वास भयो भने, सि.एम. (चारू मजुमदार) चिनियाँ पार्टीका सुझावहरूबारे चर्चा गराउनका लागि हच्किरहेका छन् ।'

त्यसैले नागभूषण लगायत सौरेन बोस, कानु सान्याल, कोला बेंकैया, तेजेश्वर राव र भुवन मोहन पटनायकले जेलभित्रै एउटा नयाँ योजना बनाए । उनीहरूले चिनियाँ कम्युनिष्ट पार्टीका सुझाव र आलोचनाहरूलाई संक्षेपमा एउटा पत्रको रूपमा लेखेर पार्टी कार्यकर्ताहरूसमक्ष पुऱ्याउने योजना बनाएका थिए । सोही योजनाअन्तर्गत लेखिएको पत्र कालकोठरीमा एक्लै बन्द गरिएका नागभूषणसमक्ष पठाइयो । उनले चारू मजुमदारमाथि बेसी आलोचना गरिएको भागमा आपत्ति जनाए । उनले, भने - पार्टी एकता कम्युनिष्ट पार्टीका सुझाव र आलोचनाहरूको आलोकमा पार्टीभित्र एकता र समझदारीका नयाँ अध्याय निर्माण गर्न सकियोस् ।

तर अदालतको अर्को तारिखका दिन उनीहरूको सम्पूर्ण योजनाले हावा खायो । कोला बेंकैयालाई उनका पत्रकार मित्रले अदालत बाहिर सोधे -'तपाईहरूले कुनै खुला पत्र जारी गर्नु भएको थियो ?'

यो कुरा सुनेर आश्चर्यचकित भएका कोला बेंकैयाले खुलापत्र जारी नगरिएको कुरो बताएपछि पत्रकारले दावी गरे -'मसंग त्यो खुलापत्र छ, जुन स्वयं तेजेश्वर रावले मलाई दिएका थिए ।'

समझदारी विपरित पत्र सार्वजनिक भएकोमा रिसाएका कोला बेंकैयाले नागभूषणकहाँ गएर सबै कुरा बताए । नागभूषणले पनि तेजेश्वर रावलाई ठाडै चुनौती दिएपछि त्यसको पोल खुल्यो । नागभूषण, भुवन मोहन र कोला बेंकैयाले थाहा पाए - कानु सान्याल, सौरेन बोस र तेजेश्वर रावको मिलोमतोमा पार्टीभित्र जारी गरिनुपर्ने पत्र सार्वजनिक गरिएको रहेछ । उनीहरूले यस्तो कामको कडा विरोध गरे

**क. चारू मजुमदारको वाम दुस्साहसवादको आलोचना**

पत्रमा लेखिएको थियो :

संयुक्त मोर्चा संघर्षको प्रत्येक चरणमा बन्ने र बिग्रने क्रम जारीरहन्छ । त्यसैले लाल - आधार इलाकाको निर्माणपछि मात्रै संयुक्त मोर्चा बन्नेछ भन्नु गलत हो । सिंगो पूँजीपति वर्गलाई विदेशी पूँजीको दलाल मान्नु पनि सही होइन । 'चीनका अध्यक्ष हाम्रा पनि अध्यक्ष' जस्ता नाराले मजदूर वर्गको राष्ट्रिय भावनामा चोट पुऱ्याउँछ । खुला ट्रेड यूनियनहरू, जनसंगठनहरू र जन



# जीवनको झाँकी



**मूल्यांकनको पूर्णांक ६२ देखि हामीले जिउँदै किम्बदन्तीका नायक भएका भारतका नक्सलवादी नेता स्व. नागभूषण पटनायकको आत्मबलिदानले भरिएको संघर्षको गाथा प्रस्तुत गर्दै आएका छौं । यस क्रममा यहाँहरूले नक्सलवादी आन्दोलनको उभारबीच चर्किएको विवादमा उहाँको भूमिका र गिरफ्तारीको प्रसंग पढ्नु भयो । यस अंकमा पढ्नु होस: टुटफुटबीच अगाडि बढिरहेको नक्सलवादी आन्दोलन र त्यसका नेता क. चारू मजुमदारका कमी – कमजोरीहरूबारे विशाखापटनम जेलमा बन्द नेताहरूको चिठी र क. चारूको मृत्युसम्बन्धी कथा ।**

आन्दोलनहरूलाई बेकार भइसकेको मान्नु पनि गलत हो । "वर्ग शत्रु सफाया"को नाममा गोप्य तरिकाले हत्या गर्नु पनि गलत हो । लिन प्याओको गुरिल्ला युद्धको सिद्वान्त. जापानविरोधी युद्धको परिस्थितिमा प्रयोग गरिएको थियो । त्यसैले यसको राजनीतिक र सांगठनिक सवालहरूसँग कुनै नाता छैन । कम्युनिष्ट हुनका लागि वर्ग शत्रुहरूको रगतमा औंला चोप्नै पर्ने शर्त राख्नाले कम्युनिष्ट पार्टी कम्युनिष्ट पाटी नै रहँदैन । जमीनको प्रश्नलाई राज्यसत्ताको प्रश्नको विरूद्ध खडा गर्नाले कृषि क्रान्तिमाथिको जोड कम भएको छ । बिनाजनसंगठन र बिनाजनआन्दोलन किसानहरूको सशस्त्र संघर्ष टिकाउन सकिँदैन । नेताको प्राधिकार र उनको प्रतिष्ठा स्थापित र निर्मित गर्न सकिदैन, त्यो त आफ्सेआफ विकसित हुने कुरो हो र अन्तमा भाकपा (माले) को आम दिशा सही छ तर कार्यनीतिहरू गलत छन् ।

पत्रमा आत्मालोचनाको पक्ष पनि राखिएको थियो -'हामीलाई पक्का विश्वास छ ,पार्टीका महासचिवका रूपमा कमरेड चारू मजुमदार वाम दुस्साहसवादी भड्कावहरूका लागि मुख्य रूपमा जिम्मेवार छन्, साथसाथै हामीलाई के कुरामा पनि पक्का विश्वास छ भने, पार्टीको पहिलो महाधिवेशनद्वारा छानिएका पहिलो केन्द्रीय कमिटीका सदस्यहरू र वर्तमान केन्द्रीय कमिटीमा समावेश गरिएका सदस्यहरू पनि आफ्ना जिम्मेवारीहरूबाट बच्न सक्दैनन् । उनीहरू पनि कम या बढी मात्रामा, सिधा वा घुमाउरो पाराले यस वाम दुस्साहसवादी भडकावका लागि जिम्मेवार छन् ।'

कुनै गूट-उपगूटसँग असंलग्न ६ जना नेताहरूद्वारा लिखित सो पत्रको अन्तमा जोडदार ढंगले अपील गरिएको थियो -'पार्टी कार्यकर्ताहरूले चारू मजुमदारमाथि आत्मालोचनाका लागि दवाब दिनु जरूरी छ ।'

तर कस्तो विडम्बना भने, यो पत्र पार्टी कार्यकर्ताबीच पुग्दानपुग्दै क.चारू गिरफ्तार भइसकेका थिए । क.चारूको आकस्मिक गिरफ्तारीले दुखित भएका नागभूषण लगायत विशाखापटनम जेलमा रहेका पत्र लेखक नक्सलवादी नेताहरूले नयाँ आशाको किरण देखे । उनीहरूलाई के लागेको थियो भने, क. चारू पनि उनीहरूका सहअभियुक्त भएकाले उनलाई पनि विशाखापट्नम जेलमै ल्याइनेछ र जेलमा एकसाथ हुँदा फेरि एक पटक सबै मतभेद र फूटकोबारेमा गहन कुराकानी गर्ने अवसर पाइने भयो । उनीहरू क.चारूसँग व्यापक छलफल गरेर नयाँ ढंगले पार्टी -एकताको अभियान थाल्न सकिने कुरामा आशावादी भएर बसिरहेका थिए ।

**६ जना नेताहरूले लेखे- 'पार्टी कार्यकर्ताहरूले चारू मजुमदारमाथि आत्मालोचनाका लागि दवाब दिनु जरूरी छ ।'**



तर २८ जुलाई, साँझ ४-५ बजेतिर प्रहरी चौकीमै हिटलरी शैलीको यातनाको कारणले दम र मुटुका विरामी क.चारूको मृत्यु भयो । सशस्त्र नक्सलवादी आन्दोलनको लागि अत्यन्त गंभीर क्षतिको रूपमा अभिव्यक्त भयो -क. चारूको असामयिक मृत्यु !

यो दुखदायी खवर विशाखापट्नम जेलका नक्सलवादी कैदीहरूबीच पनि जंगलको आगोझैं फैलियो । नागभूषणको शब्दमा, "हामी यो दुखद् खवर सुनेर अवाक भयौं ।"

पार्टी-एकताको प्रयासको पहिलो कदम क.चारूको मृत्युसँगै अवशान भयो र मृत्यु भयो - नक्सलवादी आन्दोलनको उत्कर्षको कालको । र, क. चारूमा केन्द्रीकृत भएको पार्टीको केन्द्र पनि नष्ट भयो, टूट-फूटको क्रम झन तीव्र भयो । र, शुरू भयो -

*कानु सान्याल, सौरेन बोस र तेजेश्वर रावको मिलोमतोमा पार्टीभित्र जारी गरिनुपर्ने पत्र सार्वजनिक गरिएको रहेछ ।*

सशस्त्र नक्सलवादी आन्दोलनका कमी कमजोरी र गल्तीहरूले बाँकी बचेका नक्सलवादी नेता र कार्यकर्ताहरूलाई गिज्याउने क्रम !

टूट-फूटको यो स्थितिमा पंजावका नक्सलवादी नेता जगजीतसिंह सोहल उर्फ शर्माले पश्चिम बंगाल राज्य कमिटीका सदस्य महादेव मुखर्जीसँग मिलेर क. चारू समर्थकहरू बीच केन्द्र निर्माण गर्ने पहल गरे । स्मरणीय छ, आफ्नो गिरफ्तारीभन्दा केही दिन अगाडि मात्रै क. चारूले शर्मासँगको अन्तिम कुराकानीमा चिनियाँ पार्टीका सुझाव र आलोचनाहरूमाथि ध्यान दिनु पर्ने र पार्टीको पुनर्गठन गर्नुपर्ने कुरामाथि जोड दिएका थिए । यही कुराकानीलाई आधार मानी शर्माले महादेव मुखर्जीसँग मिलेर पार्टी पुनर्गठन गर्ने सिलसिलामा ५-६ डिसेम्बर, १९७२ मा कलकत्तामा नयाँ केन्द्रीय कमिटीको घोषणा गरे ।

क. चारूको मृत्युमा जिम्मेवार देखिएका अपराधीहरूलाई दण्ड दिने बाचासहित उग्र नारासहित प्रकट भएको यो केन्द्र जेलबाट छुटेका र भागेका नक्सलवादीहरूलाई विशेष ढँगले आकर्षित गऱ्यो । यसमा पार्टीलाई नयाँ ढंगले पुनर्गठन गर्ने पक्षमा रहेका विहारका क्रान्तिकारीहरू पनि समाहित भए ।

तर यो केन्द्र गठन भएको एक वर्ष पनि बित्दा-नबित्दै ती दुईजना नेताहरूबीच पनि चर्को विवाद शुरू भयो । अगष्ट, १९७३ मा भएको चिनीयाँ कुम्युनिष्ट पार्टीको दशौं महाधिवेशनले लिन प्याओलाई गद्दार घोषित गरेपछि उनीहरूको विवाद विभाजनसम्म पुग्यो ।

क. चारूका समर्थकहरूबीच देखिएका लिनप्याओलाई समर्थन र विरोध गर्ने प्रवृत्तिलाई समातेर महादेव मुखर्जीले लिन प्याओ समर्थक समूह बनाए । उनले लिन प्याओको निरन्तर छापामार युद्धको सिद्धान्तलाई समर्थन गर्दै सबै कमरेडहरूलाई शहीद हुनका लागि आह्वान गरे -"मार कि मर ।"

शर्माले चिनियाँ नेतृत्वको नयाँ निर्णयलाई स्वीकार गर्दै 'चीनका अध्यक्ष हाम्रा पनि अध्यक्ष' जस्ता नारा फिर्ता लिए, सशस्त्र संघर्षलाई जन आन्दोलनसँग जोड्ने नारा लगाए ।

यसरी, क. चारू समर्थकहरू पनि लिन प्याओ समर्थक र विरोधीका रूपमा बाडिएको स्थितिमा विहारको भोजपुर र पं. बंगालको वर्दवानका कमरेडहरूले भाकपा (माले) लिवरेशन समूहको निर्माण गर्नथाले । बिशाखापट्नम जेलमा रहेका नक्सलवादी नेताहरूले भाकपा (माले) क. चारू समर्थक र विरोधी समूहमा बिभाजित हुँदा क. चारू समर्थकहरूको पक्ष लिएका थिए, तर जव क. चारू समर्थकहरूबीच पनि असंख्य बिभाजन आउन थाल्यो , तव उनीहरू पनि रनभुल्ल भए । क. चारूका समर्थकका रूपमा देखापरेका नागभूषण पनि यस्ता विभाजनहरूप्रति असन्तुष्टि देखाउँदै आलोचनात्मक ढंगले अध्ययन गर्ने काममा व्यस्त हुनथाले । क. चारूको मृत्युभन्दा डेढ दुई वर्ष अगाडिदेखि फाँसीको सजायँ भोग्नका लागि तयार बसेका नागभूषणको लागि टूट-फूट, चर्को विवाद निकै कष्टदायक भयो । *(क्रमश:)*



# पिपुल्स वार ग्रुपले जनतासँग क्षमा माग्यो !

पिपुल्स वार ग्रुपको मुखपत्रका अनुसार जासूसको आशंकामा सरला आफ्नै कार्यकर्ताहरुको हातबाटै मारिएको घटनाले सर्वेत्र नराम्रो असर पाऱ्यो ।

(बायाँ) पिपुल्स वार ग्रुपका छापामारहरू प्रशिक्षण लिँदै ।
(तल) सरलाको हत्याका लागि जिम्मेवार PWG का नेता शंकरलाई प्रहरीले हत्या गऱ्यो । शंकर र उनको लास

धेरै जसो मानिसहरू गल्तीहरूदेखि डराँउछन् र गल्ती नै नगर्ने व्यक्ति वा पार्टीको खोजी गर्छन् । यस्तै खोजीको क्रममा लागेका मानिसहरूले पिपुल्सवार ग्रुप (PWG)लाई पनि गल्तीभन्दा परको पार्टीको रूपमा जनसमक्ष प्रस्तुत गर्छन् । सिन्को पनि नभाँच्नेले मात्रै गल्ती गर्दैन भन्ने कुरा थाहा नभएका मानिसहरू पिपुल्स वार ग्रुपलाई सम्पूर्णतः सही, गल्ती त गर्दै नगर्ने र सफलतामाथि सफलता हासिल गरिरहेको आन्दोलनका रूपमा चित्रित गर्न रूचाउँछन् - मनको लड्डु घ्यूसँग खाएझैं ।

तर वास्तविकता भने भिन्नै छ । सशस्त्र नक्सलवादी आन्दोलनको क्रममा निर्मित भारतको माओवादी पार्टी पिपुल्स वार ग्रुप पनि गल्तीप्रुफ पार्टी हैन र त्यस्तो कदापि हुन पनि सक्दैन । बन्न चाहने सरलाको निर्ममतापूर्वक हत्या गरिदिए ।

ती आलाकाँचा छापामारहरूलाई सरलाको कुरामाथि शंका लाग्यो - यो केटी पक्कै पनि पुलिसको जासूस हुनुपर्छ !

आधारविनाको शंकैशंकाको भरमा उनीहरूले सरलाको हत्या गरे, पुलिस जासूसको आशंकामा क्रान्तिकारी बन्न चाहने एउटी युवतीको ज्यान लिए ! । पिपुल्स वार ग्रुपको अंग्रेजी मुखपत्र VANGUAD का अनुसार जासूसको आशंकामा सरला आफ्नै कार्यकर्ताहरूको हातबाटै मारिएको घटनाले सर्वेत्र नराम्रो असर पाऱ्यो, जनताबीच मात्रै होइन , आफ्नै पार्टी कार्यकर्ता र समर्थकहरूको सिंगो पंक्तिलाई नराम्ररी झकझक्यायो र आक्रोशको लहर नै फैलियो ।

शंकैशंकामा क्रान्तिकारीहरूबाटै एकजना क्रान्तिप्रेमी युवती सरलाको निर्मम हत्या भएको यो घटनाले पिपुल्स वार ग्रुपको प्रतिष्ठामाथि नै प्रश्न चिन्ह उठायो । विनाछानविन नै निर्दोष व्यक्तिहरू मारिएको घटनाबाट नराम्ररी अप्ठ्यारो स्थितिबीच फँसेको सो ग्रुपले यस विषयमा खोजतलाश गर्ने निर्णय गऱ्यो ।

यसैको क्रममा थाहा भयो - सरकारले पिपुल्स वार ग्रुपभित्रै जासूसहरूको घुसपैठ गरेर छापामार दस्ताहरूलाई तहसनहस गर्न थालेको सन्दर्भमा सरलालाई पनि जासूसको शंका गरिएको रहेछ । तर कुनै गहन छानविन नै नगरी आधारहीन ढंगले जासूसको आरोपमा शंकाकै भरमा उनलाई मारियो । जासूस नै ठहरिएमा पनि सुधारका लागि समय र अवसर दिने कि नदिने भन्ने सवाल उठ्छ, तर उनलाई शंकाको भरमा प्रहरी र

# जासूसको आशंकामा क्रान्तिकारी बन्न चाहने एउटी युवतीको ज्यान लिए !


आफ्ना र अरूका गल्ती, कमजोरीहरूबाट सिक्दै अगाडि नबढ्ने हो भने सफलता कहिले पनि प्राप्त गर्न संभव छैन भन्ने कुरा पिपुल्स वार ग्रुपको सशस्त्र संघर्षका अनुभवहरूबाट सिक्न सकिन्छ । यो अंकमा आफ्ना कमीकमजोरी र गल्तीबाट पिपुल्सवार ग्रुपले के कति सिक्यो भन्ने कुराको सानो लेखाजोखा राख्ने प्रयत्न गरिन्छ ।

## जासूसको शंकाः युवतीको हत्या

भर्खरकी युवती सरलासँग युवा जोश र जाँगर थियो, क्रान्तिप्रति आस्था थियो र वर्ग शत्रुलाई मार्ने हिम्मत थियो । त्यसैले उनले भारतीय क्रान्तिका लागि सशस्त्र संघर्ष गरिहेको पिपुल्स वार ग्रुपसँग सम्पर्क गर्न खोजिन् ।

यसै सिलसिलामा फेब्रुअरी, १९९२ मा खम्मम शहरकी सरलाले पिपुल्स वार ग्रुपको एउटा छापामार दस्तासँग सम्पर्क गरीछाडिन् । निजामावाद जिल्लाको सो दस्तासँग उनले क्रान्तिकारी आन्दोलनमा आफू पनि सहभागी हुन चाहेको कुरा राखिन् । तर पिपुल्स वार ग्रुपका छापामारहरूले क्रान्तिकारी





*क. सीतारमैया*

सैनिकहरूले झैं विनाचिन्ता, विनाव्याकुलता, छिटोभन्दाछिटो ठण्डा दिमागले एउटी केटीको हत्या गर्न पनि पिपुल्स वार ग्रुपका छापामारहरू पछि परेनन् ।

छानवीनको क्रममा सरलाको हत्यामा निजामावाद जिल्ला कमिटीका युवा सचिव शंकरको पनि हात रहेको थाहा लाग्यो । उनी यस्ता गंभीर गल्ती र अपराधहरूमा धेरै नै संलग्न रहेको आरोप थियो । पिपुल्स वार ग्रपका संस्थापक नेता कोण्डापल्ली सीतारमैयाले आफू पार्टीका सर्वशक्तिमान नेता हुँदा पनि उनलाई पटक पटक कारवाही गर्ने धम्की दिएका थिए । पछि सीतारमैया स्वयं पार्टीवाट निष्काशित भए भने शंकर उर्फ डी. मार्कण्डेय पनि नर्थ तेलंगाना रेजिनल सेक्रेटरी भई रहँदा पुलिससँग भएको मुठभेडमा मारिए !

छानवीनपछि पिपुल्स वार ग्रप्ले सरलाको हत्यालाई अत्यन्त ठूलो र गंभीर गल्ती र अनुचित कारवाहीको रूपमा स्वीकार्‍यो । कुनै कुनै नेता कार्यकर्ताहरूले परिस्थितिवश मारिएको तर्क राखेकोमा ग्रुपले अप्ठ्यारो परिस्थितिलाई दोष दिएर आफ्ना गल्तीहरू ढाकछोप गर्नुहुँदैन भन्दै यस्ता गल्तीहरूको पार्टी, पार्टी सदस्य र छापामार दस्ता सिंगैले आत्मालोचना गर्नुपर्दछ भनेको छ । ग्रुपको आन्ध्र प्रदेश राज्य कमिटीका सचिव श्याम (नल्ला अदि रेड्डी) ले प्रेस बक्तव्यमा भनेका छन् -' यो गंभीर गल्ती हाम्रा कार्यकर्ताहरूले गरेका हुन् भन्ने कुरा हामी असंदिग्ध रूपमा स्वीकार गर्छौं र सरलाको परिवारजन तथा सबै जनतासँग भित्री हृदयदेखि क्षमा याचना गर्न चाहन्छौं ।

आफ्ना कार्यकर्ताहरूलाई मार्क्सवादी लेनिनवादी ज्ञानले सुसज्जित गर्नुभन्दा अगावै AK-47 राइफलले लैश पार्ने काम गरिरहेको पिपुल्स वार ग्रुपका गल्तीहरू मध्ये एउटा नमूना मात्रै हो - क्रान्तिप्रेमी सरलाको निर्मम हत्या ! सरलाको हत्यावाट पाठ सिकेर ग्रुपले आफ्ना कार्यकर्तालाई राजनैतिक बैचारिक र सास्कृतिक हात हतियारले सुसज्जित पार्ने काममा कत्तिको ध्यान दिइरहेको छ , त्यो त स्पष्ट हुन सकिरहेको छैन ।

यसै सन्दर्भमा, त्यस ग्रुपका संस्थापक नेता कोण्डापल्ली सीतारमैयाले वर्तमान नेतृत्वमाथि टिप्पणी गर्ने क्रममा अभिव्यक्त विचार यहाँ उल्लेखनीय देखिन्छ । उनले भनेका छन् - "वर्तमान नेतृत्वले कार्यकर्ताहरूलाई सिद्वान्तले लैश पार्ने काम गरिरहेको छैन । त्यसैले कार्यकर्ताहरू सिद्वान्त र संघर्षमा हैन, हतियार र हिंसामा मात्र बेसी रूचि लिइरहेका छन् ।"

## पिपुल्स वार ग्रुपले खनेको चिहान

पिपुल्स वार ग्रुपका लागि बस र रेल जलाउनु भनेको सामान्य कुरो हो, सरकारी भवन र प्रहरी चौकी ध्वस्त पार्नु भनेको पनि कुनै ठूलो कुरो होइन । यसरी एउटा वमको भरमा अन्धाधुन्ध रूपले बस र रेल जलाउँदा, भवन र चौकी ध्वस्त पार्दा, सामान्य निर्दोष मानिसहरूको समेत अनाहकमा ज्यान गइरहेको यथार्थ अहिले बाहिर आउन थालेको छ ।

> अक्टोवर, १९९० मा आन्ध्र प्रदेश राज्यबन्दको क्रममा तीन दर्जनभन्दा बेसी निर्दोष मानिसहरु पिपुल्स वार ग्रुपले खनेको खाडलमा एक्कै चिहान भएको भयानक घटना अहिले सार्वजनिक भएको छ ।

अक्टोवर, १९९० मा आन्ध्र प्रदेश राज्यबन्दको क्रममा तीन दर्जनभन्दा बेसी निर्दोष मानिसहरू पिपुल्स वार ग्रुपले खनेको खाडलमा एक्कै चिहान भएको भयानक घटना अहिले सार्वजनिक भएको छ । त्यस दिन पिछडिएका जन-जातिहरूलाई आरक्षण दिने मामिलामा सर्वोच्च अदालतले दिएको प्रतिगामी फैसलाका बिरूद्ध पिपुल्स वार ग्रुपले आन्ध्र प्रदेश 'राज्य बन्द'को आह्वान गरेको थियो । आफ्ना असन्तुष्टी, आक्रोश र विद्रोहलाई अभिव्यक्त गर्ने क्रममा पिपुल्स वार ग्रुपका छापामारहरूले व्यापक कारवाही शुरू गरे । सरकारी स्वामित्वमा रहेका भवन, बस, संचार सेवा र रेल आदि ध्वस्त गर्ने क्रममा उनीहरूले काकातिया एक्सप्रेस नामक रेलको एउटा भागमा अन्धाधुन्ध आगो लगाईदिए ।

पिपुल्स वार ग्रुपका छापामारहरूले पहिले पहिले सार्वजनिक यातायात सेवाका वस र रेलहरू ध्वस्त पार्दा यात्रुहरूलाई ओह्राल्ने र चेतावनी दिने काम गर्थे । तर त्यो दिन उनीहरूले सामान्य मानवीय संवेदनशीलतालाई समेत भुलेर यात्रुवाहक रेललाई जलाए । राज्यबन्दको कार्यक्रमलाई जसरी भएपनि सफल पार्न लागीपरेका छापामारहरूले विनाचेतावनी रेल जलाए । यसले गर्दा रेलका ३७ जना निर्दोष यात्रुहरूको ज्यान गयो, आगोको लप्कासँगै उनीहरू खरानी भए ।

यो मानव निर्मित त्रासदीको रहस्यको गाँठो केही समयसम्म खुलेन, कसले किन हत्या गरेको हो भन्ने कुरा रहस्य नै भइरहयो । पिपुल्स वार ग्रुपको नेतृत्व पनि मौन रहयो । नेतृत्वका व्यक्तिहरूलाई लागेको थियो- यो हाम्रो केन्द्रीय नीति र कार्यक्रम अन्तर्गत भएको होइन, यस्तो त्रासदीपूर्ण काम हाम्रो कार्यशैलीभन्दा कोसौंकोस टाढा छ । त्यसैले यस्तो दुष्ट्याइँ हाम्रा पार्टी, छापामार दस्ता र जनवर्गीय संगठनहरूले गर्न सक्दैनन् ।

त्यसैले दुईवटा नगरका पार्टी कमिटीहरू र राज्य कमिटीले समेत यो त्रासदीको जिम्मेवारी लिन अस्वीकार गर्दै बक्तव्य दिए -'यो हाम्रो काम होइन !'

तर छानबिनको क्रममा राज्य र केन्द्रीय पार्टीलाई धेरै पछि थाहा भयो - यो त्रासदीका लागि त आफ्नै पार्टी र पार्टीका छापामारहरू नै साँचिचकै जिम्मेवार रहेछन् । यो रहस्य खुलेपछि पनि पार्टीका नेताहरूलाई तथ्य स्वीकार्न साह्रै गाह्रो भयो, अझ सार्वजनिक रूपमा यो तथ्य स्वीकारेर जान त धौधौ पनि भयो । उनीहरूले प्रेस बक्तब्य दिएर यस त्रासदीको सार्वजनिक रूपमा माफी माग्ने साहस बटुल्न सकेनन् । ठीक दुई वर्षपछि मात्रै आन्ध्र प्रदेश राज्य कमिटीका सचिव श्यामले यी सबै रहस्यहरूमाथि रहेको पर्दा खोले ।

पिपुल्स वार ग्रुपका नेता श्यामले आफ्नो पार्टीको मुखपत्र VANGUARD मा यो त्रासदीको सम्पूर्ण जिम्मा लिंदै एउटा प्रेस बक्तब्य प्रकाशित गरेका छन् । आफ्नो पार्टीले यो त्रासदीको जिम्मा लिंदै पहिले नै प्रेस वक्तव्य प्रकाशित गर्न किन



*नक्सलवादीहरूको हमलामा परेर दुर्घटनाग्रस्त बनेको नवजीवन एक्सप्रेस*

हिच्किचायो भन्ने कुरा उल्लेख गर्दै उनी भन्छन् - "वर्षौंवर्षसम्मको यो हिच्किचाहटले पार्टीको इज्जत र प्रतिष्ठामा गहिरो धक्का पुऱ्यायो । त्यति धेरै जनताको ज्यान गएको त्रासदीको सम्पूर्ण जिम्मेवारी हाम्रो पार्टीले लिएको छ । यो त्रासदी हाम्रो पार्टीको गंभीर गल्तीको रूपमा स्वीकार गर्दछौं ।

निकै समयपछि गल्ती स्वीकार गरेर हामीले बिगतको आफ्नो असल परम्परालाई केही हदसम्म मिचेका छौं, यो गल्तीलाई सकार्दै हामी भन्न चाहन्छौं - गल्तीलाई समयमै नसकार्नु निकै ठूलो गल्ती हो, झन् ठूलो अक्षम्य गल्ती हुनसक्छ । त्यसैले हामी ढीलै भएपनि यो त्रासदीपूर्ण गल्तीको जिम्मेवारी लिंदै आगामी दिनहरूमा यस्ता गल्तीहरू नगर्ने बाचा सार्वजनिक रूपमा गर्न चाहन्छौं ।

हामी जनताका अगाडि शिर निहुऱ्याउँदै मृत व्यक्तिहरूप्रति श्रद्धान्जली दिंदै हाम्रा गल्तीहरूलाई भुलीदिनु हुन र हामीलाई क्षमा गरीदिनु हुन हार्दिक अनुरोध गर्दछौं । "

### जनतासँग क्षमा माग्नु पर्दा

अन्धाधुन्ध रूपले आक्रामक कारबाहीहरूलाई जारी राख्ने हो भने पिपुल्स वार ग्रुप वा त्यस्ता छापामार संगठनहरूबाट यस्ता खालका गल्तीहरू पटक-पटक दोहोरीरहने संभावना भइरहन्छ, त्यसमाथि आफ्ना , विगतका गल्तीहरूबाट राम्ररी पाठ नसिक्ने हो भने त यसको संभावना शतप्रतिशत नै हुनजान्छ ।

"हामी जनताका अगाडि शिर निहुऱ्याउँदै मृत व्यक्तिहरुप्रति श्रद्धान्जली दिंदै हाम्रा गल्तीहरुलाई भुलीदिनु हुन र हामीलाई क्षमा गरीदिनु हुन हार्दिक अनुरोध गर्दछौं ।"

पिपुल्स वार ग्रुपले पनि काकातिया एक्सप्रेसको त्रासदीबाट खासै धेरै पाठ नसिकेको हो कि भन्ने शंका गर्ने आधार यथावत छ । विगतमा यस्ता खालका त्रासदीहरू दोहोरिएको तथ्य हेर्दा यस्ता आशंकाहरू जो कोहीको मनमा पनि उब्जन्छ नै ।

सन् १९९१-९२ मा पनि पिपुल्स वार ग्रुपका छापामारहरूबाट काकातिया एक्सप्रेस त्रासदीभन्दा अलिकति कमसल खालका गल्तीहरू दोहारिएका थुप्रै उदाहरणहरू छन् । त्यसवेला आन्ध्र प्रदेशका करिमनगर र वारंगल जिल्लामा भएका छापामार आक्रमणको क्रममा ४ जना निर्दोष जनताको अनाहक मै ज्यान गएको थियो । छापामारहरूले रेलका लिकहरू उखेलेर फ्याँकेका कारणले त्यहाँका रेलहरू पल्टिएका थिए । त्यस दुर्घटनामा परी ४ जना सामान्य मानिसको मृत्यु हुनुका साथै कैयौं मानिसहरू घाइते र अपांङ्ग समेत भएका थिए ।

परिणामलाई पटक्कै ध्यान नदिएर गरिने यस्ता छापामार कारवाहीहरूले अन्ततः पार्टीप्रतिको जनविश्वासमा कमी ल्याउँछ भन्ने कुरा त्यस त्रासदीबाट पनि पुष्टि भयो । त्यहाँका जनताले छापामारहरूलाई जनताको हत्यामा संलग्न सशस्त्रशक्तिको रूपमा हेर्न थालेपछि पार्टीलाई काम गर्न अप्ठ्यारो भएको थियो ।

पछि त्यस पार्टीले छापामार कारवाहीजन्य दुर्घटनाका कारणले भएको धनजनको क्षति, जनतामाथि पर्न गएको दुखकष्ट र पीडाप्रति क्षमा याचना गरेको छ । आफ्नो पार्टीको केन्द्रीय नीति र कार्यक्रम अन्तर्गत सो कारवाही नभएको कुरा उल्लेख गर्दै पार्टीले सो त्रासदीको सम्पूर्ण जिम्मेवारी आफ्नो काँधमा लिई आफ्ना कारवाहीहरूमा रहेका गंभीर गल्ती नदोहोऱ्याउने कसम पुनः खाएको छ । त्यस पार्टीले जनतासँग क्षमा माग्दै सर्वोच्च न्यायाधीशको रूपमा रहेको जनताको फैसला स्वीकार गर्ने घोषणा पनि गरेको छ ।

❑ राजेन्द्र महर्जन

## मूल्यांकनका प्रश्नहरुमा क. प्रचण्डको जवाफ किन अधुरो ?

पूर्णाङ्क ६५ चैत्र ०५५ को बिचार अन्तिरक्रियामुखी मासिक मूल्याङ्कन पत्रिकामा नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का भूमिगत महामन्त्री क. प्रचण्डसँग यस मासिकले लिएको लिखित अन्तरवार्ता अध्ययन गर्ने मौका पाइयो ।

नेपाल जस्तो अर्ध सामन्ती ,अर्ध औपनिवेशिक बहुदलीय प्रजातान्त्रिक राजतन्त्रात्मक व्यवस्था चलेको विश्वको दोश्रो, तेश्रो नम्वरको गरीव मुलुकमा बिगत तीन वर्षदेखि सशस्त्र जनयुद्ध गरिरहेको भूमिगत कम्युनिष्ट पार्टीका महामन्त्रीको अन्तरवार्ता अध्ययन गर्दा जोकोहीले पनि विशेष ध्यान दिएर जिज्ञासाका साथ अध्ययन गर्दछ । ठीक त्यही हिसावले मैले पनि उक्त अन्तरवार्ता (मूल्याङ्कन मासिकले पनि विशेष अन्तरवार्ता भनी उल्लेख गरेको) अध्ययन गरें ।

विगत तीन वर्षदेखि चलिरहेको जनयुद्धको उपलव्धी र कमजोरी सम्वन्धमा अध्ययन गर्ने मौका पाइयो । उपलव्धीहरूका बारेमा क. प्रचण्डले राम्रोसँग वयान र विस्तार पनि लगाउनु भएको रहेछ , जसबाट सर्वसाधारण समेतले जनयुद्धका बारेमा राम्रो ज्ञान आर्जन गर्न सक्नेछन् । क. प्रचण्डलाई मूल्याङ्कन मासिकले बिशेष लिखित अन्तरवार्ता लिनुको तात्पर्य पनि आम जनसमुदायमा जनयुद्धका बारेमा रहेको जिज्ञासा मेटाउन सफल होस् भनेर हुनुपर्दछ । साथै आम जनसमुदायमा जनयुद्ध सम्वन्धमा भएका गलत सोचाइ र धारणाहरूमा परिवर्तन होस् र नेपालको कम्युनिष्ट आन्दोलनलाई थोरै भए पनि टेवा पुगोस् भन्ने हुनु पर्दछ ।

हाल मुलुकमा बिद्यमान राजनैतिक पार्टीहरूमध्ये सबैभन्दा बैज्ञानिक विश्लेषणसहित अघि बढीरहेको पार्टीको रूपमा ने.क.पा. (माओवादी) लाई माओवादी पार्टीकै कमरेडहरूले लिने गरेको पाइन्छ । एउटा तानाशाही सामन्ती शासन व्यवस्था सन्चालन गर्न जति सजिलो हुन्छ , त्यसको अलावा एउटा प्रजातान्त्रिक पार्टीले शासन व्यवस्था चलाउन बढी नै वैज्ञानिक सोच र विश्लेषणको आवश्यकता पर्दछ । त्यस्तै एउटा बुर्जुवा पार्टी संगठन चलाउन जति वैज्ञानिक सोच र बिश्लेषणको जरूरत हुन्छ,त्योभन्दा एउटा भूमिगत कम्युनिष्ट पार्टी सञ्चालन गर्दा वढी गुणात्मक वैज्ञानिक सोच र भौतिकवादी बिश्लेषणको जरूरत पर्दछ । साथै, पार्टी कार्यकर्तादेखि नेतृत्व तहसम्मका कमरेडहरूले जनसमुदायसमक्ष आफ्नो पार्टीको सिद्धान्त, विचार र दृष्टिकोणलाई शिष्ट र सभ्य भाषामा अल्छी ,पट्यार र झन्झट नमानी सन्तुलित ढंगबाट राख्ने गरिन्छ । अझ भनौ भने , एउटा कम्युनिष्ट पार्टीले त्यतिबेला अझ संयमित भएर आफ्ना पार्टीका विचार , दृष्टिकोण र पार्टीले गरेका उपलब्धिहरूलाई आम जनसमुदायले बुझ्ने भाषामा सभ्य र शिष्ट भएर राख्नुपर्ने हुन्छ, जतिवेला पार्टीले जनयुद्ध जस्तो सशस्त्र आन्दोलन शुरू गरेको हुन्छ । किनभने सशस्त्र आन्दोलनमा प्रतिक्रयावादीका प्रहरी र शैन्यबाट जनयुद्धकामी जनताका छोराछोरीहरू मारिएका हुन्छन् भने प्रतिक्रियाबादीका भरौटेहरूलाई जनसेनाले जन-कारवाही पनि गरींराखेका हुन्छन् । त्यस्तो अवस्थामा विरोधी शक्ति वा मित्र शक्तिहरूबाट वारम्वार अस्वस्थ वा स्वस्थ आलोचना पनि आउन सक्छन् । त्यस्ता आलोचनााई पार्टीको कार्यलाई अझ परिष्कृत र विकसित गर्दै लैजानको निमित्त उर्जाको रूपमा पार्टीका आम कार्यकर्ता र नेताले लिनु पर्ने हुन्छ ।

नेकपा माओवादीका छापामारहरू





नेकपा माओवादीका महामन्त्री क. प्रचण्ड

# क. प्रचण्डको धैर्य गुमेपछि

◆ अर्जुन शर्मा ◆

## माओवादी पार्टीभित्रको कमिटी पद्धति ? के त्यो नेपाली जनताले थाहा पाउन जरुरत छैन ?


एउटा कम्युनिष्टले शसस्त्र आन्दोलनमा सामेल हुनुभन्दा पहिला के कुराका प्रशिक्षित र दीक्षित भईसकेको हुनु पर्दछ भने, आन्दोलनका बारेमा कुनै पनि तप्काबाट कुनै पनि किसिमको जिज्ञासा वा आलोचना आएमा सहर्ष स्वीकार वा खण्डन गर्न सक्छु भन्ने साहस र सन्तुलन कायम गर्न सक्ने क्षमताको विकास गरेको हुनु पर्दछ ।

तर तीन वर्ष जनयुद्धको ईतिहास वोकिसकेको पाटीका महामन्त्री जस्तो गरिमामय र शक्तिशाली व्यक्तित्वले माथि उल्लेख गरिएको अन्तरवार्तामा मुल्याङ्कन मासिकले सोधेका प्रश्नहरूको जवाफ दिने क्रममा अत्यन्तै असहिष्णु र अनुत्तरदायी ढँगले पेश हुनु भएबाट त्यत्रो महान कार्य जनयुद्धको नेतृत्व क्षमतामाथि शंका उब्जाउनु पर्ने आवश्यकता हुन्छ । जस्तै, केही समयअघि माओवादी पार्टीबाट विद्रोह गर्ने क. भरत दाहालले मुल्याङ्कन मासिकमार्फत दिनु भएको अन्तरवार्तामा माओवादी नेतृत्व मुख्य रूपमले, क. प्रचण्डमाथि लगाइएको आरोपबारे खण्डनको अपेक्षा गरी मूल्याङ्कन मासिकले सोधेको प्रश्नको जवाफ दिने क्रममा क. प्रचण्डले सामान्य सहिष्णुता, उदारता, वस्तुनिष्ठता र मानसिक सन्तुलन समेत देखाउन नसकेकोमा क. प्रचण्डलाई आजसम्म मैले बुझेको बुझाइमा, मैले चिनेको चिनाइमा परिवर्तन गर्नु पर्ला जस्तो लाग्यो । किनभने विरोधीहरूले वा शुभचिन्तकहरूले लगाएका तमाम आरोप वा आलोचनाहरूलाई जनसमुदायले बुझ्ने शैलीमा खण्डन गरी आम जनसमुदायमा आफ्नो छवि उज्वल बनाउनु पर्ने प्राथमिक कर्तव्य आई पर्दा सोबाट फुत्कनलाई सुगा रटाइको प्रत्युत्तर दिएर पन्छिनु क. प्रचण्ड मात्र होइन, एउटा सच्चा कम्युनिष्ट कार्यकर्ताको उचाईसम्मत कुरा भएन कि जस्तो लाग्छ । हामी सर्वसाधारणले भूमिगत पार्टीका कमरेडहरूको विचार र व्यक्तित्वलाई बुझ्ने चिन्ने माध्यम भनेकै पत्रपत्रिका नै हुन् । त्यसमा पनि, नेपालको कम्युनिष्ट आन्दोलनमा अत्यन्तै सहयोगी बन्न सकोस् भनी बिभिन्न बामपन्थीहरूको संरक्षकत्व र सहयोगमा प्रकाशित मुल्याङ्कन मासिकका प्रश्नहरूको उत्तर दिनमा नै मानसिक आवेगले क. प्रचण्डलाई अवरूद्ध पारिदिएपछि नेपाली क्रान्तिको नेतृत्वको बारेमा क. भरतले भने जस्तै हामीले पनि किन शंका नगर्ने ?

यदि क. भरतव्दारा क. प्रचण्डलाई लगाईएका आरोप र आलोचनाहरू गलत छन् भने किन धैर्यता गुमाएर असहिष्णु बनी सुगा रटाइको शैलीमा जवाफ दिनुहुन्छ ? के तपाईलाई लगाइएका आरोपहरूको बारेमा तपाईले धैर्य गरेर सभ्य र शिष्ट भाषामा खण्डन गरेको हेर्न र सुन्न पाउने अधिकार आम जनसमुदायलाई छैन भन्ठान्नु भएको छ ? यदि भन्ठान्नु भएको छैन भने धैर्य गरी विरोधी, आलोचक, समर्थकहरूको विरोध र आलोचनालाई सही ढँगबाट खण्डन, मण्डन, मनन गर्न र आफ्नो विचार,व्यवहार र आचरणलाई सुधार गर्न सिक्दै जानु भयो भने नेपाली क्रान्ति सही मार्गमा जाने थियो कि !

२०५५ चैत्र महिनाको मुल्याङ्कन मासिकको पेज नं. ३९ मा मूल्याङ्कन मासिकले अहिले माओवादी पार्टीभित्र कमिटी प्रणाली नै खतम पारिएको छ, त्यहाँ बिमति राख्ने हैन, सहमति राख्नेको मात्र हक छ, भनिन्छ नि त ? त्यहाँ कार्यकर्तालाई दासको व्यवहार गरिन्छ रे नि त हो ? भनी सोधेको प्रश्नको जवाफमा क. प्रचण्डले आश्चर्य र विडम्वना दुई शब्द मात्र उत्तर दिएर आफूलाई प्रश्नसँग आंशिक सहमति जनाउन खोज्नु भएको छ । के यदि वहाँ सहमत हुनुहुन्न भने 'आश्चर्य' भनेको भरमा एउटा कम्युनिष्ट नेताले प्रश्नको जवाफ नदिई भाग्न पाउने? के आफूमाथि लागेको आरोपलाई विडम्वना ठान्दैमा आफूमाथि लागेको ओरोप धोइन्छ ? आश्चर्य लाग्यो भने के कति कारणले लाग्यो ? त्यस्तो छैन भने कस्तो छ त माओवादी पार्टीभित्रको कमिटी पद्धति ? के त्यो नेपाली जनताले थाहा पाउन जरूरत छैन ? जब जब एउटा कम्युनिष्ट नेतालाई विरोधी वा आलोचकको कुरा सुनेर अनावश्यक रीस उठ्छ, तब तब उसको मुख बन्द हुन्छ र उसको विनाशको वीउ रोपिन्छ । "रीस खा आफू, बुद्धि खा अर्को" भन्ने उखानलाई क. प्रचण्डले बुझ्न सख्त जरूरत छ ।

यस्तै यस्तै धेरै प्रश्नहरूको जवाफ क. प्रचण्डले भावावेशमा आएर दिनु भएको छ । वास्तवमा वहाँले त्यही अन्तरवार्तामा आफ्नो पार्टीको उपलब्धिको चर्चा गर्दा जुन शैली र तरिका अपनाउनु भएको छ, त्यही शैलीलाई सन्तुलित ढँगले सम्पूर्ण अन्तरवार्तान्तिसम्म लैजानु पर्नेमा वहाँको धैर्यताको बाँध टुट्छ, मानसिक सन्तुलन गुम्छ, मानौं होशहवशै उड्छ, अलिकति मात्रै होश रहेको एउटा संगठित सदस्य, कार्यकर्ताले पनि आफूमाथि लागेको आरोपलाई खण्डन गर्ने सवालमा धैर्यता गुमाउँदैन, प्रश्नकर्ता वा आलोचकसँग असहिष्णु बन्दैन तर नेपाली जनयुद्धको नायक भनिएका क. प्रचण्डको भने धैर्यता गुमेको देख्दा नेपाली कम्युनिष्ट आन्दोलनलाई वहाँको भूमिकाले कहाँ पुऱ्याएर ठोकाउने हो थाहा भएन । आशा गरौं, भविष्यमा वहाँबाट यस्तो कमजोरी दोहोरिने छैन । ❑ *ज्ञानेश्वर, का.न.पा. ३३*

मूल्य रू. १००/- मात्र ।

**सामुदायिक संगठन किन र कसरी ?**


अचेल सामुदायिक संगठन सबैको चर्चा र चासोको विषय भइरहेको छ । आखिर के हो त सामुदायिक संगठन भनेको ? किन यसको आवश्यकता भयो त ? यसको उद्देश्य र कार्यत्रक्रम कस्तो हुनुपर्दछ ? यसको निर्माण प्रक्रिया कस्तो हुनुपर्दछ ? यसमा संगठकहरूको भूमिका कस्तो हुनुपर्दछ ?

**समुदायको विकास र प्रगतिका लागि सिन्धुलीमा क्रियाशील रहेका सरिता माझी, सविता माझी, धन पाख्रिन, आशाराम महर्जन, गणेशभक्त सितिखु र राम डंगोलका अनुभव र अनुभूतिहरू !**

*साथमा, सामुदायिक संगठनहरूका विविध आयामहरूबारे समाजशास्त्री प्रोफेसर डा. चैतन्य मिश्रको विचारोत्तेजक समीक्षा र सामुदायिक संगठनसम्बन्धी स्पेसको महत्वपूर्ण दीर्घकालीन दृष्टिकोण !*

सम्पर्क:
स्पेस
पाटनढोका, ललितपुर । फोन: ५३०६६७, पो. ब. नं. ९६३६

व्यंग्य




# इटुम्बहालको आर्तनाद

म इटुम्बहाल हुँ । पञ्चायतको जबरजस्त कालरात्रीमा नेपालका वामपन्थीहरुको प्रिय स्थल । पहिले सबै मकहाँ एकत्रित हुन्थे, वेला मौकामा सभा-समारोह गर्न । म सबैलाई समान स्नेह प्रदान गर्थें । यही एक आश्रयदाताको परम कर्तब्य हो, जसको पालन गर्न म सदैव प्रस्तुत रहन्थें । परन्तु आज स्थिति सर्वथा भिन्न छ । यहाँ शरण लिन आउनेले नै विस्मृतिको गर्भमा हुत्याई दिएको छ मलाई । म अतीव दुःखी छु । हो, यो इटुम्बहाल आफ्ना पुराना मित्रहरुको घोर उपेक्षाको शिकार भएको छ ।

नेपाल कम्युनिष्ट पार्टीका संस्थापक कमरेड पुष्पलालको भावुक स्मृतिमा होस् अथवा यो देशको कोशी र गण्डकी बेच-बिखन गर्नेहरुको विरोधमा अथवा पश्चिमको छिमेकी देश हिन्दुस्तानबाट अतिक्रमण गरिएको सुस्ता काण्डको विरोधसभामा होस् अथवा झापामा कायरतापूर्वक हत्या गरिएका वीर शहीदहरुको स्मरणमा -सदैव यो इटुम्बहालले विप्लवी मानसिकताको साथ दियो । कहिल्यै भयभीत भएर पाइला पछिल्तिर फर्काउने उपक्रम गरेन, चाहे यसको लागि जस्तोसुकै भयावह यन्त्रणालाई निमन्त्रण गर्न किन नपरोस् ! म त्यसवेला खुफिया विभागका गुप्तचरहरुको क्रुर नजरको निगरानीमा थिएँ । किन्तु म कसैको परवाह किन गर्थें ? दमनकारी सत्ताको त्रासले मलाई विचलित गर्न सकेन । म निरन्तर आफ्नो पथमा अग्रसर भइरहें । परन्तु आज सकसपूर्वक भन्न परिरहेछ - यसको वदलामा यो इटुम्बहालले के हासिल गऱ्यो ?

मलाई धनको लालसा छैन । मेरो अभिलाषा भोग-विलास होइन । सुख-सयलको माग गरिरहेको छैन म । म एक देशभक्त हुँ - नेपाली जनताको मुक्तिको उत्कट चाहना गर्ने । यही मेरो एकमात्र लक्ष्यविन्दु हो । मेरो संघर्षपूर्ण इतिहासका पानाहरु यसका साक्षी छन् । किन्तु मलाई यो विषयको पाठ पढाउने विद्रोही कमरेडहरु आज कहाँ छन् ? एक दिन मैले स्वयंसँग यसरी सोधें ।



इटुम्बहालबाट निस्केर सबै सोझै खुला मञ्चमा पुगिसके - म भित्रबाटै उत्तर आयो । किन ? मैले पुनः प्रश्न गरें । यस्तो जवाफ आयो - किनभने त्यहाँबाट नीजि बैभवले परिपूर्ण प्रजातन्त्रबारे लामो-लामो ब्याख्या गर्न सहुलियत हुन्छ । अब तिमी जस्तो सानो, कुचुक्क परेको र साँघुरो इटुम्बहाल हाम्रा कमरेडहरुलाई किन चाहियो ?

**यो इटुम्बहाल प्रश्न गर्न चाहन्छ – प्रिय कमरेडहरु, के तपाईहरुले त्यो मुक्ति हासिल गरिसक्नु भयो ? के मुक्ति संवैधानिक राजतन्त्रको आकार जस्तो हुन्छ ? अथवा...**

जब संकटहरुले घेरिएको संत्रस्त समय हुन्छ, त्यस बखत 'सेल्टर'- को महत्व हुने गर्छ । दुरुहतापूर्ण विगतलाई नाघेर आएका कमरेडहरुलाई जति यसको ज्ञान अरु कसलाई हुन सक्छ ? भूमिगत अवस्थामा देशभरि छरिएका थुप्रै इटुम्बहालहरु थिए, जहाँ हाम्रा कमरेडहरु सुरक्षा पाउँथे । वासी भात र आधा रोटी खाएर जोशले मुक्तिको आव्हान गर्थे । देशभरी इटुम्बहालहरुको कुनै कमी थिएन । नेपाली जनताले कुनै अभाव हुन दिएनन् । परन्तु आज खाकी वर्दीधारी पुलिसहरुका सुरक्षामा खुलामञ्चको सहज प्राप्ति भइसकेपछि मेरो कुनै आवश्यकता रहेन । के साँच्चै नै यो इटुम्बहालको प्रासङ्गिकता समाप्त भइसक्यो ?

म एक इटुम्बहाल हुँ । यो देशमा यस्ता अनेकन इटुम्बहालहरु छन्, जो मुक्तिको सपना देखाउने आफ्ना पुराना कमरेडहरुतर्फ केही प्रश्नहरु सहित उन्मुख छन् । सबैको प्रतिनिधित्व गरेर यो इटुम्बहाल ती तमाम् प्रश्नहरु उपस्थित गर्ने अनुमति चाहन्छ - प्रिय कमरेडहरु, के तपाईहरुले त्यो मुक्ति हासिल गरि सक्नु भयो ? यसो हेर्दा कस्तो देखिन्छ त्यो मुक्ति ? के संवैधानिक राजतन्त्रको आकार जस्तो हुन्छ ? अथवा मार्क्सवादको मगमग बास्ना आउने महँगो अत्तर छर्किएको बहुदलीय जनवाद जस्तो देखिन्छ मुक्ति ? भन्नोस् कमरेडहरु, कस्तो हुन्छ मुक्ति ? अथवा मुक्तिको यावत विचारबाट नै मुक्त भइसक्नु भयो तपाईहरु ? वडो दुःखी हृदयले म प्रश्नहरु राखिरहेछु । के यथोचित जवाफ आउने छ ? तपाईहरुको पुरानो आश्रयस्थल यो इटुम्बहाल अधैर्यतापूर्वक प्रतिक्षा गरिरहनेछ ।

**म विश्वासको वीज हुँ**

**झारपातहरूमा फलेको फल**

**विषालु पनि हुनसक्छ,**

**हिंड्नु मात्र यात्रा होइन**

**पुग्ने ठाउँबारे**

**भ्रम सिर्जना गरेर**

**हाम्रो विश्वासको अपमान नगर**

**हो, दह्रो विश्वासको**

**पुनर्जन्म हुने गर्छ ।**

❑

* काठमाण्डौंको एउटा चर्चित चोक, जहाँ राजनैतिक भेलाहरु हुने गर्थे ।

# प्राचीनतम पूर्वेली भौतिकवादी दर्शन: चार्वाक दर्शन

◆ प्रज्ञानरत्न ◆

*यदि यज्ञमा मारिएको पशु स्वर्ग जान्छ भने जजमान आफ्नै बाबुलाई किन मार्दैन ?*

### सबैभन्दा प्राचीन

विश्वको सैबभन्दा पुरानो भौतिकवादी दर्शन पश्चिममा विकास भएको दावी गरिन्छ । तर वास्तविकता त्यस्तो देखिन्न । खोज -अनुसन्धानले देखाएको छ - संभवतः चार्वाक दर्शन वा लोकायत दर्शन नै विश्वको सबैभन्दा पुरानो र सबैभन्दा सुस्पष्ट र विकसित भौतिकवादी दर्शन हो ।

चार्वाक दर्शन वा लोकायत दर्शनका संस्थापक बृहस्पति मानिन्छन् । राहुल सांकृत्यायनका अनुसार बृहस्पतिको काल ईशापूर्व १५२० मानिएको छ *(हेर्नुहोस् - दर्शन दिग्दर्शन, हिन्दी, किताव महल, इलाहावाद, १९९८, पृ.२९३)* ।

यस हिसावले चार्वाक दर्शनको प्रारम्भ आज भन्दा करिव ३५०० वर्ष अगाडि भएको गणना गर्न सकिन्छ । पश्चिममा भौतिकवादका प्रवर्तक डेमोक्रिटस र हिराक्लिटस् मानिन्छन् । डेमोक्रिटसको कालखण्ड ई.पू. ४६०-३७० मानिन्छ र हिराक्लिटस्को ई.पू. ५३५- ४३५ । *(हेर्नहोस् उही ३७६ पृष्ठ)* ।

यस हिसावले डेमोक्रिटस र हिराक्लिटस बुद्धकालीन भौतिकवादी दार्शनिक हुन् (बुद्धको काल खण्ड पनि ई.पू. ५६३-४८३ हो) । तर वृहस्पतिको कालखण्ड बुद्धभन्दा पनि लगभग हजार वर्ष अगाडिको हो । चार्वाक दर्शनकै अर्का ठूला प्रवक्ता अजित केशकम्वली हुन् । उनको कालखण्ड ई.पू. छैठौं शताब्दी मानिएको छ । *(हेर्नुहोस् V.Brodov द्वारा लिखित "Indian philosophy in modern times, progress publishers, मस्को, १९८४, पृ.८८)*

बुद्धकै समयमा उनी निकै प्रशिद्ध विचारक भइसकेका थिए । *(हेर्नुहोस्, उही राहुल सांकृत्यायनको दर्शन दिग्दर्शन पृ. ३७६)* ।

यी सव हिसावले चार्वाक दर्शन बुद्धको समय भन्दा पनि पुरानो भौतिकवादी दर्शन हो । यो भन्दा पुरानो सुस्पष्ट र विकसित भौतिकवादी दर्शन विश्वमा अन्यत्र कतै अहिलेसम्म भेटिएको छैन । यो ईशापूर्व १६ रौं - छैठौं शताब्दीमा विकसित विश्वको प्राचीनतम भौतिकवादी दर्शन हो ।

चार्वाक दर्शन चार्वाक भन्ने कुनै दार्शनिकको नामबाट राखिएको भ्रम व्यापक रूपमा छ । यथार्थ यस्तो होइन । चार्वाक गाली गर्दा दिइएको नाम हो- आस्तिक पण्डा पुरोहितहरूद्वारा । चार्वाकको अर्थ हो - जो खानपिनमा वा यस लोकमै मोजमज्जा गर्ने मामलामा नामुद छ । यो दर्शन ईश्वर र परलोक नमान्ने नास्तिक दर्शन भएकाले आस्तिकहरूले बदनाम गर्ने हेतुले हियाएर यसलाई "चार्वाक" दर्शन भनेका हुन् । चार्वाक कुनै दार्शनिकको नाम होइन । असलमा यो दर्शनको नाम "लोकायत दर्शन" हो ।

लोकायत शब्दको दुईवटा अर्थ छ । प्रशिद्ध भारतीय दार्शनिक सुरेनद्रनाथदास गुप्तका अनुसार - लोकायतको अर्थ हो - त्यो, जो जनतामा व्याप्त छ । लोकेसु आयातः = लोकायत । अर्थात लोकायत दर्शन "जनतामा व्याप्त दर्शन" हो ।

यसको अर्को अर्थ पनि छ । त्यो अर्थ हो - त्यो, जसले यो लोक अर्थात भौतिक संसारलाई नै एक मात्र आधार मान्दछ । अथवा लोकायत दर्शन यो लोक अथवा भौतिक संसारलाई नै मुख्य आधार मान्ने दर्शन हो । यो लोकलाई मात्र यसले मान्दछ, परलोकलाई मान्दैन ।

लोकायत दर्शन कुनै एक जना दार्शनिकको दर्शन होइन । थुप्रै दार्शनिकहरू देखिन्छन् यो दर्शनको प्रवक्ताका रूपमा । तीमध्ये प्रमुख चाहिँ बृहस्पति, भीषण र अजित केशकम्वली देखिन्छन् ।

बृहस्पतिले आफ्ना दार्शनिक विचारहरू सूत्रहरूका रूपमा लेखेको प्रतीत हुन्छ । तर "बृहस्पति सूत्र" अहिले प्राप्य छैन । यो हरायो । बढी संभव छ- कट्टरपन्थी आस्तिकहरूद्वारा यसलाई नष्ट पारियो । अहिले तिनै आस्तिक दार्शनिकहरूद्वारा बृहस्पतिको भनाइ भन्दै आलोचनाको निम्ति उद्धृत गरिएका सूत्रहरूको आधारमा मात्र बृहस्पतिको भौतिकवादी विचार थाहा पाउन संभव भएको छ । तथापि, तिनै एकल-दुकल सूत्रहरू पनि निकै महत्वपूर्ण र उल्लेखनीय देखिन्छन् ।

अहिले चार्वाक दर्शनबारे हामी जो चर्चा गर्दैछौं, त्यो तिनै विपक्षीद्वारा गालीको लागि उद्धृत गरिएको केही थोरै सूत्रहरूको आधारमा हो । यी सवका वावजूद, के कुरामा विवाद छैन भने, लोकायत दर्शन भारतको र संभवतः सिंगै विश्वको प्राचीनतम भौतिकवादी विश्व दृष्टिकोण हो ।

### मुख्य प्रस्थापनाहरू

विश्वको कुनै पनि भौतिकवादी दर्शनको मुख्य चिनारी के हो भने, यसले यो विश्वमा प्रकृति र चेतना मध्ये प्रकृतिलाई प्राथमिक मान्दछ । पदार्थ र आत्मामध्ये पदार्थलाई माऊ ठान्दछ । चेतना वा आत्माभन्दा बाहिर स्वतन्त्र रूपमा प्रकृति वा पदार्थको अस्तित्व छ भन्ने यसले मान्यता राख्छ । र, यो संसारलाई भौतिकवादले ज्ञेय अर्थात् बुझ्न, थाहा पाउन सकिने ठान्दछ ।

चार्वाक वा लोकायत दर्शनमा भौतिकवादका यी सबै प्रस्तापनाहरू मौजूद देखिन्छन् । यो सुखद् आश्चर्य हो कि - ज्ञान विज्ञानको त्यति सारो विकास नै नभएको तात्कालीन प्राचीन भारतमा आजभन्दा ३५०० देखि २५०० वर्ष अगाडि नै मानव जातिले यति सुस्पष्ट बस्तुवादी दार्शनिक चिन्तन विकास गरिसकेको थियो ।

चार्वाक वा लोकायत दर्शनका मुख्य मुख्य प्रस्थापनाहरूलाई यसरी सूत्रबद्ध गर्न सकिन्छ :

यो संसारमा जे जे छ, त्यो सबैको आधार चारवटा तत्व अर्थात महाभूतहरू हुन्: पृथ्वी, जल , तेज र वायु । संसारका सबै वस्तुहरू यिनै चारवटा महाभूतहरूको संयोगबाट बनेका छन् । चेतनशील मान्छेको शरीर समेत यिनै चार तत्वहरूबाट बनेको छ । जब शरीर मर्छ, शरीरका तत्वहरू यिनै महाभूतहरूमा बाँडिन्छन् र गएर मिल्छन् । पृथ्वी तत्व पृथ्वीमा गएर मिल्दछ, जल तत्व पानीमा, तेज तत्व आगोमा र वायु तत्व हावामा । यी चार महाभूतहरू आफै सक्रिय छन्, कसैले यिनलाई सृष्टि गर्नु वा सक्रिय गराउनु जरूरी छैन । यिनै चार महाभूतवाट चेतनाको उत्पति हुन्छ, जस्तो कि -रक्सीबाट मद-शक्ति । सृष्टिको लागि स्रष्टा जरूरी छैन । सृष्टि यी चार महाभूतको संयोगको स्वभाव हो । जस्तो गरम हुनु आगोको स्वभाव हो, ठण्डा हुनु पानीको स्वभाव हो, शीतलस्पर्शी हुनु हावाको स्वभाव हो, त्यस्तै सृष्टि लोक अथवा भौतिक हुनु संसारको स्वभाव हो । काँढा स्वभावैले तीखो भए जस्तै कुरा हो यो ।

खालि यो लोक अर्थात् भौतिकसंसार छ, परलोक छैन । मृत्युपछि शरीर नष्ट हुन्छ, शरीरका तत्वहरू महाभुतमा गएर मिल्दछन् र फेरि अर्को जीवन हुँदैन । न स्वर्ग छ, न त परलोकमा जानेवाला आत्मा । त्यसैले, जति आनन्द भोग गर्ने हो, यही जीवनमा गर । भस्म भइसकेको शरीर फेरि कहाँबाट फर्केर आउँछ ?

*"यावज्जीवेत् सुखं जीवेत्*
*ऋणं कृत्वा घृतं पीवेत्*
*भष्मीभूतस्य देहस्य*
*पुनरागमनम् कुतः ?"*

त्यसैले, दान, यज्ञ, होम बेकार छ । दान, होम, बेद-पाठ र यज्ञ बुद्धि र पुरूषार्थ नभएका मानिसको जीविका जुटाउने बाटो हो । यदि यज्ञमा मारिएको पशु स्वर्ग जान्छ भने जजमान आफ्नै बाबुलाई किन मार्दैन ?

इश्वर र अलौकिक धर्म एवं पाप भन्ने कुनै कुरा छैन । ईश्वर धनीहरूले गरीवलाई ठग्नलाई आविष्कार गरेको कुरा हो ।

शरीर वा पदार्थभन्दा अलग्गै आत्मा भन्ने कुराको स्वतन्त्र अस्तित्व छैन । चेतना वा आत्मा शरीर वा पदार्थकै स्वभाव हो । आत्मा चार महाभूतको विलक्षण संयोगबाट पैदा हुन्छ । शरीरको विघटन भएपछि आत्मा पनि नष्ट हुन्छ । सोच्ने काम महाभूतले बनेको शरीरले गर्छ,

*आफ्नो समयको हिसावबाट हेर्दा चार्वाक वा लोकायत दर्शन त्यतिखेरको प्रगतिशील जनमुखी दर्शन थियो ।*

न कि शरीरभन्दा स्वतन्त्र रूपमा रहेको कुनै आत्माले ।

यस धर्तीमा दुष्ट्याँइको मुहान मान्छेको क्रुरता र अन्याय हो । दुःखको स्रोत पनि त्यही हो । भाग्यले गर्दा, ईश्वरले गर्दा यस्तो भएको होइन ।

प्रकृति ज्ञेय छ । प्रकृतिबारेको हाम्रो ज्ञानको स्रोत हाम्रा पाँच इन्द्रियहरूद्वारा हुने अनुभूति हो । इन्द्रियद्वारा हुने प्रत्यक्ष अनुभूति नै ज्ञानको एक मात्र सही स्रोत हो । जुन कुरा प्रत्यक्ष अनुभूति गर्न सकिन्न, त्यो कुरा अस्तित्वमा पनि छैन ।

### महत्व र सीमा

चार्वाक अथवा लोकायत दर्शनको ऐतिहासिक महत्व यसमा छ कि यो ब्राम्हणवाद वा पुरोहितवादका विरूद्ध संघर्षको दौरानमा विकसित भएको दर्शन हो । दान, यज्ञ, इहलोक-परलोक, स्वर्ग, नरक, ईश्वर, धर्म, पाप जस्ता अवधारणाहरू अगाडि ल्याएर पण्डापुरोहितले सर्व साधारण जनतालाई खुलेआम ठगी र शोषण गरिरहेको तात्कालीन समयमा त्यतिखेरको समाजका जनमुखी र प्रगतिशील तत्वहरूले यो दर्शनको विकास गरेका हुन् । त्यसैले त यसलाई जनताको दर्शनको अर्थमा अथवा जनमुखी दर्शनको अर्थमा लोकायत दर्शन भनिएको हुनुपर्छ । यो बेद उपनिवषदको समयको, पण्डा पुरोहितवादको हाहाकारको समयको जनताको दर्शन हो । यो संभवतः बिश्वकै सबभन्दा पहिलो धार्मिक अन्धविश्वासका विरूद्ध उत्पीडित वर्गले विकास गरेको जनदर्शन हो ।

त्यो समयमा, जतिखेर मानव समुदायमा ज्ञान विज्ञानको त्यति राम्ररी विकास नै भएको थिएन, त्यस स्थितिमा पनि यति जोडदार तर्कका साथ धार्मिक अन्धविश्वासविरूद्ध जेहाद छेड्नु सारै गाह्रो काम हो । तर लोकायत दर्शनको विशेषता र महत्व नै यसमा छ कि यसले त्यो सारै गाह्रो काम अत्यन्त राम्रोसित गरेको छ । इतिहासकारहरू भन्छन् - भारतमा दास युगको प्रारम्भ ईशापूर्व ३००० वर्ष अगाडि भएको थियो *(हेर्नुहोस्: विश्व इतिहासका परिचय, हिन्दी, प्रगति प्रकाशन, मस्को )* र सामन्ती युगको प्रारम्भ ईश्वी सन् प्रारम्भ भएपछिको ३०० देखि ६५० वर्षको बीचमा भएको थियो । (हेर्नुहोस्: भारतीय सामन्तवाद, रामशरण शर्मा, राजकमल प्रकाशन, नयाँ दिल्ली, १९९६, पृ.११) । यस हिसावले लोकायत दर्शन भारतमा दास युगको उत्कर्षको समयमा पैदा भएको बुझिन्छ । यो समयमा चर्को रूपमा देखा परेको दासयुगीन वर्ग शोषणको प्रतिक्रियामा लोकायत दर्शनको उदय र विकास भएको बुझिन्छ ।

लोकायत दर्शनको सीमा के हो भने, यो दर्शनले पदार्थको गतिशीलतालाई ध्यान दिँदैन । यद्यपि बुद्ध र कपिल (ई.पू. छैठौं - पाँचौं शताब्दी) को समयमा भारतमा पदार्थको गतिशीलताबारे सुस्पष्ट दर्शनहरू विकसित भइसकेका थिए । यस कोणवाट यो दर्शन भौतिकवादी, तर अधिभूतवादी छ । यो लोकायत दर्शनको महत्वपूर्ण सीमा हो ।

यो दर्शनको ज्ञानसंवन्धी सोचाइ पनि अनुभववादी छ । प्रत्यक्ष इन्द्रियग्राह्य ज्ञानलाई मात्र यसले ज्ञानको एक मात्र सही स्रोत मान्दछ । जे कुरा अनुभूति गर्न सकिन्न, त्यो कुरा अस्तित्वमा पनि छैन भन्छ यो दर्शनले । तर संसारमा त्यस्ता धेरै कुरा हुन्छन्, जो हाम्रो इन्द्रियले अनुभूति गर्न सक्दैन, तर अस्तित्वमा चाहिं हुन्छन् । फेरि अमूर्त तार्किक चिन्तन पनि त गर्न सक्छ मान्छेको दिमागले, त्यसलाई चार्वाक दर्शनले ध्यान दिएको देखिन्न । व्यवहार नै सत्यको सवैभन्दा मुख्य तूलो हो भन्ने कुरालाई चार्वाक दर्शनले स्वीकारको देखिन्न ।

तथापि, अहिलेको तुलोबाट विगतको कुनै पनि मानव उपलब्धिलाई नापजोख गर्नु अन्यायपूर्ण हुन जान्छ । आफ्नो समयको हिसावबाट हेर्दा चार्वाक वा लोकायत दर्शन त्यतिखेरको प्रगतिशील जनमुखी दर्शन थियो । ❑

**प्रयोग गरिएका सन्दर्भ ग्रन्थहरूः**

*१) Lokayata, A study in Ancient Indian Materialism, Debiprasad Chattopadhyaya, People's Publishing House, New Delhi, 1992. २) भारतीय दर्शनकी रूपरेखा, एम.हिरियन्ना, राजकमल प्रकाशन, नयाँ दिल्ली, १९९७ ३) दर्शन दिग्दर्शन, राहुल सांकृत्यायन, किताव महल, इलाहावाद, १९९८ ४) A History of Indian Philosophy, Surendranath Dasgupta, Volume I, Motilal Banarasidas, Delhi, 1988 ५) Indian Philosophy in Modern, Times, Progress Publishers, MOSCOW, 1984.* ❑



## नवगठित आन्दोलन र संगठन

# समाजवादी आन्दोलन, नेपाल : किन र कसरी ?

नेपाली श्रमिक वर्ग तथा शोषित वर्गको जागृति र मुक्तिको निम्ति क्रियाशील हुने अठोटसहित र वैज्ञानिक समाजवादी विचारधाराप्रतिको प्रतिवद्धतासहित "समाजवादी आन्दोलन, नेपाल" नामक यो संगठनको आज सार्वजनिक घोषणा गर्न पाउँदा हामीलाई खुशी लागेको छ ।

नेपालमा बैज्ञानिक समाजवादी आन्दोलन संगठित रूपमा प्रारम्भ भएको झण्डै आधा शताब्दी भएको छ । अहिले आइपुग्दा यो नेपालको सबैभन्दा जनव्यापी सामाजिक शक्ति भइसकेको छ । २००६ साल यता नेपालमा जे जति साना-ठूला प्रगतिशील सामाजिक हेरफेरहरू भएका छन्, ती सवैमा यसको ऐतिहासिक योगदान रहेको छ । यसले देशमा मजदूर आन्दोलन र ठूलठूला किसान आन्दोलनको उठान र अगुवाइ गर्ने काम पनि गर्दै आएको छ । नेपालको देशभक्तिपूर्ण आन्दोलनको त यो सबैभन्दा अग्रगामी शक्ति नै सावित भइसकेको छ । प्रजातान्त्रिक आन्दोलनमा पनि यो सवैभन्दा दृढ र जुझारू शक्तिका रूपमा स्थापित छ । यो गौरवयोग्य कुरा हो र हामी त्यही गौरवपूर्ण इतिहासका उपज हौं ।

यी सबै योगदान र सकारात्मकताका वावजूद नेपालको वैज्ञानिक समाजवादी आन्दोलनमा अत्यन्त गंभीर समस्याहरू पनि रहेका छन् ।

बैज्ञानिक समाजवादी आन्दोलनको मूल ध्येय हो -बैज्ञानिक

*बैज्ञानिक समाजवादी आन्दोलनको मूल ध्येय हो -बैज्ञानिक दृष्टिकोण र संस्कृतिले सुसज्जित जागृत मनुष्यत्वको सिर्जना ।*

दृष्टिकोण र संस्कृतिले सुसज्जित जागृत मनुष्यत्वको सिर्जना । त्यस्तो मनुष्यत्वको सिर्जना, जो आलोचक होस्, मानवीय होस्, समाजमुखी होस् र राज्यको लट्ठीविना नै विवेकको आधारमा स्व-अनुशासित होस् । ठीक यस्तै मनुष्यत्वको आधारमा नै यस धर्तीमा शोषणविहीन, अन्यायविहीन, वर्गविहीन र राज्यविहीन उन्नत साम्यवादी समाजको निर्माणको दिशातर्फ अगाडि बढ्न संभव हुन्छ । यही नै हाम्रो मुख्य ध्येय हो ।

नेपालको बैज्ञानिक समाजवादी आन्दोलनको एउटा मुख्य दोष के देखिएको छ भने, यो त्यस्तो जागृत मनुष्यत्वको सिर्जनातर्फ नै उन्मुख हुन सकेन । हाम्रो आन्दोलनमा वैज्ञानिक दृष्टिकोण र संस्कृतिले सुसज्जित जागृत मान्छे तयार पार्ने प्रक्रियाले प्राथमिकता नै पाएको देखिएन । जागृत मान्छेको बदलामा अन्ध-भक्तहरू र 'आज्ञाकारी सिँपाहीहरू' तयार पार्ने प्रक्रिया मूलतः यहाँ हावी देखिन्छ । द्वन्दात्मक भौतिकवादी दृष्टिकोणले लैश मान्छेको सट्टामा यान्त्रिक, जडसूत्रबादी र मनगढन्त दृष्टिकोणले लैश मान्छे पैदा गर्ने प्रक्रिया यहाँ अभ्यास भइरहेछ । बैज्ञानिक समाजवादी संस्कृतिले लैश मान्छेको सिर्जना त टाढैको कुरा रह्यो, आन्दोलनको नेतृत्व आफै सामन्ती निरंकुशता, निम्न पूँजीवादी व्यक्तिवाद र संकीर्णताको संस्कृतिले लफ्रक्क भिजेको देखिन्छ । यो बाटोबाट समाजवादतर्फको यात्रा नै संभव देखिन्न । लडाकु, इमान्दार र समर्पित, तर बेहोश र अन्धभक्त मान्छेहरूको संगठित समुदाय सिर्जनाको दिशा भनेको, चाहे पनि नचाहे पनि, फाशीवादतर्फको दिशा हो । नेपालको बैज्ञानिक समाजवादी आन्दोलनको चाहना र लक्ष्य समाजवाद र साम्यवाद हो । फाशीवाद कदापि होइन । तर जस्तो खाले मान्छे सिर्जना गर्ने प्रक्रिया हामी अहिले पक्रँदैछौं, त्यसले भविष्यमा पुऱ्याउने ठाउँ चाहिं त्यही देखिन्छ ।

त्यसैले, नेपालको बैज्ञानिक समाजवादी आन्दोलनको दिशा नै बदल्नु जरूरी भएको कुरा हामीलाई लागिरहेछ । हामीले आन्दोलनमा कस्तो खाले मान्छे निर्माण गर्ने भन्ने प्रक्रिया नै बदल्नु जरूरी भएकोछ । अन्धभक्त र 'सिपाहींहरू' सिर्जना गर्ने प्रक्रिया छोडेर बैज्ञानिक दृष्टिकोण

र संस्कृतिले लैश जागृत मान्छे तयार पार्ने प्रक्रिया यहाँ थालनी गर्नु जरूरी भएको छ ।

बैज्ञानिक समाजवादी आन्दोलन भनेको सारमा आफ्नो समयको अत्याधुनिक विज्ञानमा आधारित क्रान्तिकारी बैचारिक-सांस्कृतिक-सामाजिक आन्दोलन हो । मार्क्स-ऐंगेल्स-लेनिनले आफ्नो समयको अत्याधुनिक विज्ञानको जगमा यसलाई खडा गर्न प्रयत्न गर्नु भएकैले यो आफ्नो समयको सबैभन्दा बैज्ञानिक विचारधारा बन्यो । विज्ञानको विकास त अझ तीव्र रूपमा अहिले पनि जारी छ । तर नेपालको बैज्ञानिक समाजवादी आन्दोलनको अर्को मुख्य दोष के देखिएको छ भने, यो अत्याधुनिक विज्ञानको उँचाइबाट लगभग बेखवर छ । यो आफ्नो समयको अत्याधुनिक बैज्ञानिक उपलब्धिहरूको संश्लेषणको जगमा खडा हुन सकेको छैन । विश्वको सबैभन्दा बैज्ञानिक सिद्वान्तलाई सबैभन्दा अवैज्ञानिक ढंगले ग्रहण गर्ने र बुझ्ने काम भएको छ हाम्रो आन्दोलनमा । जडसूत्र वा रूढीका रूपमा ग्रहण गर्ने काम भएको छ बैज्ञानिक समाजवादलाई । बैज्ञानिक समाजवादी आन्दोलनलाई समग्र बैचारिक-सांस्कृतिक-सामाजिक आन्दोलनका रूपमा होइन, खालि सत्ता-केन्द्रित राजनीतिक आन्दोलनका रूपमा मात्र बुझ्ने र ग्रहण गर्ने काम भएको छ । त्यसैले, हाम्रो ध्यान सत्ता कसरी कब्जा गर्ने र कब्जा गरेपछि राज्यसत्तामार्फत गरिने परिवर्तनकारी कामहरूमा मात्र मूलतः केन्द्रित छ । सत्ता भनेको समाज परिवर्तनको एउटा साधन नभएर साध्य बनेको छ हाम्रो आन्दोलनमा । परिणाममा, अत्याधुनिक विज्ञानमा आधारित भएर समाजको समग्र वैचारिक-सांस्कृतिक-सामाजिक रूपान्तरणका निम्ति आन्दोलन चलाउने सवाल हाम्रो प्राथमिकता क्रममै छुटेको छ । बैज्ञानिक दृष्टिकोण र संस्कृतिको खडेरी र हरेक फाँटमा विचारधारात्मक अस्पष्टता हाम्रो आन्दोलनको यतिखेरको सबैभन्दा मुख्य रोग बनेको छ ।

तसर्थ, हाम्रो बैज्ञानिक समाजवादी आन्दोलनको चरित्रमा नै आमूल हेरेफेर गर्नु जरूरी भएको छ । पहिलो कुरा त, हाम्रो आन्दोलनलाई आफ्नो समयको अत्याधुनिक विज्ञानको उँचाइको जगमा खडा गर्नु जरूरी भएको छ । बैज्ञानिक समाजवादलाई स्थिर र अकाट्य जडसूत्र वा रूढी होइन, विज्ञानको पछिल्लो उपलब्धि र सामाजिक प्रयोगको व्यवहारको आधारमा हमेशा परिमार्जन एवं परिष्कार भइरहने सामाजिक क्रान्तिको विज्ञान ठान्नु जरूरी छ । दोश्रो, बैज्ञानिक दृष्टिकोण र संस्कृतिको खडेरी र विचारधारात्मक अस्पष्टतालाई अन्त गर्नु हाम्रो आन्दोलनको यतिखेरको सर्वप्रमुख काम बनाउनु परेको छ । तेश्रो, दिनानुदिनको राजनीति र सत्ता कब्जालाई नै एक मात्र ध्येय ठान्ने सोच हटाउनु परेको छ । साम्यवादी दिशामा समाजको समग्र वैचारिक-सांस्कृतिक-सामाजिक रूपान्तरण वा क्रान्तिलाई नै हाम्रो मूल ध्येय र एजेण्डा बनाउँदै - सत्ता कब्जा र राजनीतिक क्रान्तिलाई त्यस ध्येयको एउटा महत्वपूर्ण साधन ठान्ने सोच स्थापित गर्नु जरूरी भएको छ । समग्र बैचारिक-सांस्कृतिक-सामाजिक क्रान्तिको अभावमा सत्ता कब्जा र राजनीतिक क्रान्ति व्यर्थ र असफल हुन्छ भन्ने व्यवहारसिद्ध धारणालाई हाम्रो आन्दोलनमा बलियोसित स्थापित गर्नु जरूरी भएको छ ।

अति केन्द्रिकरण हाम्रो आन्दोलनको अर्को मुख्य रोग भएको छ । नीति निर्णय र अधिकारको अति केन्द्रिकरणले गर्दा समाजमा क्रान्तिकारी आन्दोलन चलाउने पार्टीभित्रै नयाँ निरंकुश नोकरशाही वर्ग टुप्पामा सिर्जना हुने गरिरहेछ, तल निरीह वा अराजक भीड । जनवादी केन्द्रियता नोकरशाही केन्द्रियतामा बदलिएको छ । सिद्धान्तमा खास भिन्नता नहुँदा नहुँदै पनि अनावश्यक पार्टी-फूटहरू बारंबार भइरहेछन् । थुप्रै मान्छेको सिर्जनात्मक क्षमता उत्तिकै खेर गइरहेछ र राम्रो विचार वा नीति निर्णय गर्ने कुरा केही "माथि"का मान्छेको ठेक्काको विषय बनेको छ । पार्टीभन्दा बाहिरको ठूलो जनसमुदायको वैचारिक विकास गर्ने कार्य पार्टीको चासोबाट छुट्न गएको छ ।

अति केन्द्रिकरण फाशीवादको लक्षण हो, वैज्ञानिक समाजवादको विशेषता होइन । तसर्थ यसलाई अन्त गर्नु जरूरी भएको छ । बैज्ञानिक समाजवादी आन्दोलनको दर्शन द्वन्दवादी भौतिकवाद हो । तसर्थ, आन्दोलनभित्र विचार द्वन्द गर्ने, विचार अभिव्यक्त गर्ने र आलोचना गर्ने

*यो आन्दोलन हो, र आन्दोलनलाई संयोजन गर्ने संगठन पनि हो । तर यो वर्तमान परिप्रेक्ष्यमा कम्युनिष्ट पार्टी होइन ।*

निर्वाध स्वतन्त्रता हुनुपर्दछ । काम कार्वाहीमा एकरूपता हुनुपर्छ तर आफ्नो विचार र आलोचना तल र माथि, वाहिर र भित्र लाने बेरोकटोक स्वतन्त्रता हुनुपर्दछ । माथि र तलको संवन्ध, नेता र कार्यकर्ताको संवन्ध जीवन्त र द्वन्दात्मक हुनुपर्छ, औपचारिक र यान्त्रिक होइन । केन्द्रले नगरी नहुने दैनिक कामकाजी नीति निर्णय बाहेक बाँकी सवै नीति निर्णय विकेन्द्रित ढंगले हुनुपर्दछ । संगठनभित्र निर्वाचित कुनै पनि पदाधिकारीलाई ऊ भ्रष्ट र गैरजिम्मेवार बनेमा कुनै पनि बेला फिर्ता बोलाउने हक निर्वाचकहरूलाई हुनुपर्दछ ।

हाम्रो आन्दोलनको अर्को प्रमुख समस्या हो - केवल सत्ता हात परेपछि गरिने सुधार र परिवर्तनमा जोड दिनु, यहीं र अहिल्यै क्रान्तिकारी उद्देश्यलाई सहायक हुने गरी गर्न सकिने सुधारहरूलाई, सामाजिक परिवर्तनहरूलाई उपेक्षा गर्नु । क्रान्ति-उन्मुख सुधार र वैकल्पिक जनसत्ताको स्थापना र "सुधारवाद" लाई एउटै ठान्ने सोच हाम्रो आन्दोलनमा व्याप्त छ । यो सोचले गर्दा अहिले खालि जुलुश, हडताल, नेपाल-वन्द, पर्चा-पोष्टर जस्ता काम मात्र गर्ने हो, वैकल्पिक जनसत्ता र क्रान्ति-उन्मुख सुधार-आन्दोलन जस्ता काम चाहिं सत्ता पाएपछि मात्र गर्ने हो भन्ने अवधारणा आन्दोलनमा व्याप्त छ । यसरी, हाम्रो आन्दोलन भविष्यमुखी मात्र भएको छ, वर्तमानको क्रान्तिसचेत सुधार र वैकल्पिक जनसत्ताको एजेण्डा आन्दोलनमा छुटेको छ । यो स्थितिलाई सच्याउनु जरूरी भएको छ । क्रान्तिलाई खालि राजनीतिक सत्ता परिवर्तनको मात्र घटना ठान्ने, समग्र वैचारिक-सांस्कृतिक-सामाजिक परिवर्तनको प्रक्रिया नठान्ने सोचले गर्दा नै यस्तो भएको हो । तसर्थ, हाम्रो यो सोचमै आमूल हेरफेर ल्याउनु जरूरी भएको छ ।

नेपालको बैज्ञानिक समाजवादी आन्दोलनमा विद्यमान यिनै समस्या र रोगहरूको समाधानका लागि कुनै एउटा पार्टी विशेषमा संलग्न भएर

घोषणाको सन्दर्भमा आयोजित पत्रकार सम्मेलनको एक दृष्य



## घटना र प्रवृत्ति

काम गर्नु अहिलेको परिप्रेक्ष्यमा असंभव भएको हुनाले, वर्तमान आन्दोलनको दिशा, चरित्र र प्राथमिकतामै आमूल हेरेफेर गर्नु जरूरी भएको हुनाले, र यस्तो हेरफेर कुनै एउटा पार्टीको मात्र समस्या नभएर नेपालको समग्र वैज्ञानिक समाजवादी आन्दोलनकै समस्या भएकोले,

हामीले २०५५ कार्तिक ७ र ८ गते सम्पन्न राष्ट्रिय भेलाको निर्णय अनुसार "समाजवादी आन्दोलन, नेपाल" नामक आन्दोलन तथा संगठनको सिर्जना गरेका छौं । र, यसलाई आज तपाईहरूको संचार-माध्यम मार्फत सार्वजनिक गरेका छौं ।

विगत ७ वर्ष अघिदेखि नै कुनै पार्टीमा पनि नरही विभिन्न तरीकाले नेपालमा वैज्ञानिक समाजवादी आन्दोलनको लागि आफ्नो क्षमता र सीमामा हामीले लगातार काम गर्दै आएका छौं । यो आन्दोलन त्यसैको विस्तारित र संगठित रूप हो ।

यो आन्दोलन नेपालको वैज्ञानिक समाजवादी आन्दोलनमा व्याप्त दिशाहीनता, विकृति र विसंगतिविरूद्ध मात्र लक्षित छ । कुनै कम्युनिष्ट पार्टी विशेषविरूद्ध यो लक्षित छैन । हामी समान चासो र सहमतिका विषयमा सबैसित सहकार्य गर्न चाहन्छौं र सबैसित मित्रतापूर्ण तथा आलोचनात्मक संवन्ध विस्तार गर्न चाहन्छौं ।

यो आन्दोलन हो, र आन्दोलनलाई संयोजन गर्ने संगठन पनि हो । तर यो वर्तमान परिप्रेक्ष्यमा कम्युनिष्ट पार्टी होइन । यो कुरा हामी स्पष्ट पार्न चाहन्छौं ।

हामीले माथि उल्लेख गरेका समग्र जरूरी पक्षहरूमा एउटा न्यूनतम स्तरको गुणस्तर प्राप्त गरेपछि मात्र कुनै संगठन "कम्युनिष्ट पार्टी" बन्न सक्छ भन्ने हाम्रो मान्यता रहेको छ । आफूमा त्यस्तो गुणस्तर निर्माण गर्ने दिशामा हाम्रो प्रयत्न भने जारी रहनेछ ।

यो आन्दोलनलाई संयोजन गर्नको निम्ति राष्ट्रिय भेलाद्वारा हामीले निम्न व्यक्तिहरू रहनु भएको एउटा केन्द्रिय संयोजन परिषद गठन गरेका छौं : श्याम श्रेष्ठ-संयोजक, सदस्यहरु फणिन्द्र न्यौपाने, हरिगोविन्द लुइँटेल, तुल्सीदास महर्जन, स्नेह सायमि, श्याम खड्का, वीरप्रसाद भन्सारी ,राजेन्द्र महर्जन, रवि बज्राचार्य, दिलवहादुर महर्जन ।

उपरोक्त राष्ट्रिय भेलाले यस आन्दोलनको दिनानुदिनका क्रियाकलापहरू संचालन गर्न र भेलाले तय गरेको आम नीति निर्णयहरूको मातहत रही दिनानुदिनको नीति निर्णयहरू गर्न परिषदका उपरोक्त सहकर्मीहरू मध्येबाट निम्न सहकर्मीहरू रहेको एउटा केन्द्रिय संयोजन समिति गठन गरेको छ ।

श्याम श्रेष्ठ-संयोजक, सदस्यहरु फणीन्द्र न्यौपाने, हरिगोविन्द लुइँटेल, तुल्सीदास महर्जन ।

केन्द्रिय संयोजन समिति दुइ भेलाको वीचमा केन्द्रिय संयोजन परिषदप्रति उत्तरदायी हुनेछ ।

हालको स्थितिमा "समाजवादी आन्दोलन, नेपाल" का काम र विशेषताहरू यी हुनेछन् :

बैज्ञानिक समाजवादी दृष्टिकोण र संस्कृतिले सुसज्जित जागृत मनुष्यत्व र यथासम्भव धेरै ठाउँमा उनीहरूको समुदाय तयार पार्नु यसको क्रियाकलापको मूल दिशा हुनेछ ।

समाजमा जारी जन-संघर्ष र वर्ग-संघर्षको प्रकृयासंग अभिन्न रूपले जोडिएर बैज्ञानिक दृष्टिकोण र संस्कृतिको खडेरी अन्त गर्नु एवं क्रान्तिको हरेक पक्षमा विचारधारात्मक अस्पष्टताको अन्त गर्नु वर्तमानमा यसको सर्वप्रमुख प्राथमिकताको काम हुनेछ । यसले त्यसका निम्ति समयबद्ध र योजनाबद्ध काम थाल्नेछ ।

बैज्ञानिक समाजवादी आन्दोलनलाई अत्याधुनिक विज्ञानको उचाइको जगमा खडा गर्ने प्रक्रिया यसले थाल्नेछ ।

यो संगठनभित्र काम कारवाहीको एकरूपता हुनेछ, अभिव्यक्तिको पूर्ण स्वतन्त्रता हुनेछ । अति केन्द्रिकरणलाई शुरूदेखि नै दुरूत्साहित गरिनेछ ।

यसले वैचारिक सांस्कृतिक र सामाजिक कान्तिको प्रक्रिया सर्वप्रथम आफूहरूबाट थाल्नेछ र समाजसम्म विस्तार गर्नेछ ।

यसले यहीं र अहिल्यैदेखि वैकल्पिक जनसत्ता र क्रान्ति-उन्मुख सुधारको आन्दोलन थाल्नेछ ।

प्रगतिशील परिवर्तनको लागि काम गरिरहेका सबैसित यसले सम्वन्धको जालो कायम गर्न पहल गर्नेछ । यसले जसका विरूद्ध संघर्ष केन्द्रित गर्नु पर्ने हो, ती वर्गका व्यक्तिहरूसित चन्दा वा कुनै पनि प्रकारको सहयोग लिनेछैन । यो संगठन जनताको सहयोगमा चल्नेछ ।

(श्याम श्रेष्ठ)
संयोजक
केन्द्रिय संयोजन समिति
समाजवादी आन्दोलन, नेपाल
*२०५५ फागुण २९ गते, शनिवार ।*

*(गतांकमा हामीले यस आन्दोलनबारे एक समाचार दिएका थियौं । यसबारेमा पाठकहरूको थप जिज्ञासा पाइएकोले यो प्रेस विज्ञप्ति यहाँ प्रस्तुत गरिएको हो । - मूल्यांकन)*

## विज्ञान/प्रविधि

# पृथ्वीमा जीवनको उत्पत्ति करीब डेढ अरब वर्ष पहिले भयो !

◆ तुल्सीदास महर्जन

चाहे हिन्दू धर्मले होस् या ईसाई धर्मले, चाहे ईस्लामले होस् या अरू कुनै धर्मले, सबैले यो धर्तीमा जीवको सृष्टि ईश्वरले गरेका हुन् भनी भन्ने गर्छन् । ती धर्मशास्त्रहरूका अनुसार, एककोषीय सूक्ष्म जीवदेखि लिएर मानिस जस्तो सर्वोच्च विकसित प्राणीसम्म पनि सृष्टिकालमा जस्ता थिए, अहिले पनि त्यस्तै छन् । तिनीहरूमा कुनै परिवर्तन आएको छैन । अर्थात् तिनीहरूका अनुसार अहिले विभिन्न जीवहरू जे जस्तो रूपमा अस्तित्वमा रहेका छन्, तिनीहरू त्यही रूपमा नै बनीबनाऊ ढंगले केही हजार, लाख वा करोड वर्ष पहिले ईश्वरद्वारा सृष्टि गरिएका हुन् ।


तर, चट्टानभित्र च्यापिएर रहेका मरेका जीवहरूको अवशेष अर्थात् जीवावशेष (Fossil) हरूको अध्ययनबाट जीवशास्त्रीहरूले के कुरा पत्ता लगाएका छन् भने, जीवहरूका रूप र रङ्गहरू अघिल्ला समयहरूमा जाँदा क्रमिक रूपले झन् झन् फरक पर्दै गएका छन् र जीवावशेषहरूलाई अघिल्ला समयबाट पछिल्ला समयहरूमा क्रम मिलाएर राख्दा अघिल्ला समयका अविकसित र सरल जीवहरू नै पछिल्ला समयहरूमा क्रमशः झन् झन् विकसित र जटील बन्दै आएको तथ्य पत्ता लाग्यो ।

जीवावशेषहरूको अध्ययनबाट बैज्ञानिकहरूले के कुरा पनि पत्ता लगाए भने, एक समयमा एउटा खालको जीव क्रमशः अलि अलि परिवर्तन हुँदै गई लाखौं करोडौं वर्षपछि अरू नै प्रकारका जीवहरूमा विकसित भएका रहेछन् ।

मानव जातिकै कुरा गर्ने हो भने पनि जीववाशेषहरूको अध्ययनबाट के कुरा पत्ता लागेको छ भने, मानवको शुरूको पुर्खा आजभन्दा करीब ८० लाख वर्ष पहिले पृथ्वीमा देखापऱ्यो । जीवशास्त्रीहरूका अनुसार चिम्पाञ्जी, बाँदर र मानिसको पुर्खा एउटै थियो र त्यही पुर्खाबाट आजभन्दा करीब ८० लाख वर्ष पहिले चिम्पाञ्जी, बाँदर र मानिसका शुरूका पुस्ताहरू विकसित भएका हुन् ।

८० लाख वर्ष पहिले मानवको पुर्खा जस्तो थियो, ४० लाख वर्षपछि त्यस्तो रहेन । त्यस्तै, ४० लाख वर्ष पहिले मानव जस्तो थियो, २ लाख वर्ष पहिलेसम्म आउँदा त्यस्तो रहेन । आधुनिक मानवको पुर्खा होमो स्यापियन हो । यो आजभन्दा करीब एक लाख वर्ष पहिले मात्र विकसित भएको तथ्य पत्ता लागेको छ ।

बैज्ञानिकहरूले चट्टानहरूको आयु र त्यसत्रि रहेका जीवावशेषहरूको अध्ययनबाट के कुरा पत्ता लगाएका छन् भने, साढे ४ अरब वर्ष पुरानो यो पृथ्वीमा शुरूमा कुनै जीव थिएन । आजभन्दा करीब डेढ अरब वर्ष पहिले मात्र यो पृथ्वीमा जीवनको शुरूवात भयो । शुरूमा पृथ्वीमा एककोषीय जीव जस्ता अत्यन्तै सरल प्रकारका प्रारम्भिक



**आज वैज्ञानिक जगत्मा जीवहरुका विभिन्न जाति प्रजातिहरु प्रसिद्ध अंग्रेज वैज्ञानिक चार्ल्स डार्विनको सिद्धान्तले बताए झैं क्रम विकास (Evolution) बाट भएको हो भन्ने कुरामा कसैको पनि अविश्वास छैन ।**

जीवहरू देखापरे । प्रारम्भिक जीवहरू नै यहाँ करोडौं वर्षसम्म रहीरहे । जीवावशेषहरूको अध्ययनबाट के थाहा भयो भने, प्रारम्भिक जीवबाट एककोषीय जीवहरूको विकास आजभन्दा ५९ करोड वर्ष पहिले मात्र भयो ।

एककोषीय जीवहरूको विकास भइसकेपछि त्यसबाट क्रमशः बहुकोषीय जीवहरू, प्राणी र वनस्पति, पानीमा रहने जीवहरू, पानी र जमीनमा रहने जीवहरू, जमीनमा घिस्रेर जाने प्राणीहरू, उड्ने पंछीहरू, स्तनपायी जन्तुहरू र त्यसबाट पनि अन्तमा मानवको विकास भएको हो । यो ऐतिहासिक तथ्य बैज्ञानिकहरूले जीववाशेषहरू र तिनीहरूको आयुको अध्ययनबाट पत्ता लगाएका हुन् ।

बैज्ञानिकहरूले पत्ता लगाएका जीव विकाससम्बन्धी ऐतिहासिक तथ्यहरूले जीवहरू चाहे एककोषीय सूक्ष्म जीव हुन् या सर्वोच्च विकसित प्राणी मानव नै हुन् सबै नै पृथ्वीमा शुरूमा देखापरेका एककोषीय जीवहरू समयको गतिमा परिवर्तन हुँदै जाँदाको क्रममा नै विकसित भएका हुन् भन्ने कुरा पुष्टि भएको छ । धर्मशास्त्रहरूमा भने झैं सबै जीवहरू अहिलेकै रूप, रंग र आकारमा एकैसाथ पृथ्वीमा आएका होइनन् । धेरै पहिले विकसित भएका कैयौं जीवहरू त पहिले नै लोप पनि भइसकेका छन् । जस्तो कि, भीमकाय शरीर भएको घिस्रेर हिंड्ने डायनोसार भन्ने प्राणी पृथ्वीमा आजभन्दा करीब ६ करोड वर्ष पहिले नै लोप हुन पुगेको तथ्य बैज्ञानिकहरूले पत्ता लगाएका छन् । जीवहरू अहिले पनि अपरिवर्तनीय अवस्थामा छैनन् । सम्भवतः आउने लाख र करोड वर्ष भित्रमा अहिले अस्तित्वमा रहेका कैयौं जीवहरू या त लोप हुनेछन् या अरू प्रकारका जीवहरूमा परिवर्तन हुनेछन् । त्यसैले धर्मशास्त्रहरूमा जीवहरूलाई जुन अपरिवर्तनीय रूपमा व्याख्या गरेको छ, त्यो गलत भएको कुरा बैज्ञानिकहरूले पुष्टि गरेका छन् ।



**क्रमिक विकासबाट विकसित भएको भीमकाय शरीर भएको घिस्रेर हिंड्ने डाइनोसर भन्ने प्राणी पृथ्वीमा आजभन्दा ६ करोड वर्ष पहिले नै लोप हुन पुग्यो ।**

## यो पृथ्वीमा जीवनको शुरूवात कसरी भयो होला ?

आज बैज्ञानिक जगत्मा जीवहरूका विभिन्न जाति प्रजातिहरू प्रसिद्ध अंग्रेज बैज्ञानिक चार्ल्स डार्विनको सिद्धान्तले बताए झैं "क्रम विकास" (Evolution) बाट भएको हो भन्ने कुरामा कसैको पनि अविश्वास छैन ।

शुरूको एककोषीय रूपबाट क्रमशः बहुकोषीय र साना साना जीवहरू हुँदै मानव जस्तो विकसित प्राणीसम्म गत करीब डेढ अरब वर्षभित्रमा पृथ्वीमा जीवको क्रमिक रूपले विकास भएको कुरामा आज बैज्ञानिक जगत् पूरै विश्वस्त छ । यसमा कसैको फरक मत छैन ।

तर, पृथ्वीमा शुरू कालमा जीवनको उत्पत्ति कसरी भयो होला ? यस सवालको सन्तोषजनक जवाफ पाउन भने अझै पनि बैज्ञानिकहरू विभिन्न प्रयोग र परीक्षणहरूमा जुटिरहेका छन् ।

इतिहासलाई केलाउने हो भने आजभन्दा करीव पच्चीस सय वर्ष पहिलेको समयमा पूर्वमा आचार्य कपिलमुनिले उनीद्वारा प्रतिपादित 'सांख्य दर्शन'मा पृथ्वीमा जीवनको उत्पत्ति प्रकृतिको विकासको सिलसिलामा नै भएको हो भन्ने कुरा उल्लेख गरेका छन् । उनको दर्शनलाई केलाउने हो भने प्रकृतिको विकासको क्रमको कुनै एक समयमा निर्जीव वस्तुबाट नै जीवनको उत्पत्ति भएको हो भन्ने कुरामा उनी विश्वास राख्थे ।

उता, पश्चिममा आजभन्दा तेइस सय वर्ष अगाडि ग्रीक दार्शनिक अरस्तूले जीवको उत्पत्ति निर्जीव वस्तुबाट हुन्छ भन्ने विचार ल्याए । उनले हिलोबाट साना साना माछाको उत्पत्ति हुन्छ, भुत्रो कपडामा गहुँ पोको पारिराख्दा मुसाको उत्पत्ति हुन्छ भन्ने जस्ता अनौठा कुराहरू अगाडि ल्याए ।

अरस्तूको विचारलाई करीब दुई हजार वर्ष पछिसम्म पनि मानिसहरूले मान्दै आए । त्यस बिचार अनुसार नै सत्रौं शताब्दीसम्म पनि मानिसहरू निर्जीव वस्तुबाट अहिले पनि साना साना सूक्ष्म जीवहरूको उत्पत्ति हुन्छ भन्ने कुरामा विश्वास राख्दथे ।

निर्जीव बस्तुबाट साना साना कीराहरू तथा सूक्ष्मजीवहरू उत्पत्ति हुन सक्छन् भन्ने यो सिद्धान्तलाई स्वःस्फूर्त उत्पत्ति (Spontaneous generation) को सिद्धान्त भनिन्छ ।

*अरस्तूको बिचार अनुसार नै सत्रौं शताब्दीसम्म पनि मानिसहरू निर्जीव वस्तुबाट अहिले पनि साना साना सूक्ष्म जीवहरूको उत्पत्ति हुन्छ भन्ने कुरामा विश्वास राख्दथे ।*

तर, सन् १६६८ मा इटालीका बैज्ञानिक फ्रान्सिस रेडीले सर्वप्रथम प्रयोगद्वारा स्वःस्फूर्त उत्पत्तिको सिद्धान्त गलत भएको साबित गर्न खोजे । उनले गल्न र सड्न लागेको मासुको टुक्रालाई मसिनो कपडाले छोपेर भीँगाहरूलाई फुल पार्न नदिएमा सडेगलेको मासुबाट औंसाहरू उत्पन्न हुन सक्दैनन् भन्ने कुराको पुष्टि गरे ।

त्यस्तै, इटालीका अर्का बैज्ञानिक जाजरा स्पालान्जानीले सन् १७६५ मा हावा पनि छिर्न नसक्ने गरी बन्द गरिएको भाँडोमा मासुलाई उमाल्यो भने जीवाणुहरू उत्पन्न हुँदैनन् भन्ने कुरालाई अर्को प्रयोगद्वारा प्रमाणित गरे । फेरि फ्रान्सका अर्का बैज्ञानिक लुइस पाश्चरले सन् १८५४ मा वायुमण्डलमा रहेका सूक्ष्म जीवाणुहरूको कुनै माध्यमबाट संदूषण (contamination) नभइकन कुनै वस्तुमा जीवाणुहरू स्वतः उत्पत्ति हुन सक्तैनन् भन्ने तथ्यलाई आफ्ना विश्वप्रसिद्ध प्रयोगहरूद्वारा सिद्ध गरे ।

आजका बैज्ञानिकहरू पृथ्वीमा जीवहरू निर्जीव वस्तुबाट विकसित भएका हुन् भन्ने कुरामा विश्वास राखे पनि त्यो घटना अहिलेको पृथ्वीमा पनि घट्न सक्छ भन्ने कुरामा भने विश्वास राख्दैनन् । उनीहरूका अनुसार निर्जीव वस्तुबाट जीवित वस्तुको उत्पत्ति हुनको लागि खास खास अवस्था र सुहाउँदो शक्ति वा वातावरणको नितान्त जरूरत पर्दछ ।

पृथ्वीमा जीवनको प्रवेश अरू ग्रह वा उपग्रहबाट भएको हुन सक्छ भन्ने विचार पनि एक समयमा आएको थियो ।

तर एक ग्रह वा उपग्रहबाट अर्को ग्रह वा उपग्रहसम्म जाँदा बाटोमा पर्ने प्रचण्ड ताप, तीक्ष्ण किरणहरू, ज्यादै चीसो र ज्यादै नै सुक्खा वातावरणमा कुनै पनि जीव जीवित रहिरहन सम्भव छैन ।

अर्को कुरो, अहिलेसम्म सौर्यमण्डलभित्रका कुनै पनि ग्रह वा उपग्रहमा जीवनको अस्तित्व रहेको कुरा बैज्ञानिकहरूले पुष्टि गर्न सकेका छैनन् । त्यसैले पृथ्वीमा अरू ग्रह वा उपग्रहबाट जीवनको प्रवेश भएको हो भन्ने विचार प्रायः मृत अवस्थामा रहन पुगेको छ ।

## नयाँ धारणा

तर, भाइरस (Virus) को अन्वेषणबाट जीवनको उत्पत्ति विषयमा नयाँ र उन्नत धारणाको विकास भयो ।

रासायनिक हिसाबले भाइरस न्यूक्लियो प्रोटिन (nucleo protein) हो । यो सुक्ष्म जीव भएर पनि अन्य जीवाणुहरूले झैं श्वास फेर्दैन र निर्जीवलाई जस्तै यसलाई पनि दानादार तुल्याएर धेरै समयसम्म पनि सुरक्षित राख्न सकिन्छ । यस तथ्यबाट पृथ्वीको धेरै अघिको खास अवस्था र खास सुहाउँदो वातावरणमा रासायनिक विकासद्वारा सजीव र निर्जीवको बीचमा रहेका भाइरस जस्ता स्वतन्त्र जीव उत्पत्ति भएको हुनुपर्दछ भन्ने धारणाको विकास भयो । यस धारणालाई सर्वप्रथम सन् १९३८ मा रूसी जीव रसायनशास्त्री ए.आई अपारिनले प्रस्तुत गरे । उनले निर्जीव वस्तुहरूबाट रासायनिक विकासद्वारा पृथ्वीमा पहिलो जीवनको उत्पत्ति भयो भन्ने परिकल्पना प्रस्तुत गरेका थिए । ए.आई अपारिनको सिद्वान्तले विश्वमा ठूलो मान्यता प्राप्त गऱ्यो ।

खगोल भौतिक शास्त्रीहरूका अनुसार साढे ४ अरब वर्ष पहिले बनेको यो पृथ्वी शुरूमा ज्यादै तातो र पग्लेको अवस्थामा थियो । वैज्ञानिकहरूका अनुसार धेरै सेलाइसकेपछि करीब १.५ अरब वर्षअघि मात्र पृथ्वीमा जीवनको उत्पत्तिको लागि उपयुक्त वातावरण बनेको थियो ।

वैज्ञानिक अपारिनको विचार अनुसार शुरूको पृथ्वीमा ह्रास हुँदै गरेको वायुमण्डल (reducing atmosphere) थियो, जसमा हाइड्रोजन, नाइट्रोजनका अणुहरू र मिथेन, आमोनियम, सायनोजन जस्ता साधारण कार्बनिक यौगिकका साथै पानीको वाफ पनि थियो । अक्सिजन स्वतन्त्र अवस्थामा थिएन ।

यसै सन्दर्भमा, शिकागो विश्वविद्यालयका वैज्ञानिकहरू हारोल्ड यूरे र स्टानले मिलरले सन् १९५३ मा मिथेन आमोनिया, पानीको वाफ र हाइड्रोजनको मिश्रणलाई एक हप्तासम्म प्रचूर विद्युत शक्तिको खास प्रभावमा पार्दा ग्लाइसिन् (glycine) र आलानिन् (alanine) जस्ता अमिनो एसीडहरूका साथै अरू कार्वानिक यौगिकहरू उत्पन्न भएको पाए । यी अणुहरू जैवीक अणुहरू हुन् ।

यसबाट अपारिनले भने झैं धेरै समय पहिले पृथ्वीको वायुमण्डलमा हाइड्रोजन, नाइट्रोजनका अणुहरू र मिथेन, आमोनिया जस्ता ग्याँसहरू थिए र तिनीहरू बीचको रासायनिक प्रतिक्रियाद्वारा नै शुरूमा जैविक अणुहरू बने र ती अणुहरूको विकासबाट नै जीवनको शुरूवात भयो भन्ने विचारलाई बलियो आधार प्राप्त भयो ।

वैज्ञानिक अपारिनको विचार अनुसार परापूर्वकालको समुद्रमा निर्जीव वस्तुहरूको रासायनिक विकासद्वारा पहिलो जीवनको उत्पत्ति भयो । पानीवाफबाट तरलमा परिणत (condensation) भएर समुद्र बनेपछि धेरै किसिमका खनिज पदार्थहरूका साथै आमोनिया र मिथेन जस्ता यौगिकहरू पनि समुद्रको पानीमा घुले, जहाँ धेरैथरिका अणुहरू आपसमा टकराएर यिनीहरूकै प्रतिक्रियाको फलस्वरूप नयाँ तर जटील पदार्थको थोपा (drop) हरू बन्न गए । र, ती जटील पदार्थका थोपाहरूबाट नै पछि क्रमशः रासायनिक बिकास भई प्राचीन र पहिलो जीवनको उत्पत्ति भयो । वैज्ञानिक अपारिन र उनका सहयोगीहरूले जेलाटिन (gelatin), गम् अरेबिक (gum arabic) र अरू पदार्थहरू मिलाएर प्रयोगशालामा कैयन त्यस्ता जटील पदार्थका थोपाहरू बनाएका थिए ।

वैज्ञानिक अपारिनको विचारलाई पुष्टि गर्ने अन्य परीक्षणहरू सन् १९६३ मा वैज्ञानिक वैज्ञानिक क्यालभीन् र सन् १९६५ मा वैज्ञानिक फक्सले पनि गरेका थिए ।

माथि भनिएका जैविक यौगिकहरूको निर्जीव वस्तुहरूबाट संश्लेषण हुनलाई चाहिने प्रचण्ड ताप त्यसबेला प्रायः निरन्तर खसीराखेका उल्कापिण्डहरूबाट पाइको हुनु पर्दछ भन्ने वैज्ञानिकहरूको अनुमान छ ।

यसरी, आज वैज्ञानिकहरूले विभिन्न तथ्य, तर्क र परीक्षणहरूबाट पृथ्वीमा जीवनको उत्पत्ति कुनै ईश्वरीय पहलबाट होइन कि प्रकृतिको विकासको क्रममा निर्जीव बस्तुबाट भएको हो भन्ने कुराको पुष्टि गरेका छन् । शुरूमा निर्जीव वस्तुबाट जैविक अणुहरू र पछि ती जैविक अणुहरूबाट पनि क्रमशः भाइरस जस्तो सजीव र निर्जीव बीचको जीव हुँदै एककोषीय जीवको विकास भयो । शुरूको एककोषीय जीवबाट नै क्रमशः विकसित हुँदै लाखौं, करोडौं वर्षपछि आजका असंख्य प्रकारका सूक्ष्म तथा ठूला र मानव जस्तो उच्च कोटीको प्राणीको विकास भयो ।

सन्दर्भ ग्रन्थहरू

१) विज्ञानका केही कुराहरू, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २) Dictionary of Prehistoric Life, ३) Dictionary of Philosophy, ४) Newsweek



# किन नाटोले युगोस्लाभियामा भीषण बम बर्षा गर्दैछ ?

**कोसोभो युद्धको अन्तर्कथा**

अमेरिकाको अगुवाइमा उत्तर एटलाण्टिक सन्धि संगठन- (nato नाटो) ले गतः मार्च महीनाको अन्तिम सातादेखि एउटा सार्वभौम राष्ट्र युगोस्लाभियामाथि भीषण बमबर्षा गर्दैछ । महीना दिन लामो नाटोको हवाइ आक्रमणको कारणले खालि युगोस्लाभियाली सैनिकहरु मात्र मरेका होइनन्, शैयौं निर्दोष नागरिकहरुको समेत ज्यान गएको छ । हज्जारौंको घरबास स्वाहा भएको छ । कोसोभोका लाखौं अल्वानियाली मूलका नागरिकहरुले आफ्नो मातृभूमिबाट विस्थापित हुनु परको छ । युगोस्लाभियामा खानेकुरा र इन्धनको हाहाकार शुरु भएको छ । शरणार्थीको रुपमा भाग्नु परेका लाखौं कोसोभोवासीहरुको कन्तबिजोग सुनीसक्नुको छैन ।

तथापि नाटोको बमवर्षा रोकिएको छैन । यो झन तीव्र र व्यापक भएको छ । र, बमवर्षा युगोस्लाभियाको नागरिक क्षेत्रमा समेत व्यापक रुपमा भइरहेछ ।

आखिर किन भइरहेछ, युगोस्लाभियामा यति भयानक हवाइ आक्रमण ? किन नाटो एउटा सार्वभौम राष्ट्रमाथि यति नांगो र नृशंस फौजी हस्तक्षेप गर्दैछ ?

## नाटोको भनाइ र प्रश्नहरू

अमेरिकी भनाइ छ-कोसोभोमा अल्वानियाली मूलका नागरिकहरुको लागि "क्षेत्रीय स्वायत्तता" दिलाउन, उनीहरुमाथि युगोस्लाभियाका सर्वियन राष्ट्रपति स्लोभोदान मिलोसेभिचले गरिरहेको अत्याचार र जातीय सफाइ रोक्न र विस्थापित शरणार्थीहरुलाई घर फर्काउन नै नाटोले युगोस्लाभियामाथि हवाइ आक्रमण गरेको हो । अल्वानियाली मूलका कोसोभोवासीहरु माथि राष्ट्रपति स्लोभोदान मिलोसेभिचले गरेको अन्याय उनीहरुले टुलुटुलु हेरिरहन सकेनन् । त्यसैले मानवीय कारणबश र नैतिक संवेदशीलताको कारणले युगोस्लाभियामाथि बमबर्षा थालिएको हो ।

तर अमेरिकाको यो भनाइ साँचो मान्ने हो भने थुप्रै महत्वूर्ण प्रश्नहरु पैदा हुन्छन् । संसारका जुन जुन सार्वभौम मुलुकमा त्यहाँका अल्पसख्यक जाति-जनजातिहरुले "स्वायत्तता" वा "स्वतन्त्रता" को माग गर्छन, त्यहाँ त्यहाँ अमेरिका र नाटोको "मानवीय करुणा" जाग्ने हो भने, त्यो कारणका आधारमा ती सार्वभौम मुलुकमाथि अमेरिका र नाटोले आक्रमण गर्नु उपयुक्त र न्यापूर्ण हुने हो भने, नाटो र अमेरिकाले किन इण्डोनेशियामाथि आक्रमण गरेन, जब पूर्वी टिमोरका स्वतन्त्रताको माग गरिरहेका जनतामाथि सुहार्तोले नृशंस दमन गऱ्यो ? नाटो कहाँ थियो, जब स्वतन्त्रताको माग गरिरहेका लाखौं चेचेन्यावासीहरुलाई रुसी राष्ट्रपति बोरीस येल्स्तीन नृशंस ढंगले मारिरहेका थिए ? त्यस्तै, स्वायत्तता वा स्वतन्त्रता मागिरहेको कश्मिर, कुर्दिस्तान, श्रीलंका, पूर्वी अफ्रिका र अफगानिस्तानमा किन नाटो त्यहाँका शासकविरुद्ध अत्याधुनिक बमवर्षक विमान लिएर बमवर्षा गरिरहेको छैन ? के अमेरिकाको एउटा राज्यका हब्सीहरुले स्वायत्तता वा स्वतन्त्रताको माग गरेर संघर्ष गरे भने, र त्यसलाई दवाइयो भने अमेरिकामा आक्रमण गर्ने छूट बाहिरी मुलुकहरुलाई हुनसक्छ ?

अल्वानियाली मूलका कोसोभोवासीहरुलाई युगोस्लाभियाका सर्विय राष्ट्रपति मिलोसोभिचले गरिरहेको "अत्याचार" र "जातीय सफाइ" रोकनकै लागि नाटोले हवाइ आक्रमण गरिहेको मान्ने हो भने पनि - यो लक्ष्यमा नाटो बिल्कुल विफल देखिएको छ । किनकि, हवाइ आक्रमणपछि उनीहरुमाथि आत्याचार अरु कैयन गुणा बढेको मात्र छ, घटेको छैन । पोहोरसम्म खालि अठार लाख कोसोवासीहरु मात्र शरणार्थीका रुपमा मातृभूमिबाट विस्थापित भएका थिए । अहिले यो पंक्ति लेख्दासम्म -युगास्लाभियाको १८ लाख जनसंख्या भएको एउटा दक्षिणी प्रान्त कोसोभोबाट एक तिहाई अर्थात पूरै छ लाख अल्वानियाली मूलका नागरिकहरु देशबाहिर विस्थापित भइकेका छन् । ७ लाख थप नागरिकहरु आफ्नो घरबासबाट बिस्थापित भइसकेका छन्, र कोसोभोभित्रै चेपुवामा परिरहेका छन् । शरणार्थीहरु छुट्ने होइन, चर्को संख्यामा बढ्दैछन् । र, उनीहरुलाई घर फर्काउने नाटोको लक्ष्य पनि बिल्कूलै विफल भएको छ ।

यथार्थमा नाटोको हवाइ आक्रमणको कारण त्यो होइन, जुन ऊ विश्वलाई बताउँदैछ । आक्रमणको बास्तविक अर्न्तकथा त अर्कै छ ।

## अन्तर्कथा

कोसोभो युगोस्लाभियाको (र, युगोस्लाभियाकै एउटा राज्य सर्बियाको)

अभिन्न अंग हो भन्ने कुरा विश्व समुदायले स्वीकार गरेको तथ्य हो । सर्वियाले सन् १९१२ मा बाल्कन युद्धको दौरानमा यसमाथि पुनः विजय प्राप्त गरेको थियो । यसअघि ५०० भन्दा ज्यादा वर्षसम्म यो ओटोमन साम्राज्यको एउटा भागका रुपमा रहिआएको थियो ।

अहिले कोसोभोमा ९० प्रतिशत मान्छे –अल्वानियाली मूलका छन् ,जो धार्मिक रुपले मुस्लिम हुन् । उनीहरु यतिखेर कोसोभोमा स्वायत्त शासन खोजिरहेछन् । तर अमेरिका र यूरोपेली समुदाय, विशेषतः जर्मनी, कोसोभोमा स्वायत्त शासन होइन, स्वतन्त्र राज्य निर्माण गर्न उद्धत छ, जुन सर्विया कुनै पनि हालतमा हुन दिन चाहँदैन । जर्मनी युगोस्लाभियाको नजिकैको छिमेकी राष्ट्र हो । जर्मनीको उद्देश्य के छ भने – युगोस्लाभियालाई टुक्रा टुक्रामा विभाजित गर्नु, ता कि हेम्वर्गदेखि बगदादसम्म पुग्ने बेरोकटोक निकास तयार होस् । उसले यो कुरा प्रथम र दोश्रो विश्वयुद्धमा पनि गर्न खोजेको थियो । तर दुवै पल्ट उसको लागि सर्विया बाधक भएको थियो । अहिले ऊ विशेषतः अमेरिका र फ्रान्सलाई साथमा लिएर, र सामान्यतया पूरै नाटोलाई साथमा लिएर, त्यही कुरा गर्न खोज्दैछ ,जुन त्यतिखेर गर्न सकिएको थिएन ।

युगोस्लाभिया ठूलो र एकताबद्ध रहँदा जर्मनीको क्षेत्र विस्तारमा ठूलो बाधक हुने हुनाले उसले विगतमा पनि अमेरिका र पूरै नाटोलाई साथमा लिएर युगोस्लाभियालाई टुक्रा टुक्रामा विभाजित गर्ने प्रयत्न गर्‍यो र १९९१ मा ऊ सफल पनि भयो । ६ वटा राज्य भएको युगोस्लाभियाबाट ४ वटा राज्य स्वतन्त्र भए : क्रोएशिया, बोस्निया,मेसेडोनिया र स्लोभेनिया । बाँकी रहयो –मोण्टेनेग्रो र सर्विया ।

मोण्टेनेग्रोमा अहिले पश्चिमको कठपुतली सरकार गठन गरिएको छ र त्यसलाई पनि स्वतन्त्र हुन उक्साइँदैछ । सर्वियामा पनि त्यसको एउटा अभिन्न अंग कोसोभोका अल्वानियाली मूलका नागरिकहरुलाई उक्साएर त्यसलाई पनि स्वतन्त्र हुन लगाइँदैछ । यसका लागि कोसोभोमा "कोसोभो मुक्ति सेना" समेत सन् १९९३ मा गठन गरीसकिएको छ ।

अमेरिकाको यो युद्धमा आफ्नै कुनै राष्ट्रिय सुरक्षा-स्वार्थ छैन । तथापि बाल्कन क्षेत्रमा आफ्नो प्रभुत्व कायम गर्न र यूरोपलाई 'म महाशक्ति हुँ र म बिना तेरो कुनै पनि स्वार्थ पूरा हुन सभव छैन ' भन्ने सन्देश दिन ऊ यो युद्धमा ओर्लिएको छ । आफ्नो अत्याधुनिक विमान, र हतियारको विज्ञापन गर्ने स्वार्थले पनि उसलाई युद्धमा ओर्लिन प्रेरित गरेको छ ।

अहिले भर्खरैको नाटो बम -वर्षा तव शुरु भयो ,जव फ्रान्सको



*मेलोसोभिचले मुख्य रुपमा कोसोभोमा नाटो र अमेरिकी सेना रहेने शर्तको विरोध गरे ।*



राम्बोउलेटमा यही मध्य मार्चमा युगोस्लाभियाका राष्ट्रपति स्लोभोदान मेलोसोभिचलाई नाटोले तयार पारेको एउटा संभौतामा जवर्जस्ती सही गर्न भनियो । सही नगर्ने हो भने बम वर्षा व्यहोर्नु पर्ने धम्की दिइयो । मेलोसोभिचले त्यो धम्कीलाई टेरेनन् र संभौतामा सही गर्न पटक्कै मानेनन् ।

संभौतामा के थियो भने युगोस्लाभियाले कोसोभोमा रहेको आफ्नो सेना र पुलीस हटाउनु पर्ने, त्यहाँ अमेरिकाको ४००० सेनासहित नाटोको २८००० शान्ति सेना रहने , तीन वर्षसम्म कोसोभोमा स्वायत्त शासन हुने, त्यसपछि त्यहाँ जनमत संग्रह हुने, जनमत संग्रहले कोसोभो सर्वियामै रहने कि छुट्टिने भन्ने निर्णय गर्ने । यो घुमाउरो रुपमा कोसोभोलाई स्वतन्त्र बनाउने चालवाजी थियो । त्यसैले, मेलोसोभिचले यो सन्धिमा सही गर्न मानेनन् । उनले मुख्य रुपमा कोसोभोमा नाटो र अमेरिकी सेना रहेने शर्तको विरोध गरे । त्यही सन्धिमा सही गर्न नमानेकोमा अहिले अमेरिकाको अगुवाइमा नाटोले सर्वियामा बमबर्षा गर्दैछ ।

किन सर्विया कोसोभोको लागि मरिमेट्दैछ त ? किन ऊ कोसोभो सर्वियाबाट नछुट्टियोस् भन्ने चाहन्छ ? यसको पनि कारण छ र आफ्नै अन्तर्कथा छ ।

मध्य युगसम्म कोसोभो सर्वियाली अधिराज्यको मुटु थियो । त्यहाँका अत्यधिक बहुसंख्यक जनता सर्वियाली थिए । तर सन् १३८९ मा तुर्क शासक मुराद प्रथमले आक्रमण गरेर कोसोभोलाई आफ्नो हातमा लिए । ५०० भन्दा ज्यादा वर्षसम्म ओटोमन साम्राज्य अन्तर्गत कोसोभो रहँदा त्यहाँको जनसंरचना बदलियो: सर्वहरु त्यहाँबाट बाहिरिए, अल्वानियालीहरु भित्र पसे । तथापि सर्वियनहरुका महत्वपूर्ण मठ र चर्च कोसोभोमै कायम रहयो ।

तर सन् १९१२ मा सर्वियाली सेनाले आक्रमण गरेर कोसोभोलाई मुक्त गर्‍यो । त्यसपछि पुनः त्यहाँ सर्वियालीहरु प्रवेश गर्न थाले । दुई विश्व-युद्धबीचमा कोसोभो निकै अशान्त ठाउँ रहयो ।

यसबीच, सर्वहरुले अल्वानियालीहरुको विद्रोहलाई पटक पटक दवाए । युगोस्लाभियामा टिटोको शासन कालमा कोसोभोको स्थिति बदलियो । सन् १९७४ मा त्यहाँ स्वायत्त शासन कायम गरियो । त्यहाँ नाम मात्रको भए पनि छुट्टै गणराज्य घोषित गरियो –आफ्नै संसद, पुलीस र स्वशासन सहितको । तर सन् १९८० मा टिटोको मृत्युपछि कोसोभोमा पूर्णस्वायत्तता भएको गणतन्त्रको माग गर्न थालियो –सर्विया गणतन्त्र भएजस्तै । पटक पटक यो संघर्षलाई दवाउने कार्य भयो ।

सन् १९८७ मा वर्तमान राष्ट्रपति स्लोभोदान मिलोसोभिच युगोस्लाभियाको राष्ट्रपति भए । त्यसको दुई वर्षपछि उनले सन् १९८९ मा कोसोभोको स्वायत्त शासन प्रणाली खोसे । त्यहाँ प्रत्यक्ष शासन लागु गरे । त्यहीँदेखि यता कोसोभोबासीहरुले स्वायत्त शासनको माग गर्दै संघर्ष थालेका हुन् ।

नाटो, विशेषतः जर्मनीको प्रयत्नमा, युगोस्लाभियाका अरु गणराज्यहरु स्वतन्त्र भएपछि, उनीहरुकै उक्साहटमा कोसोभोमा पनि स्वतन्त्र हुने संघर्ष चल्यो । सन् १९९१ मा लीग अफ कोसोभो नामक संगठनले कोसोभोलाई स्वतन्त्र घोषित गर्‍यो पनि । तर सर्वियाले कोसोभोलाई अलग्गिन दिएन । सन् १९९५ मा अमेरिका र नेटोकै पहलमा डेटन ओहियोमा युगोस्लाभिया र नाटोवीच एउटा संभौता भयो, जसले बोस्नियाली युद्धलाई अन्त गर्‍यो । त्यो संभौतापछि कोसोभोलाई सर्वियाकै एउटा अभिन्न अंगका रुपमा स्वीकारियो । अमेरिका तथा सारा यूरोपेली समुदायले यो तथ्य स्वीकार गरे ।

अहिले स्लोभोदान मिलेसोभिचले उठाएको सवाल के हो भने, जुन कुरा १९९५ मा नाटो र यूरोपेली समुदायले स्वीकार गर्‍यो, त्यही कुरामा अमेरिका र नाटो अहिले कायम रहनुपर्छ । सर्वियनहरुको निम्ति कोसोभो प्राचीन पवित्र तीर्थस्थल हो, यहूदीहरुको जेरुसेलम जस्तै । त्यसैले, त्यसलाई स्वतन्त्र हुने छुट दिन सकिन्न । त्यहाँ नाटोको सेना रहने छुट पनि दिन सकिन्न । त्यहाँ नाटोको सेना रहनु भनेको कोसोभो अन्ततः स्वतन्त्र हुनु हो । तर अमेरिका र नाटो भने जर्मनीले चाहेजस्तै जसरी पनि कोसोभोलाई स्वतन्त्र गराई छाड्ने ताकमा छन् । कोसोभो युद्धको अन्तर्कथा यही हो ।

## विरोधको लहर

क्रुज मिसाइल, स्मार्ट बम, अपाचे हेलीकप्टर, टोर्नाडो फाइटर र एफ-११७ लुप्त विमानका भरमा अहिले नाटोले सार्वभौम राष्ट्र-युगोस्लाभियामाथि जुन आक्रमण गरेको छ। त्यसको विश्वभरि निन्दा हुँदैछ । रुस, चीन, भारत, लगायत विश्वका अधिकांश स्वतन्त्रताप्रेमी मुलुकहरुले यसको डटेर विरोध गरेका छन् ।

रुसले त सर्वियामाथि नाटोको बम वर्षा नरोकिएमा तेश्रो विश्वयुद्ध हुनसक्ने चेतावनी समेत दिएको छ ।

नाटोभित्रकै इटालीले यो युद्धका विरुद्ध आवाज उठाएको छ, साथै, ग्रीसले पनि । छिमेकी मुलुक मेसेडोनिया यो युद्धबाट निकै त्रसित भएको छ, किनकि कोसोभोलाई स्वतन्त्रता प्रदान गर्ने हो भने त्यही माग मेसेडोनियामा पनि उठ्न संभव छ, जहाँ एक तिहाई जनसंख्या अल्वानियाली छ ।

ग्रीस र मेसेडोनियमा बमवर्षाको विरुद्धमा जनविरोधको लहर नै उठेको छ । नेपालमा सबैजसो वामपन्थी पार्टीहरुले र साम्राज्यवाद विरोधी राष्ट्रिय मंचले यो युद्धको सशक्त विरोध गरेको छ ।

रुसले यो युद्धको विरोधमा चीन, भारत र रुसको रणनीतिक भेटघाट गर्न पहल गर्न लागेको छ । अहिले विश्व जनमतलाई भ्रमित तुल्याउन अमेरिका र नाटोले सर्वेली सेनाले अल्वानियाली मूलका मान्छेमाथि गरेको 'अत्याचारको कथा' विश्वव्यापी रुपमा प्रचार गर्न लागेका छन् ।

युगोस्लाभियाले अल्वानियाली मूलका जनतामाथि दमन अत्याचार गरेको सत्य हो भने त्यो पनि सरासर गलत हो । उनीहरुलाई कोसोभोमा स्वतन्त्रतापूर्वक रहने र स्वायत्तता माग्ने पूरा हक छ । उनीहरुलाई विनावाह्य दवाव, र हस्तक्षेप आफ्नो भाग्यको स्वनिर्णय गर्ने पनि अधिकार छ ।

तर सर्वियाली राज्य र अल्वानियाली मूलका जनताको बीचको संघर्ष उनीहरुको आन्तरिक मामिला हो ।

यसमा सैनिक हस्तक्षेप गर्ने हक कसैलाई छैन । अहिले सिंगै विश्वको न्यायप्रेमी जनता एक भएर आवाज उठाउनु परेको छ-नाटो, तँ बाल्कन क्षेत्रबाट तुरुन्तै फर्की ! युगोस्लाभियामा तुरुन्त आक्रमण बन्द गर ! ◆

**अमेरिकाको यो युद्धमा आफ्नै कुनै राष्ट्रिय सुरक्षा-स्वार्थ छैन ।**

# मुख्य मुख्य सवालहरुमा कुन पार्टीको घोषणा- पत्र के भन्छ ?



गत चैत्र २६ गते नेकपा मालेले पनि विशाल जनसमूह जम्मा गऱ्यो । काठमाडौं खुलामञ्चमा भएको सभाको एक दृष्य ।

◆ १६ पेजको बाँकी

● गुठी जग्गालाई मोहीको नाममा दर्ता गर्न चाहन्छ ।

● वास्तविक जोताहा किसानको भूमिसम्बन्धी समस्याको अन्तिम समाधानका लागि प्रगतिशील भूमिसुधारको नीति तयार पार्न देशभरि अनुसन्धान, प्राविधिक र व्यावहारिक छलफल चलाउन चाहन्छ ।

● कृषि उत्पादन बढाउन सिंचाई, मल, नयाँ ज्यावलको बन्दोबस्त गर्नुपर्छ भन्ठान्छ ।

● पुरानो ढंगको खेतीपातीलाई नयाँ वा बैज्ञानिक ढंगको खेतीमा बदल्न र निर्व्याजी वा कम व्याजको ऋण गाउँगाउँसम्म उपलव्ध गराउन चाहन्छ ।

## कुन पार्टी नेपालको औद्योगिक कायापलट कसरी गर्न चाहन्छ ?

### नेपाली कांग्रेस

● कृषिजन्य, खानीजन्य, उर्जामूलक, बनजन्य स्वदेशी कच्चा पदार्थमा आधारित उद्योगलाई प्रोत्साहित गर्न चाहन्छ ।

● साना, स्वदेशी परंपरा र शीप झल्कने घरेलु र हस्तकलाका क्षेत्रहरू स्वदेशी लगानीकर्ताहरूलाई सुरक्षित राख्न चाहन्छ । तुलनात्मक लाभ भएका र आधुनिक प्रविधि आवश्यक पर्ने क्षेत्रमा स्वदेशी र विदेशी संयुक्त लगानीकर्ताहरूलाई प्रोत्साहित गर्न चाहन्छ ।

● उद्योगहरूको प्रवर्द्धन र संचालनको निम्ति एकद्वार प्रणालीलाई प्रभावकारी बनाउन चाहन्छ ।

● निजी क्षेत्रको लगानी वृद्धिका लागि विद्यमान अवरोध र अप्ठेराहरू हटाउन चाहन्छ ।

● निकासी प्रक्रियालाई सकेसम्म सरल बनाउन चाहन्छ

● नयाँ पर्यटकीय स्थलहरू पहिचान गरी त्यहाँ पूर्वाधार विकास गर्न चाहन्छ ।

### रा.प्र.पा.

● उद्योगमा प्रतिस्पर्धालाई सन्तुलित, स्वस्थ र जनमुखी बनाउन एक हदसम्म राज्यले हस्तक्षेप गर्नुपर्छ भन्ठान्छ ।

● कृषिजन्य र बनजन्य उद्योग स्थापना र संचालनमा रा.प्र.पा विशेष जोड दिन चाहन्छ ।

● थोरै वजनका वढी मूल्य पर्ने वस्तुहरूको उत्पादन र निर्यातका निम्ति प्रोत्साहित गर्न चाहन्छ ।

● राष्ट्रिय उद्यमी वर्गको सुसंगठन र विकासका लागि आवश्यकतानुसार संरक्षण दिन चाहन्छ । राष्ट्रव्यापी रूपमा साना उद्यमी र लगानीकर्ताहरूलाई प्रोत्साहन गरी राष्ट्रिय उद्यमी वर्ग सिर्जना गर्न चाहन्छ ।

● निर्यातमूलक उद्योगको लागि आवश्यक पर्ने सबै सुविधा र सहुलियत दिन चाहन्छ ।

### ने.क.पा. (एमाले)

● दीर्घकालीन औद्योगिक योजना तय गर्न चाहन्छ ।

● स्थानीय निकायको प्रयासमा देशभरि ससाना औद्योगिक क्षेत्र स्थापना गर्नका लागि प्रोत्साहित गर्न चाहन्छ ।

● घरेलु तथा साना उद्योग, कृषिजन्य उद्योग, गलैंचा तथा तयारी पोशाक लगायत निर्यातमूलक उद्योगलाई आवश्यक संरक्षण र प्रोत्साहन दिन चाहन्छ ।

● खाद्यान्न, फलफूल, लत्ता कपडा, औषधी, निर्माण सामग्री, चिनी, सिमेण्ट, कागज, चिया, कफी आदि वस्तुहरू आफ्नै देशमा उत्पादन गर्ने नीति अख्तियार गर्न चाहन्छ ।

● विदेशी प्रतिस्पर्धाका कारण स्वदेशी उद्योग बन्द हुने स्थितिको अन्त गर्न उपयुक्त मौद्रिक, विनिमय दर र कर सम्बन्धी नीति अवलम्वन गर्न चाहन्छ ।

### ने.क.पा. (माले)

● दीर्घकालीन औद्योगिक योजना तयार गर्न चाहन्छ ।

● ग्रामीण औद्योगीकरणको प्रक्रियालाई अभियानका रूपमा अघि वढाउन चाहन्छ र यस निम्ति प्रत्येक गाविसमा औद्योगिक ग्राम स्थापना गर्न चाहन्छ ।

● हरेक विकास क्षेत्रमा एउटा औद्योगिक शहर विकास गर्न चाहन्छ ।

● स्वदेशी श्रम, शीप, कच्चा पदार्थ र प्रविधिमा आधारित उद्योगलाई उच्च प्राथमिकता दिने नीति अख्तियार गर्न चाहन्छ ।

● देशको औद्योगिक विकासमा प्रतिकूल प्रभाव नपर्ने गरी नीति नियममा आवश्यक सुधार गर्न चाहन्छ, ताकि भारतीय सामानको सहुलियतपूर्ण पहुँचले नेपाली उद्योगहरू प्रतिस्पर्धामा टिक्न नसकी बन्द नहोउन् । सुक्ष्म ग्रामीण तथा कुटीर उद्योग, घरेलु तथा ग्रामीण उद्योगहरूलाई सहुलियत दरमा सुलभ ऋण तथा कर्जा प्रवाह गर्ने स्थायी निकायको व्यवस्था गर्न चाहन्छ ।

● ऊनी गलैंचा, तयारी पोशाक, प्रशोधित कला र हस्तकलाका सामानको निर्यात वढाउन विशेष कार्यक्रम संचालन गर्न चाहन्छ ।

● देशको औद्योगीकरणमा बाधा पुऱ्याउने सन्धि सम्झौताहरूलाई र विदेशी लगानी वा संयुक्त लगानीमा संचालित उद्योगहरूलाई राष्ट्रिय हित अनुरूप सुधार गर्न चाहन्छ ।

### रा.ज.मो.

● बहुराष्ट्रिय पूँजीलाई अनियन्त्रित ढंगले निम्त्याउने नीति खारेज गर्न चाहन्छ ।

● विदेशी हस्तक्षेपबाट मुक्त स्वतन्त्र राष्ट्रिय अर्थतन्त्रको निर्माण गर्न चाहन्छ । देशका राष्ट्रिय उद्योगहरूलाई विकसित देशको प्रतिस्पर्धाबाट वचाउन संरक्षण नीतिमा विशेष जोड दिन चाहन्छ ।

● यस बाहेक रा.ज.मो. को घोषणापत्र, २०५६ मा देशको औद्योगिक कायापलटका लागि कुनै ठोस कार्यक्रम र योजना देखिन्न ।

### स.ज.मो.

● दलाल पूँजीपतिहरूको नियन्त्रणमा रहेका सबै उद्योगलाई राष्ट्रियकरण गर्न चाहन्छ । त्यसबाट प्राप्त पूँजीलाई राष्ट्रिय उद्योग धन्दामा लाउन चाहन्छ ।

● नेपाली उद्योगहरूलाई उचित संरक्षण प्रदान गर्न चाहन्छ । शीपमूलक र श्रममूलक उद्योगहरूलाई विशेष संरक्षण प्रदान गर्न चाहन्छ ।

● शिक्षा, स्वास्थ्य, बालपोष जस्ता उद्योगमा राज्यले विशेष अनुदान प्रदान गर्न चाहन्छ ।

● गलैंचा, तयारी पोशाक, थाङ्का, काष्ठ र

मूर्तिकला जस्ता श्रम शीपमा आधारित निर्यातमूलक उद्योगहरूलाई विशेष सुविधा प्रदान गर्न चाहन्छ ।

● नेपाली उद्योगहरूलाई संरक्षित गर्न भारतसँगको खुला सिमाना तत्काल नियन्त्रित र व्यवस्थित गर्न चाहन्छ ।

### ने.म.कि.पा.

● कृषिसँग सम्बन्धित र कृषि उत्पादनबाट हुने रोगजारमूलक घरेलु र ससाना उद्योगहरूलाई प्राथमिकता दिन चाहन्छ ।

● स्वदेशी उद्योगको संरक्षणको लागि सहुलियतपूर्ण ऋण, कच्चा मालमा भन्सार सहुलियत र बैंक ब्याजमा सुविधा दिन चाहन्छ ।

● देशको दुर्गम र उत्तरीक्षेत्रतिर फलफूल प्रशोधन, जडीबूटी र पशुजन्य उद्योगको स्थापना गरिनु पर्छ र त्यहाँ पर्यटन उद्योग विकास गर्नु पर्छ भन्ठान्छ । यस निम्ति ती ठाउँमा यातायातको विकास गरिनु पर्छ भन्ठान्छ ।

● जडीबूटी प्रशोधन र औषधि कारखाना जडीबूटी प्राप्त हुने क्षेत्रमै स्थापना गर्नु पर्छ भन्ठान्छ ।

● अत्याधुनिक प्रविधियुक्त उद्योगहरूको निम्ति बहुराष्ट्रिय प्रविधिहरूलाई समेत आवश्यक नियन्त्रणका साथ भित्र्याउन चाहन्छ ।



**जनभेला र सभाहरुको बढ्दो क्रमः** काठमाडौं क्षेत्र नं. ४ का चर्चित स्वतन्त्र वाम उम्मेदवार पद्मरत्न तुलाधर चुनावी सभालाई सम्बोधन गर्नुहुँदै ।

## कुन पार्टी मजदूरहरुलाई शोषणबाट मुक्त पार्न कस्तो हक र संरक्षण दिन चाहन्छ ?

### नेपाली कांग्रेस

● श्रम ऐन र ट्रेड युनियन ऐनमा भएका कमी कमजोरीहरूलाई संशोधन र परिमार्जन गर्न चाहन्छ ।

● आउँदो संसदमा मजदूरहरूलाई सामाजिक सुरक्षाको प्रत्याभूति दिने विधयेकलाई राष्ट्रिय सहमतिका आधारमा पास गर्न चाहन्छ । पूँजीपतिको शोषण उत्पीडनबाट मजदूरलाई मुक्त गर्नका लागि कुनै प्रस्ट हक र संरक्षण सहुलियतको व्यवस्था ने.का.को घोषणापत्र, २०५६ मा देखिन्न ।

### रा.प्र.पा.

● रा.प्र.पा.को घोषणा पत्र, २०५६ मा मजदूरहरूको शोषणबाट मुक्तिका निम्ति कुनै पनि हक र संरक्षण सहुलियतको व्यवस्था गरिएको देखिन्न ।

### ने.क.पा. (एमाले)

● श्रम बजारमा ठेक्का प्रथा र करार श्रमको प्रचलनले मजदूरहरूलाई पार्ने नकारात्मक प्रभाव निस्तेज पार्न मजदूरहरूको अधिकार सुनिश्चित पार्ने श्रम कानूनलाई सुदृढ बनाउन चाहन्छ ।

● 'एक ऐन वहु नियम' को सिद्धान्तका आधारमा श्रम कानूनमा संशोधन र परिमार्जन गरी सारा मजदूरहरूको युनियन आन्दोलनलाई एउटै छातामुनि ल्याउन चाहन्छ ।

● श्रमिकहरूको न्यूनतम ज्याला तय गर्ने भरपर्दो प्रणाली स्थापित गर्न चाहन्छ ।

● मजदूरहरूलाई पेन्सन, स्वास्थ्य उपचार र काममा हुने जोखिमबाट सुरक्षा प्रदान गर्न सामाजिक सुरक्षा कानून निर्माण गर्न चाहन्छ ।

### ने.क.पा. (माले)

● विद्यमान मजदूर सम्बन्धी कारखाना ऐन खारेज गर्न चाहन्छ । त्यसको सट्टामा क्षेइ ले दिएको मजदूरहरूको अधिकार र सुविधाहरूको संरक्षण गर्न नयाँ ऐन निर्माण गर्न चाहन्छ ।

● मजदूरहरूको न्यूनतम वेतन जीवनयापन गर्न पुग्ने गरी निर्धारण गर्न चाहन्छ र महँगीको अनुपातमा वेतनमा वृद्धि गर्न चाहन्छ ।

● महिला मजदूरहरूलाई राती काममा लाउन निषेध गर्न चाहन्छ । बँधुवा मजदूर प्रथा बाल श्रममाथि प्रतिवन्ध लगाउन चाहन्छ । मजदूरहरूको संरक्षणको लागि श्रम अदालत गठन गर्न चाहन्छ । श्रमिकहरूको समस्या हल गर्न व्यवस्थापक, मजदूर र सरकारी प्रतिनिधि समेतको उच्चस्तरीय अधिकार संपन्न त्रिपक्षीय आयोग बनाउन चाहन्छ ।

● श्रमिकहरूको उपचारका लागि सरकारी अस्पतालमा निश्चित सीट आरक्षण गर्न र उनीहरूको शिक्षा, स्वाथ्य र जीवन स्तरका लागि विशेष कार्यक्रम ल्याउन चाहन्छ ।

### रा.ज.मो.

● वर्तमान श्रम ऐनको सट्टामा मजदूरहरूको पक्षपोषण गर्ने नयाँ श्रम ऐन निर्माण गर्न चाहन्छ ।

● मजदूरहरूलाई मानवोचित वेतन र ज्याला निर्धारण गर्न चाहन्छ ।

### स.ज.मो.

● मजदूरहरूको ज्याला उनीहरूको जीवन निर्वाहका लागि पर्याप्त पार्न चाहन्छ ।

● उद्योग व्यवसाय, यातायात, कृषि, घरेलु कामदार सबै क्षेत्रका मजदूरहरूलाई आफूखुशी ट्रेड युनियन गठन गर्ने अधिकार प्रदान गर्न चाहन्छ ।

● प्रत्येक मजदूरहरूलाई निश्चित अवधिपछि स्थायी हुन, संचयकोष, उपदान र पेन्सन पाउने अनिवार्य व्यवस्था गर्न चाहन्छ ।

● खतरापूर्ण क्षेत्रमा काम गर्ने मजदूरहरूको निशुल्क उपचार र निशुल्क वीमाको व्यवस्था गर्न चाहन्छ ।

● उद्योगहरूको संचालन र व्यवस्थापनमा मजदूरहरूको सहभागिता रहने, र निश्चित समयपछि मजदूरले वर्किङ्ग शेयर प्राप्त गर्ने व्यवस्था गर्न चाहन्छ ।

● विदेशी मजदूरहरूलाई वर्क परमीट व्यवस्था लागु गर्न चाहन्छ ।

● उद्योगहरूमा शिशु स्याहार केन्द्र, चमेनाघर र शौचालयको प्रवन्ध गर्न चाहन्छ ।

### ने.म.कि.पा.

● मजदुरहरूलाई उचित ज्याला र सबै सुविधाहरू दिन चाहन्छ । उनीहरूको कामको र अधिकारहरूको ग्यारेण्टी दिन चाहन्छ । (तर अधिकार के के हुन् घोषणा पत्रमा स्पष्ट छैन)

● कारखाना व्यवस्थापनमा मजदुरहरूलाई प्रतिनिधित्व गराउने ऐन बनाउन चाहन्छ ।

● श्रमको अनुपातमा मजदूरको ज्याला किटान गर्न चाहन्छ ।

● औद्योगिक प्रतिष्ठान नजिकै मजदूर वस्ती र स्वास्थ्य उपचारको निःशुल्क बन्दोबस्त गर्न चाहन्छ ।

## कुन पार्टी महिलाहरुलाई कस्तो अधिकार दिन चाहन्छ ?

### नेपाली कांग्रेस

● महिलाहरूलाई पैतृक संपतिमा समान अधिकार दिलाउने संसदमा प्रस्तुत वर्तमान विधयेकलाई आगामी संसदमा पास गराउन

चाहन्छ ।

● थप नयाँ हकको कुरा घोषणापत्रमा उल्लेख देखिन्न ।

● सरकारी सेवाहरूमा महिलाहरूको लागि निश्चित कोटाको व्यवस्था गर्न चाहन्छ ।

### रा.प्र.पा.

● रा.प्र.पा.को घोषणा पत्र, २०५६ मा महिलाहरूको निम्ति कुनै हकको उल्लेख गरिएको छैन ।

### ने.क.पा. (एमाले)

● पैतृक संपतिमाथि महिलाहरूको समान हक कायम गराउन चाहन्छ ।

● महिला पुरूषवीच सबै क्षेत्रमा समान कामको लागि समान ज्यालाको हक प्रभावकारी रूपमा लागु हुने व्यवस्था गर्न चाहन्छ ।

● सरकारी, गैर सरकारी श्रेस्ता, नागरिकताको प्रमाण पत्र, पासपोर्ट, आदिमा आमा वा पत्नीको नाम पनि अनिवार्य उल्लेख गर्ने व्यवस्था गर्न चाहन्छ ।

● महिला पुरूष वीच सबै प्रकारको सामाजिक विभेद अन्त गर्न चाहन्छ । राजकीय र सामाजिक निकाय लगायत नीति निर्माणको हरेक क्षेत्रमा महिलाको सहभागिता वढाउने व्यवस्था गर्न चाहन्छ ।

● महिलाहरूलाई आर्थिक रूपले आत्मनिर्भर वनाउन विशेष कार्यक्रम संचालन गर्न चाहन्छ ।

### ने.क.पा. (माले)

● पैतृक संपतिमा छोरा सरह छोरीलाई पनि समान हक स्थापित गर्न चाहन्छ ।

● महिला र पुरूषवीच समान कामको लागि समान ज्यालाको परिपाटी स्थापित गर्न चाहन्छ ।

● महिला र पुरष वीचका सबै सामाजिक भेदभावको अन्त्य गरी हरेक क्षेत्रमा अधिकार, अवसर र सम्मानको समानताको ग्यारेण्टी गर्न चाहन्छ ।

● राजनीतिक, आर्थिक, र सामाजिक जीवनका साथसाथै नीति निर्माणको हरेक क्षेत्रमा महिलाहरूको सक्रिय सहभागीता वढाउन उनीहरूलाई सशक्तीकृत पार्न चाहन्छ ।

● महिलाहरूलाई आर्थिक रूपमा स्वावलम्वी वनाउने विशेष कार्यक्रम संचालन गर्न चाहन्छ ।

### रा.ज.मो.

● महिलाहरूलाई संपतिमाथि पुरूष सरह अधिकार दिन चाहन्छ ।

● महिलाहरूको हक हितका लागि प्रभावशाली प्रकारले काम गर्न विशेष पारिवारिक अदालत गठन गर्न चाहन्छ ।

● महिलाहरूले गर्भपतन गर्न पाउने कानून बनाउन चाहन्छ ।

### संजमो

● महिलाहरूमाथि भइरहेको सम्पूर्ण कानूनी भेदभाव अन्त गर्न चाहन्छ ।

● महिलाहरूलाई छोरा सरह पैतृक सम्पतीमा समान हक दिन छुट्टै कानूनको प्रवन्ध गर्न चाहन्छ ।

● विवाह, संवन्ध विच्छेद र गर्भपतनलाई महिलाहरूको मौलिक हक बनाउन चाहन्छ ।

● महिलाहरूको लागि समान कामको लागि समान ज्यालाको सिद्वान्तलाई व्यवहारमा कडाइपूर्वक लागु गर्न चाहन्छ ।

● महिलाहरूको हक हित सुनिश्चित गर्न पारिवारिक विवाद, भैभगडा र मुद्दामामिला हेर्न छुट्टै पारिवारिक अदालत गठन गर्न चाहन्छ ।

### ने.म.कि.पा.

● महिला समानताको लागि ने.म.कि.पा महिला जागरण र शिक्षामा जोड दिन चाहन्छ ।

● अशिक्षित र असचेत महिलाहरूको हातमा समपतिको अधिकार दिइयो भने पारिवारिक कलह र विकृति वढ्छ भन्ठान्छ ।

● महिलाहरू स्वयम् शिक्षत भएर हक अधिकारको लागि नउठेसम्म महिला समानताको कुरा पुस्तकको पानाभित्रै सीमित हुन्छ भन्ठान्छ ।

● शिशुशाला र वालोद्यानको व्यापक प्रसारले महिलाहरूले रोजगारीको अवसर पाउँछन् भन्ठान्छ ।

## विभिन्न जनजाति, भाषाभाषी र धर्मावलम्वीलाई कुन पार्टी कस्तो अधिकार दिन चाहन्छ ?

### नेपाली काग्रेस

● ने.का.को घोषणापत्र, २०५६ मा उत्पीडित जनजाति, भाषाभाषीहरूको निम्ति अहिले दिईरहेभन्दा थप कुनै हकको उल्लेख गरिएको छैन ।

● "ने.का. प्रजातन्त्रवादी पार्टी भएकोले पार्टीभित्र मात्र जातीय उत्थान, संरक्षण एवं सदभाव संभव छ " भनेर घोषणा पत्रमा भनिएको छ ।

● अल्पसंख्यक धर्मावलम्वीहरूलाई धार्मिक स्वतन्त्रता दिन र त्यसको रक्षा गर्न चाहन्छ ।

### रा.प्र.पा.

● रा.प्र.पाको घोषणापत्र, २०५६ मा पनि उत्पीडित धर्मावलम्वी जनजाति र भाषाभाषीहरूको लागि थप नयाँ छुट्टै अधिकारको उल्लेख गरिएको छैन ।

● उनीहरूलाई राष्ट्रिय मूलधारामा समेटेर सबैको उत्थान र समानुपातिक विकास गर्ने कुरा मात्र उल्लेख गरिएको छ ।

सरकारले दिने शैक्षिक छात्रवृत्तिमा उत्पीडित जनजातिलाई ४० प्रतिशत कोटा छुट्याउने कुरा गरिएको छ ।

### ने.क.पा. एमाले

● जाति, जनजाति, भाषा, धर्म संस्कृतिको क्षेत्रमा रहेका संपूर्ण भेदभाव अन्त गर्न चाहन्छ । सबै जाति, जनजाति, भाषा र धर्माबलम्वीहरूलाई समान अधिकार र अवसर हुने कानूनी व्यवस्था गर्न चाहन्छ ।

● सबै नागरिकले आफ्नो मातृभाषामा शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्न चाहन्छ ।

### ने.क.पा. (माले)

● जाति, जनजाति, भाषा, धर्मका क्षेत्रमा रहेको पक्षपातपूर्ण प्रावधानलाई संशोधन गर्न चाहन्छ । सबै जाति, जनजाति भाषा र धर्मलाई समान अधिकार दिन चाहन्छ ।

एक जाति, एक भाषा, एक धर्म विशेषाधिकारको अन्त गर्न चाहन्छ । सबैलाई पूर्ण धार्मिक स्वतन्त्रता दिन चाहन्छ ।

● राज्य धर्म निरपेक्ष हुनुपर्छ भन्ठान्छ ।

● राष्ट्रिय सभालाई "जातीय सभा" मा रूपान्तरित गर्न चाहन्छ ।

● जातिय भौगोलिक विशिष्टता भएका जिल्ला वा क्षेत्रमा आत्मनिर्णयको अधिकार अन्तर्गत स्वायत्त शासनको अधिकार दिन चाहन्छ ।

### राजमो

● जनजाति र अल्पसंख्यक जातिको उत्थानको निम्ति उनीहरूको अधिकार भएको ठाउँमा स्थानिय स्वायत्त शासन दिन चाहन्छ ।

● जनजातिका भाषा र संस्कृतिमाथि गरिएको भेदभाव अन्त गर्न चाहन्छ ।

● नेपाललाई हिन्दू राज्य घोषित गर्ने संवैधानिक प्रावधान खारेज गर्न चाहन्छ र नेपाललाई धर्म निरपेक्ष राष्ट्र घोषित गर्न चाहन्छ ।

### संजमो

● जातजाति र धार्मिक समुदाय वीच भेदभाव राख्ने संपूर्ण संवैधानिक र कानूनी प्रावधान अन्त गर्न चाहन्छ । कुनै एक भाषालाई राष्ट्रभाषा र कुनै एक धर्मलाई राष्ट्र धर्म मान्ने व्यवस्था तुरून्त खारेज गर्न चाहन्छ ।

● विभिन्न जाति एवं जनजातिलाई जातिय स्वायत शासनको अधिकार दिन चाहन्छ ।

● नेपाललाई धर्म निरपेक्ष राष्ट्र घोषणा गर्न चाहन्छ ।

● राष्ट्रिय सभालाई जातीय सभा वनाइनुपर्छ । त्यहाँ हरेकलाई आफ्नो भेषभूषामा प्रस्तुत हुने हक हुनुपर्छ ।

### ने.म.कि.पा.

● ने.म.कि.पा.को घोषणापत्र २०५६ मा, उत्पीडित जनजातिको र भाषाभाषीको थप नयाँ अधिकार बारे केही उल्लेख गरेको पाइन्न ।

● साँचो अर्थमा विकेन्द्रिकरण र स्वायत्तताको कार्यान्वियनले सबै जनजातिको र भाषभाषीको समुचित विकास हुन्छ भन्ने सोच ने.म.कि.पा. राख्छ ।

ने.म.कि.पा. सबैको भाषा विकास गर्न सकारले अगुवाई गर्नु पर्छ भन्ठान्छ ।

*स्रोतः* प्रत्येक पार्टीका २०५६ सालका चुनावी घोषणापत्रहरू (रा.प्र.पा.(चन्द) को घोषणापत्र पाउन संभव भएन । तसर्थ यहाँ समावेश गरिएको छैन ।

विभिन्न जनजाति, भाषाभाषी र धर्मावलम्वीलाई कुन पार्टी कस्तो अधिकार दिन चाहन्छ ?

## आवरण कथा

# नेपाली जनता किन क. मनमोहनप्रति यति ज्यादा संवेदनशील छ ?

◆ १० पेजको बाँकी

भावी सरकारको आशा जनतामा जगाइरहेको थियो । अब त्यस्तो गर्न सकिने छैन । भ्रष्ट छवि नभएको अर्को भावी प्रधानमन्त्री को ? त्यो देखाउन एमालेलाई सारै गाह्रो हुनेछ ।

आम जनताको स्तरसम्म पनि निकै लोकप्रिय व्यक्ति अहिले एमालेमा उहाँ मात्रै हुनुहुन्छ । क. मदन भण्डारीको मृत्युपछिको स्थितिमा अर्को त्यस्तो व्यक्ति एमालेमा देखिन्न । यस्तो व्यक्ति जनताको उपस्थितिबाट हट्दा सिंगै एमालेको लोकप्रियतामा ऱ्हास आउन संभव छ ।

यसबाट एमालेमा नेतृत्वको संकट पनि सिर्जना हुनसक्ने देखिन्छ । अहिलेसम्म क. मनमोहनको उपस्थितिले एमालेमा देखिईरहेको नेतृत्वको टकरावलाई केही हदसम्म मत्थर पार्ने काम गरिरहेको थियो । उहाँको उपस्थितिको अभावमा यो टकराव बढ्न सक्ने संभावना छ । अध्यक्ष पद नै एमालेको निम्ति घाँडोको विषय हुने संभावना छ ।

काठमाण्डौं १ नं. र ३ नं. क्षेत्रमा एकातिर श्रद्धा र सहानुभूतिको मत पनि आउने संभावना देखिन्छ, अर्कोतिर , उहाँ नै संसदमा अनुपस्थित रहने भएपछि के गर्ने, भनेर निकटस्थ अर्को राम्रो व्यक्तिलाई मत जान सक्ने संभावना देखिन्छ ।

एमालेको संगठन विस्तारमा भने उहाँको अनुपस्थितिले खासै ठूलो असर राख्ने देखिन्न, किनकि क. मनमोहन पार्टीभित्र सिद्वान्त-निर्देशक र संगठनकर्ताको रूपमा हुनुहुन्थेन ।


यी जम्मैको निष्कर्षमा के भन्न सकिन्छ भने , क. मनमोहनको सक्रिय राजनीतिमा अनुपस्थितिबाट देश र एमालेमा अतुलनीय अभावको अनुभूति हुनेछ ।

◆हाम्रा राजनीतिक विश्लेषक



नेकपा एमालेको पाँचौं महाधिवेशनमा क. मदन भण्डारी, जीवराज आश्रित, झलनाथ खनाल, मोदनाथ प्रश्रित र सहाना प्रधानकासाथ मनमोहन अधिकारी

◆



विगतको कुनै समय : क. मनमोहन अधिकारी आफ्ना दाजुभाईहरुका साथ

◆




खुलामञ्चमा राखिएको क. मनमोहनको शवमा फूल चढाउन पंक्तिवद्ध जनताहरु

◆

# उहाँको इमान्दारितामा शंका गर्ने कुनै ठाउँ छैन

◆ – प्रा.माणिकलाल श्रेष्ठ

*– नेपाली कम्युनिष्ट आन्दोलनमा स्व. क. मनमोहन अधिकारीको कस्तो भूमिका रह्यो ? यसमा तपाईंको मूल्याङ्कन के छ ?*

नेपालको कम्युनिष्ट आन्दोलनमा क. पुष्पलालपछि सबभन्दा बढी योगदान सायद क. मनमोहनकै होला । शुरूदेखि अन्त्यसम्म नै अनवरत रूपमा कम्युनिष्ट आन्दोलनमा लागेर आउनु भएका ज्यादै थोरै नेताहरू ,तीन चार जना, जस्तो कि- पुष्पलाल, मनमोहन, तुल्सीलाल, शम्भुराममध्ये उहाँ एक जना हुनुहुन्थ्यो ।

हुन त संस्थापकहरू अरू पनि छन्, जस्तो कि -क.निरन्जन गोविन्द बैद्य , क. नरबहादुर कर्माचार्य । तैपनि सबभन्दा बढी योगदान हुनेहरूमा ती चारजनालाई नै म देख्दछु ।

स्व. क. मनमोहनसँगै मेरो व्यक्तिगत सम्बन्धको अनुभव पनि रहेको छ । २०१७ सालमा गिरफ्तार भई जेल पर्दा तीन वर्षसम्म हामीहरू दुबै जना एउटै कोठामा थुनियौं । त्यो पनि कस्तो बेलामा भने ,एक वर्षसम्म कोठाबाट बाहिर निक्लन नपाउने भएकोले चौबीसै घण्टा एउटै कोठाभित्र नै हामी बस्थ्यौं । त्यो अबस्थामा एकले अर्कोको सबल र दुर्बल दुबै पक्ष देख्ने मौका प्राप्त भयो । कम्युनिष्ट आन्दोलनतिरको मेरो राजनीतिक जीवनमा सायद् सबभन्दा बढी सम्पर्क भएका व्यक्तिहरू क. पुष्पलाल, क. मनमोहन र क. शम्भुराम नै हुन् । यो स्थितिले पनि क. मनमोहनकाँ कमजोरीहरू भन्न मलाई गाह्रो छ । किनकि ज्यादै निकट हुंदा पनि कमजोरीहरू कोट्याउन गाह्रो हुन्छ । तैपनि २०१७ सालदेखि २०३६ सालसम्म, जनमत संग्रह घोषणा हुनु अगाडिसम्म हामीले संगै काम गर्‍यौं । त्यसपछि हामीले अलग अलग बाटो लियौं । हुन त उहाँसँग पछिल्लो चरणमा मेरा केही मतभेद पनि रहे । यी त अर्कै कुरा हुन् ।

यी सबैका बाबजूद पनि, मैले उहाँसँग देखेको कुरा भनेको उहाँको इमान्दारिता (स्वच्छ) मा शंका गर्ने कुनै ठाउँ छैन । उहाँ कम्युनिष्ट आन्दोलनका एक अभिबल व्यक्तित्व हुनुहुन्थ्यो । भ्रष्टाचारले छुन नसकेको व्यक्ति हुनुहुन्थ्यो । राजनीतिमा षडयन्त्र र गुटबन्दीबाट उहाँ अलग हुनुहुन्थ्यो । हुन त उहाँको कमजोरीले गर्दा कहिलेकाहीं उहाँ त्यस्तो गुटबन्दीमा पर्नु पनि हुन्थ्यो, तर उहाँ आफैंको पहलमा त्यस्तो काम भएको छैन ।

उहाँको कमजोरी भनेको , उहाँले जे सोच्नुहुन्थ्यो, त्यो कार्यान्वयनमा उहाँ ल्याउन सक्नुहुन्नथ्यो । जस्तो, भर्खरै एमाले र मालेको फुट भयो र अहिलेको पछिल्लो समयमा माले सरकारबाट निस्किसकेपछि कांग्रेसइतर शक्तिको सरकार बन्नसक्ने जुन स्थिति आएको थियो, त्यसमा उहाँले कुनै पहल गर्न सक्नुभएन ।

> उहाँ कम्युनिस्ट आन्दोलनका एक स्वच्छ व्यक्ति हुनुहुन्छ ।

जहाँसम्म उहाँसंग मेरो व्यक्तिगत सम्बन्ध छ , मसँग भएको व्यक्तिगत कुराकानीको आधारमा म के भन्छु भने, उहाँ त्यो फुटको पनि विरोधमा हुनुहुन्थ्यो र त्यति मात्र नभई, कांग्रेसइतर शक्तिको सरकार बन्नुपर्छ भन्ने पनि उहाँको धारणा रहेको थियो । तर, उहाँले त्यो कार्यान्वयन गर्न सक्नु भएन । यो उहाँको कमजोरी हो ।

समग्र रूपमा हेर्दा, नेपालको कम्युनिष्ट आन्दोलनमा संगठनको क्षेत्रमा उहाँ कमजोर देखिनुहुन्थ्यो । उहाँले संगठन त्यति राम्ररी गर्न सक्नुभएन । तर, संघर्षमा लागीरहने, कहिल्यै नभुक्ने, आदर्शको निम्ति जस्तोसुकै दुख पनि भेल्न सक्ने र त्यति मात्र होइन, भ्रष्टाचार र अन्य नराम्रो व्यक्तिगत चरित्र नभएको व्यक्तिको रूपमा उहाँ रहनु भएको थियो ।



२०५४ सालको दशैंमा गोल्फुटारस्थित आफ्नै घरमा श्रीमती साधना, बुहारी शान्ति, छोरा प्रकाश र नातिनी र नातिका साथ क. मनमोहन अधिकारी

# क. मनमोहन : गोठाटारदेखि शिक्षण अस्पतालसम्म

क. मनमोहन अब हामीबीच रहनु भएन । देशका १६ जना विशिष्ट विशेषज्ञ डाक्टरहरूको हप्तादिन लामो अथक प्रयत्नका बावजुद र विदेशी विशेषज्ञ समेतको कोसिसका बावजुद , त्रिविवि शिक्षण अस्पतालको सघन उपचार कक्षमा यही वैशाख १३ गते सोमबार बिहान २:३२ बजे वेहोश अवस्थामै उहाँको निधन भयो ।

पारिवारिक सूत्रका अनुसार दुर्घटना घटेको दिन बैशाख ६ गते विहानैदेखि क. मनमोहन स्वस्थ हुनुहुन्थेन । बिसंचो बेसी नै भएको अनुभूति गरेर उहाँले उठ्ने वित्तिकै त्यो दिनको कार्यक्रम रद्द गरीदिन आफ्ना पी.ए. केशव बास्कोटालाई भन्नुभएको थियो । स्थानीय एमाले सूत्रका अनुसार डा. अरूण सायमीले पनि त्यो दिन अस्पतालमा जानु पर्ने हुनाले कार्यक्रममा नजाने सल्लाह उहाँलाई दिनुभएको थियो । तर कार्यक्रममा आयोजकले घरैमा लिन आएपछि र लिन आएका आयोजकले विशेष आग्रह गरेपछि उहाँले 'नाइँ म जान्न' भन्न सक्नु भएन । किनकि, कार्यकर्तालाई निराश पार्ने उहाँको स्वभाव पनि थिएन । फलस्वरूप बिसंचोका बावजूद पनि उहाँ कार्यक्रममा जान तयार हुनु भयो ।

यसरी कार्यक्रममा जाँदा उहाँ अक्सिजन लिएर मात्र जाने गर्नु हुन्थ्यो । तर त्यो दिन घरमा अक्सिजन सिद्धिएको वेला परेको थियो । ड्राइभर उहाँलाई लिन सबेरै गाडी लिएर आइपुग्दा अक्सिजन नभएको थाहा पाएपछि बालाजुमा भाजुरत्नको कार्खानामा अक्सिजन लिन गएका थिए । तर अक्सीजन लिएर उनी आइपुगी कोठामा ग्यांस राखेर बाहिर निस्कदाँ उहाँ लुगा लाएर तम्तयार भै गाडीमा बसीसक्नु भएको थियो, र अक्सिजन नलिइकन नै उहाँ कार्यक्रममा हिंड्नु भयो ।

काठमाण्डौं क्षेत्र नं. १ गोठाटार गाविसको वडा नं. ६ मा त्यस दिन एमालेको चुनावी सभा थियो । सभामा सहभागी हुन विहान ८.३० बजे क. मनमोहन अधिकारी त्यहाँ पुग्नु भयो । सो सभाका प्रमुख अतिथि मनमोहन अधिकारीले करिब ९.१५ देखि ९.५०

# पाठकको कुरो

## बहराइनबाट पुनर्गठनका बारे

म मूल्यांकनको नियमित पाठक हुँ । मूल्यांकनको हालसम्ममा जति पनि अकंहरू प्रकाशन भए, ती सबै अँकहरू करीव करीब मसंग छन् । तर हाल म रोजगारीको सिलसिलमा बहराइनमा छु । यहाँ पनि ढीलो गरी भए पनि मूल्यांकन मासिक पाईदोरहेछ, ज्यादै खुशी लाग्यो । दुई चार वटा अंकहरू मैले यहाँ पढ्न पाइनं । मैले यहाँ ढीलो गरी भए पनि पूर्णांक ६३ पढ्ने मौका पाएँ । यस अंकमा श्याम श्रेष्ठले लेख्नु भएको आवरण कथा 'के नेपाली कम्युनिष्ट आन्दोलनलाई नयाँ ढंगबाट पुनर्गठित गर्नु जरूरी छ ?' भन्ने विषयमा ६ जना दिग्गजहरूको अन्तर्वार्ता तथा कुराकानी पढें । त्यो लेख अति सान्दर्भिक तथा सही दृष्टिकोणयुक्त भएकोले म उहाँहरूलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु । कम्युनिष्टका मेरा गुरूहरू, हाल ठूला ठूला नेता भनौदाहरू छन् । तर ती नेताहरू हामी जस्ता गरीब तथा सर्बहारा वर्गको साथी नभएर सुवर्णसम्सेर जस्ताका साथी भएको देख्दा हामी जस्ता व्यक्तिहरू सारै नै दुखित् तथा चिन्तित छौं । त्यसकारण, यस्ता लेखहरू बारम्बार प्रकाशन भएमा हामी जस्ता गरीबहरूलाई हौसला तथा ती नेताहरूलाई वैचारिक थप्पड मिल्ने थियो । कम्युनिष्ट सिद्धान्तअनुरूप हाम्रा नेताहरू भैदिएको भए, नेपालको कम्युनिष्ट आन्दोलन छिट्टै नै सफल हुने थियो होला । तर त्यसो भएन । अब सही सिद्धान्त भएका कम्युनिष्टहरू भएर पुर्नगठन गरी आन्दोलनलाई अघि बढाउन सकिन्छ कि ? नत्र, नेपालमा हामी जस्ता गरीब तथा सर्बहाराको साथी कोही हुनेछैन ।

लक्ष्मीकुमार श्रेष्ठ
डडुवा गा.वि.स. -४, सुर्के
रामेछाप । हालः बहराइन

## आदि रायमाझी..

नवर्ष २०५६ को शुभकामना ! पूणांर्क ६५ समयमै पढ्ने मौका पायौं । सवै लेखहरू राम्रा हुंदाहुँदै पनि विमल निभाले लेखेको लेख 'आदि रायमाझी र इत्यादि रायमाझी ' भन्ने व्यङ्गयलेखले थरीथरीका रायमाझीहरूलाई पक्कै मुखैभरी जवाफ दियोहोला । नेपथ्यमा सुरक्षित र अप्रकट रायमाझीहरू अझै सवै पार्टीमा, विशेषगरी, कम्युनिष्ट पार्टीमा छन् । वामहरू विभाजित हुनुको मूल कारण पनि आदि रायमाझी र इत्यादि रायमाझीहरूले गर्दा नै होला ।

-सागर गैरे र दिलीपकुमार भट्ट
कोहलपुर

## वामतालमेल र प्रश्नहरू

अंक ६४ को वामतालमेल बारेको लेख नेपाली वामपन्थीहरूको फुटको स्थितिमा विभिन्न बामपन्थी भनाउँदा अवसरबादीहरूलाई अति राम्रो र सत्बुद्धि दिनसक्ने खुराकी भएको महसूस गरें । यसबाट ख्याल गरी समयमैं बुद्धि पुऱ्याएर वामतालमेल गर्न सकेमा कम्युनिष्टबाट केही हुनसक्छ भनी आशाबादी भएका गरीब नेपाली जनताहरूलाई राहत मिल्नसक्ने थियो । नत्रभने 'भाइ फुटे गबाँर लुटे' को स्थिति हुनेछ ।

त्यस्तै, अंक ६५ को 'भोटदिनु अघि उम्मेदवारहरूलाई सोध्नुपर्ने प्रश्नको पेटारो,' 'आगामी चुनावमा नेपाली जनताले के गर्नुपर्ला ? भन्ने प्राज्ञ दिपक ज्ञावालीको प्रस्तुतिमा छलफल : यी लेखहरू अति उत्तम र समयसापेक्ष भएको ठानें । प्रजातन्त्रपछिको नौ बर्षभित्रमै नेपाललाई यहाँका शासकहरूले घाँटीसम्मको दलदलमा डुवाईसकेका छन् । यसबाट उद्धार गर्नका लागि अबको चुनावमा देशका बिभिन्न समस्या र समाधानका बारेमा सबै उम्मेदवारहरूलाई प्रश्नहरू सोधी सही प्रतिनिधि मात्र छानेर पठाउन सकेमा देशको उन्नति संम्भव छ, अन्यथा के हुनेछ भन्न गाह्रो छ । साथै ,विभिन्न बुद्धिजीविहरूको छलफल -अन्तर्क्रियाबाट नेपाली जनतालाई सचेत गराउन गरिएको प्रयत्न अति सह्रानीय र अत्यावश्यक छ ।

-मुक्त गिरी 'विश्वास'
मोतिपुर-२,कपिलबस्तु

## गतांकः समग्रमा

अंक ६५ को उल्लेखनीय पक्ष भनेको आगामी निर्वाचनमा सयौं हण्डर खाएका हामी नेपाली जनताले मौसमी उम्मेदवारसमक्ष साहसका साथ कसरी सवालहरू राख्ने भन्ने नै हो । आसन्न महानिर्वाचनमा जनताको आशाको केन्द्र वामशक्तिमा यसपाली पनि एक अर्कोबीच देखिएको शत्रुवत् व्यवहारले फेरि नराम्रो गरी धक्का खाने प्रायः निश्चित नै छ । अझ, मिनी निर्वाचन स्व.वि.यू. मा कतिपय ठाउँमा कांग्रेस पक्षले सोचेभन्दा बढी ठाउँमा कब्जा जमाएकोले गर्दा पनि आगामी निर्वाचनमा यसको नराम्रो असर बामशक्तिमा पर्नेछ । क. प्रचण्डको अन्तर्वाताले पनि ने.का.पा. माओवादीको आत्मचित्रकथा देखाएको छ । स्वयं यस हिंसात्मक कार्यवाहीप्रति प्रचण्डको सानो भएपनि आत्मालोचनाले झन प्रष्ट देखाएको छ -हिंसात्मक प्रक्रियाद्धारा प्राप्त भएको आधार-इलाका केवल अस्थायी हुन्छ र कुनै पनि बेला बाह्य आक्रमणद्धारा फेरि जस्ताकोतस्तै हुन्छ भन्ने कुरा ने.क.पा. माओवादीहरूले बुझ्न नसक्नु ज्यादै दुःखको कुरा हो ।

अन्य स्तम्भहरूमा विश्वकम्युनिष्ट आन्दोलन अन्तर्गत पि.के.के. का नेताको गिरफ्तारीको वर्णनले ज्यादै स्तब्ध तुल्यायो । क. निर्मल लामाको जस्तै अन्य नेताहरूको पनि आत्मकथा दिइयोस् । विमल निभाको ब्यंग्य पनि राम्रो छ । र अन्त्यमा, नीति-संस्कृति स्तम्भ नभएकोमा अलि खल्लो लाग्यो ।

-होम थापा
बेगाँडावर -८, धनुषा

## शुभ-कामनासहित

६५ अंकमार्फत् मैले दीपक ज्ञवालीको अर्न्तक्रिया , टर्कीका कुर्द नेता अब्दुल्ला ओकालान, साथै पिपुल्सवार ग्रुपको आन्तिरिक अवस्थाबारेको लेख पढ्न पाएकोमा ज्यादै खुशी लाग्यो ।

यस्तै लेखहरू पढ्न पाइयोस् भन्दै २०५६ को नव बर्षको हार्दिक मगंलमय शुभकामना एंव उत्तरोत्तर प्रगतिको कामना व्यक्त गर्दछु ।

-शेखर घिमिरे
सुन्दरपुर-१, गोठगाउँ
मोरङ, कोशी,

## विशिष्ठ सामग्री

गतांकमा "चुनावमा जनताले के गर्ने ?" भन्ने विषयको अन्तर्क्रिया एकदमै रोचक, उपयोगी र गहन रहेको मैले पाएँ । चुनावबारे सतही बयानबाजीलाई चटक्कै छाडेर 'मूल्यांकन' ले जुन गंभीर सामग्री प्रस्तुत गरेको छ, त्यसलाई नेपालका कांग्रेस-कम्युनिष्ट दुवैले पढ्नु र अध्ययन गर्नु जरूरी छ । यस्ता राम्रा सामग्रीहरू प्रस्तुत गर्ने 'मूल्यांकन' लाई मुरी मुरी धन्यवाद !

-मदनकुमार मैनाली
ताहाचल, काठमाडौं

## क. लामाको बाल्यकाल

'मूल्यांकन' ले क. निर्मल लामाको बाल्यकालबारे उहाँसंग टेपबार्ता गरी प्रस्तुत गर्न थालेकी सामग्री महत्वपूर्ण छ । अरू वाम नेताहरूका स्मरणहरू पनि यसले संगेटोस् ।

-रोजन डंगोल
पाटन ढोका,
ललितपुर

# क. निर्मल लामाको टिप्पणी

आफनो जीवन-कथा लेख्ने क्रममा मैले मेरा बाल्यकालसम्बन्धी केही तथ्यहरू मूल्यांकनमा प्रकाशित गरेको थिएँ । यस विषयमा केही टिप्पणीहरू प्रायशः फोनबाट प्राप्त हुने गरेका छन् । मेरा कतिपय शुभचिन्तकहरूले भने, "हामीलाई किन नाङ्गो पार्छौ ?"

मेरा शुभचिन्तकहरू हो । म तपाईहरूलाई नाङ्गो पार्न पटक्कै चाहन्न । तर बुद्धिमान बाबुको घर, धोबी-घर, दुई नम्बर बंगलाको नोकर घर, दश नम्बर बंगलाको नोकरलाईन, ओठे खोलाको ढुङ्गा, बालुवा, गिद्धे पहाडको गाईको मल, लाल्मुगाई आदि जस्ता तथ्यहरू प्रस्तुत गर्दा तपाईहरू आफू नाङ्गिएको ठान्नु हुन्छ भने मैले पनि सपाट भाषामा भन्नु पर्छ - बुद्धिमान बाबुको घरमा बस्दा हाम्रो चुलोसंगै जोडिएको काठको टांड (खाट)मा हामीले बाल्यकालमा ओड्ने गरेको, बोराले आफ्नो नाङ्गोपना ढाक्नुहोस् । हामी सिरक र डसनामा हुर्केका मानिस त होइनौं भन्ने कुरा मैले बताइरहनु पर्दैन होला ?

हाम्रो आजको समाजले यस्तो सत्य कुरा पचाउन सक्दैन, तसर्थ नलेख ।- तपाईहरूको तर्क यही न हो । समाजले पचाउन सक्ने मात्र लेख्ने र प्रकाशित गर्ने हो भने त हरिकीर्तन गर्न थाले भैहाल्यो नि ! मैले बेहोरेका कुराहरू गोर्की र अस्त्रोब्स्कीको तरिकाले लेख्ने र प्रकाशन गर्ने मेरा यी प्रयत्नहरूलाई कतिपय सम्बन्धित ब्यक्तिहरूले आफैं नाङ्गो भएको र बेइज्जती भएको ठानेर मेरो प्रयत्नलाई रोक्न चाहन्छन् भने मैले पनि सपाट भाषामा भन्न कर लाग्छ - यी सब मेरा आफ्ना जीवनका अनुभवहरू हुन्, मैले मेरा अनुभवहरू लेख्न र प्रकाशित गर्न पाउनुपर्छ ।

मैले आफैंलाई स्पष्ट गर्न रंगको उदाहरण दिन चाहन्छु । कालो र सेतो रंग एक्लाएक्लै भए त्यति सटीक रूपमा देखिन्न । तर यी दुवै रंगलाई छेउ छेउमा राख्नोस् । दुवै रंग सटीक रूपमा उजागर हुन्छ । यो तुलनात्मक तर्कको निष्कर्ष हो ।

अब म फेरि मेरो जीवन विषयमा आऊँ ।

आज म जे छु । त्यो मेरो बाल्यकालको जीवनको बातावरणको देन हो । बर्तमान मेरा जीवनका थोरबहुत जे जति उपलब्धीहरू छन् , ती सब त मेरा बाल्यकालका थालनीहरू हुन् । अब म के सोच्छु भने ,बाल्यकालमा म कुनै ब्यापारी वा उद्योगपति वा त्यस समयको शासक वर्ग अंग्रेजको भक्त भएको भए के हुनेथिएँ होला ? तसर्थ, मेरा शुभचिन्तकहरू हो ! आज म जे जस्तो छु, त्यस्तो बन्नमा मलाई मेरा बाल्यकालका बातावरणहरूले सहयोग गरेका छन् । मेरा यी अनुभवहरूलाई सार्वजनिक गर्दा तपाईहरूको विरोध किन ? बरू मेरो अनुरोध के छ भने, हामी त्यति तलबाट उठेका छौं । त्यस्तो तलबाट पनि मान्छे उठेर माथि पुग्न सक्दोरहेछ र सक्नैपर्छ । नत्र, शोषित पीडितले आफ्नो शासन कसरी र कहिले कायम गर्न सक्छ ?

अब मलाई केही यथार्थ राख्न अनुमति दिनुहोस् ।

म किन ब्यक्तिगत स्वार्थी र पदलोलुप भइनँ ? मेरा शुभचिन्तकहरू हो, मलाई धन सम्पत्ति कमाउने, मन्त्री बन्ने, राजदूत बन्ने, बस-टेक्सी मालिक बन्ने जस्ता लोभहरूबाट सुरक्षित राखेर बर्सौसम्म जेल बस्न केले प्रोत्साहन गऱ्यो ? त्यही ओठें खोलाका ढुङ्गा र बालुवा, त्यही सिस्नो र ढिंडो, त्यही हाम्री आमाको असीम परिश्रम र विश्वास । यी तथ्यहरू मैले प्रकाश गर्दा तपाईहरूको कपाल दुख्छ भने नदुखाउनोस् र निश्चिन्त भएर घोषणा गर्नुस् - खरसाडमा आन्द्राभुडी खाने, बनारसमा वट (आन्द्राभुडी) खाने निर्मल लामा हाम्रो आफन्त होइन , त्यो त तल्लो वर्गको मान्छे हो, हामी त निकै माथिल्लो वर्गका मान्छे हौं ।

◆ **निर्मल लामा**, म्हैपी, बालाजु

सार्थक पत्रकारिताका निम्ति समर्पित एउटा बौद्धिक-वैचारिक अभियान

नव **युवा** मासिक

युवाहरूको मासिक खुराक

तपाई निम्ति पनि उपयोगी !

तपाईका छोराछोरीहरू,

भाइबहिनीहरूको

निम्ति पनि उपयोगी !!

समस्त युवाहरूको निम्ति

उपयोगी !!!




**स्वस्थ, सार्थक, रोचक, ज्ञानबर्द्धक र प्रगतिमुखी, सामग्रीहरुको संगालो !**

❑ के तपाईले किनेर पढ्नुभयो ? ❑ के तपाईले किनेर घर लगिदिनुभयो ? ❑ तपाईले नै लामो समयअघिदेखि खोजिरहनु भएको, प्रतीक्षा गरिरहनु भएको प्रकाशन

❑ *नयाँ अंक हरेक महिना बजारमा आइरहेछ !!*

❑ नेपालमा पत्रपत्रिकाहरू पुग्ने सबै जिल्लाहरू र गाउँहरूसम्म पनि नव युवा पुग्छ ।

◆ सिलुगढी, दार्जिलिंग, सिक्किम, कलकत्ता, नयाँ दिल्ली, गोरखपुर, मद्रास लगायत भारतका विभिन्न स्थानहरू एवं अरब मुलुकहरू, जापान, कोरिया, अमेरिका, हंगकंग, बेलायत, क्यानडा आदि देशहरूमा समेत यो नियमित रूपमा पुग्छ ।

❑ नव युवा रूपी यस अभियानलाई तपाई पनि सघाउनु होस् :-
-नियमिति किनेर पढिदिएर । यसका विशेषताहरू बताएर अरूलाई पनि यो किनेर पढ्न प्रेरित गरेर र प्रतिक्रिया एवं सुझावहरू पठाएर ।
-लेख-रचनाहरू पठाएर । *(अप्रामाणिक र भरपर्न नसकिने मनगढन्त सूचना-स्रोतहरूका आधारमा लेखिएका रचनाहरूको कुनै विश्वसनीयता नहुने हुनाले ज्ञानबर्द्धक लेख-रचनाहरू पठाउँदा विश्वसनीय स्रोतका आधारमा लेखी सो स्रोतहरू पनि खुलाई पठाउन हुन अनुरोध छ ।)*

◆ नव युवामा विज्ञापन दिनु भनेको आफ्नो उत्पादन वा सेवाका लक्षित समूहहरूमा व्यापक रूपले सजिलै पुग्नु हो । यसमा विज्ञापन दिनुहोस् र आफ्नो व्यवसायमा अभिवृद्धि गर्नुहोस् ।

❑ स्मरणीय छ, हामी चुरोट, खैनी, सूर्ति, जुवा र रक्सीको विज्ञापन भने प्रकाशित गर्दैनौं ।

**-अन्तर्क्रिया प्रकाशन प्रा. लि.**

जनमुखी विकाससम्बन्धी अन्तर्क्रिया र सामुदायिक विकासको उत्प्रेरणाका निम्ति प्रकाशित

# वि
# का
# स

**गरिबीसम्बन्धी थप विशेष सामग्रीहरु सहित !**

## गरिबीको राजनीति र राजनीतिको दरिद्रता

❑ सम्पादकीय: गरिबीको राजनीति र राजनीतिको दरिद्रता

❑ प्रवाह: जनस्वास्थ्यप्रतिको खेलवाडको नमूना
-पूर्ण बस्नेत

❑ दलितहरू खुसी भएको दिन !

❑ विचार: हामी मानव अधिकारवादीहरूले गरिबीको 'ग' पनि छोएका छैनौं
-कपील श्रेष्ठ

❑ व्यंग्य: धनी
-विमल निभा

❑ अनुभव: सबैले गरिबलाई नै प्रयोग गर्छन् !
-वासुदेव विष्ट

❑ इतिहास: विदेशीहरूलाई सहयोग दिएको इतिहास मगन्ते शासकहरूले किन बिर्से ?
-डा. सुरेन्द्रबहादुर के.सी.

❑ कविता: यौटा गरिबको राष्ट्रिय गीत
-दुर्गालाल श्रेष्ठ

❑ गाउँघरबाट: मानसिक गरिबी हाम्रो निम्ति ठूलै बाधक बनेको छ
-वीरबहादुर विश्वकर्मा

❑ विसंगति: गरिबी होइन निराशाको युगको अन्त्य आवश्यक
-हेमबहादुर विष्ट

❑ छलफल: गरिबी र शोषण : समाजलाई हेर्ने दुई दृष्टिकोण
-सुवर्ण कपाली

❑ अर्थतन्त्र: गरिबीप्रति को कत्तिको गंभीर छ ?
-दीपेन्द्रबहादुर क्षेत्री

❑ डायरी: पैसा बाँडेर गरिबी घट्दैन !
-तुलसी नेपाल

❑ चिन्तन: नेपालको आर्थिक विकास तथा बढ्दो गरीबी
-डा. मीना आचार्य

❑ विकासे रिपटेछेउ एक पत्र
-खगेन्द्र संग्रौला

❑ चिन्तन: गरिबी- सामुदायिक र राजनीतिक संगठनहरूको दायित्व के हुनुपर्छ ?
-डा .चैतन्य मिश्र

*प्रकाशक:*
**आत्मनिर्भर विकास मञ्च (SLF),**
पो. ब. नं. ७७३१, काठमाडौं ।
फोन: ३३२२४४ ।

मूल्य रु. २०/-

**नयाँ अंक बजारमा उपलब्ध छ !**

MULYANKAN
A magazine for Thought-Interaction
ल.पु.जि.प्र.का. द.नं. ९९/०४९/५० म.क्षे.हु.द.नं. १२/०५१/५२

